# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## ‘शिक्षा समता शुल्क’ र ‘अभिभावक सहयोग’ को नाममा लिइने चर्को शुल्कको अखिल (क्रान्तिकारी) द्वारा विरोध

‘सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त र लोकतान्त्रिक विद्यार्थीहरु एकजुट होऔं ।’
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)
All Nepal National Independent Students Union (Revolutionary)
केन्द्रीय समिति (Central Committee)

काठमाडौं । ‘शिक्षा समता शुल्क’ र ‘अभिभावक सहयोग’ को नाममा लिइने चर्को शुल्कको अखिल (क्रान्तिकारी)ले विरोध गरेको छ । २०८३ श्रावण १ गते एक प्रेस वक्तव्य जारी गर्दै अखिल (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष महेश श्रेष्ठले विरोध गर्नु भएको हो । वक्तव्यमा कक्षा १२ को परीक्षाको नतिजा प्रकाशनको कमजोरी, ओजीटी गरिरहेका विद्यार्थीहरूले स्नातक अध्ययन गर्न पाउने हकबारे समेत बाँकी ७ पेजमा


वर्ष ११ अङ्क ३ पूर्णाङ्क ४७३ | २०८३ साउन ४ गते सोमबार | Monday, 20 July, 2026 | पृष्ठ ८ | मूल्य रू. १० ।-


# राष्ट्रघात र जनघातको चाङ लगाउँदै बालेन सरकार

काठमाडौं । बालेन्द्र साह नेतृत्वको सरकार सहरीया सम्भ्रान्त वर्ग र दलाल पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने सरकार हो भन्ने कुरा आफ्नो सयदिने अवधिमा उसले गरेका काम कारबाहीबाट पुष्टि भइसकेको छ । सरकारको नीति तथा कार्यक्रम, बजेट, मौद्रिक नीति लगायत दैनिक सेवा प्रवाह, प्रधामन्त्री, मन्त्रिहरूको जीवनशैली र कार्यशैलीबाट गरिखाने आम श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायले ‘जुन जोगी आए पनि कानै चिरेको’ भन्न थालेका छन् । यो सरकारले पनि विगत ३५ वर्षका संसदीय शासकहरूका भन्दा फरक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न सकेनन् । बरु विगतका शासकहरूभन्दा अझ बढी स्वेच्छाचारी, निरंकुश, अपारदर्शी, राष्ट्रघाती र जनघाती चिन्तन, सोच र प्रवृत्तिहरू, जीवनशैली र कार्यशैलीहरू प्रदर्शित भइरहेका छन् । प्रधानमन्त्री संसदप्रति उत्तरदायी, जनताप्रति जवाफदेही नहुने, दुई तिहाइको मत हुँदाहुँदै संसद छलेर अध्यादेशबाट शासन चलाउन खोज्ने प्रवृत्ति, संविधान र कानुनविपरीत देशका सबैभन्दा कमजोर, गरिब, सुकुम्बासीहरूलाई राज्यशक्तिको चरम दुरूपयोग गर्दै घरबारविहीन बनाइदिने, सुकुम्बासीहरूका घर टहरा भत्काएर उनीहरूको मानवीय संकट खडा गरी मानवताविरुद्धको अपराध गर्ने, १५ दिनभित्र स्थायी व्यवस्थापन गर्छु भनेर तीन महिनासम्म कुनै ठोस विकल्प नदिने जस्ता असाध्यै असंवेदनशील, अमानवीय र क्रूर फासिवादी हर्कतहरू प्रदर्शन गर्ने कार्यले बालेन्द्र साह नेतृत्वको सरकार गरिखाने श्रमजीवी जनताप्रति कति अनुदार छ भन्ने कुरा स्पष्ट पारेको छ । त्यसमाथि यो सरकारले सय दिनको अवधि गुजार्दै गर्दा बालेनको शासन थेप्न र भोग्न आम जनसर्वसाधरणलाई यति असह्य भएको छ कि गरिखाने श्रमजीवीहरू, साना लगानीका व्यवसायीहरू, बेरोजगार युवाहरूले आत्मदाह गरेर ज्यान फाल्नुपर्ने अवस्थामा पुगेका छन् । यहीबिचमा पाँचजना नेपाली नागरिकहरूले राज्यविहीनताको महसुस गर्दै आत्मदाह गरेर ज्यान गुमाएका छन् । तर राज्य यसप्रति रतिभर पनि संवेदनशील, जवाफदेही र जिम्मेवार देखिएको छैन बरु उल्टो विगतका शासकहरू र अन्य राजनीतिक राजनीतिक पार्टीहरूतर्फ दोष थोपरेर गैरजिम्मेवार चरित्र प्रदर्शन गरिरहेको छ । आफ्नो असक्षमता लुकाउन र आम जनसर्वसाधारणको ध्यान अन्यत्र मोड्न अनेक स्टन्टबाज गरिरहेको छ । र, राज्यसंरक्षित भिजिलान्ते प्रयोग गरेर न्यूरोडमा गरिएको जथाभावी पार्किङ र मिडिया हाउसहरूको गेटमा गरिएको पार्किङले बालेन्द्र साहको शासनलाई देशविदेशमै ‘लफङ्गा तन्त्र’, ‘अनाडी तन्त्र’, ‘फासिवादी तन्त्र’को संज्ञा दिन थालेका छन् ।

***बालेन सरकारको राष्ट्रघात***

बालेन्द्र साहले संसदलाई सम्बोधन गर्ने क्रममा ‘भारतको जमिन नेपालले पनि मिचेको छ’ भन्ने अभिव्यक्ति राष्ट्रघाती अभिव्यक्ति हो । भारतीय विस्तारवादी शासकहरूको चाहना बमोजिम दिएको अभिव्यक्तिको तत्कालै असर देखियो । सुस्तामा जबर्जस्त भारतीय सीमा सुरक्षा बलको एउटा टोली नेपाली भूमिमा पस्यो । र, नेपाली भूमि भारतको भएको दावी गऱ्यो । तर स्वाभिमानी नेपाली सुस्ताबासीले भारतीय सीमा सुरक्षा बललाई लाठी र भाला लिएर लखेटे । उनीहरूले बालेन्द्र साहले संसदमा दिएको अभिव्यक्तिका कारण भारतीय सुरक्षाकर्मीबाट पाएको सास्ती र उक्त राष्ट्रघाती अभिव्यक्तिका विरुद्धमा सुस्ताबासीहरूले सातु सामल बोकेर काठमाडौंको माइतीघरमा आएर विरोध प्रदर्शन पनि गरे । सुस्ताको नेपाली भूमिको सुरक्षाको लागि सरकारसँग माग पनि गरे । तर सरकारले त्यसको ठोस सुनुवाइ गरेन । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाललगायतका पार्टीहरूले पनि विरोध गरे र गरिरहेका छन् ।

त्यसैगरी, भारतीय विस्तारवादी शासक र अमेरिकी साम्राज्यवादी शासकहरूलाई एकैपटक सुशी पार्न बालेन्द्र सरकारले नेपाली सिक्का १ र २ रूपैयाँमा भएको नेपाली नक्सा हटाएर अमेरिकाको लगानी रहेको उपल्लो मुस्ताङमा रहेको गुम्बाको चित्र अंकित गराउने तयारी गरिरहेको छ । पहिलो पटक काठमाडौं जिल्ला प्रशासन कार्यालयमार्फत् औपचारिक (लिखित) निर्णय गराएर चीनको पृथकतावादी नेता दलाई लामाको जन्मदिन मनाउने अनुमति दिएको सरकारको यो कदमलाई पनि भूराजनीतिक दबाब र प्रभावको रूपमा हेरिएको छ । दलाई लामाको जन्मदिवस मनाउन दिने बालेन सरकारले औपचारिक निर्णय गरेपछि अहिले सार्वजनिक रूपमा लुम्बिनीमा दलाई लामालाई भ्रमण गराउनुपर्ने आवाज तिब्बतीयन शरणार्थीहरूले उठाउन थालेका छन् । र, जनजाति नेता भनिने आङकाजी शेर्पाले सबैभन्दा बढी यसको वकालत गरिरहेका छन् । र, केही स्रोतहरूको दावी अनुसार अमेरिका र भारत दुवैले नेपालमा १५ दलाई लामा जन्माउन नेपालमाथि दबाब बढाइरहेको पनि छ । अमेरिकाले दलाई लामाको मृत्युपछि निर्वासित सरकारका प्रमुख ‘सिक्योङ’लाई ‘राष्ट्रप्रमुख’को हैसियत दिलाउने, र, स्वतन्त्र राष्ट्रप्रमुखकै हेसियतमा संयुक्त राष्ट्रमा उपस्थित गराउने गरी नयाँ विधेयक अमेरिकी संसदमा पेश गरेको छ । १५ औं दलाई लामा नेपालमा जन्माउन सफल भएमा ‘नयाँ दलाई लामा’को सुरक्षा, मानव अधिकार लगायतको नाममा अमेरिकी तथा भारतीय सुरक्षा संयन्त्रको उपस्थिति गराउने षड्यन्त्र भइरहेको पनि स्रोतको दावी छ । एसपीपी मार्फत् आफ्नो सैन्य उपस्थिति गराउन चाहेको अमेरिकाले ‘दलाई’ लामाको कार्डलाई नेपालमा सैन्य उपस्थिति गराउने वैकल्पिक उपायको रूपमा प्रयोग गर्ने कोशिस गरिरहेको पनि स्रोतको विश्लेषण छ । यदि यस्ता घटनाक्रमहरू अगाडि बढ्यो भने नेपाल भूराजनीतिक द्वन्द्वको ज्वालामुखीमा परिणत हुनेछ । नेपाल नयाँ युक्रेन बन्न पुग्नेछ । बालेन्द्र सरकारको यो सबैभन्दा ठूलो राष्ट्रघात साबित हुनेछ ।

***बालेन सरकारको जनघात***

**१. फुटपाथ र साना व्यवसायीमाथि बर्बरता: श्रमको अवमूल्यन**

बालेन सरकारको सबैभन्दा बढी आलोचित पक्ष भनेको महानगर प्रहरी लगाएर साना र फुटपाथे व्यवसायीमाथि गरिने धरपकड हो । बेलुकीको समयमा चार पैसा कमाउन डोको, गाडा वा सानो मकै पोल्ने ठेला लिएर निस्कने गरिब जनताको रोजीरोटी बाँकी ७ पेजमा

## सिक्कामा चुच्चे नक्सा हटाएर अमेरिकी लगानी रहेको गुम्बाको तस्बिर अंकित गरिदै




काठमाडौं । बिहीबार मन्त्रिपरिषद् बैठकले नेपाल राष्ट्र बैंकलाई १ रूपैयाँ र २ रूपैयाँ दरका नयाँ डिजाइनका सिक्का निष्कासन गर्न स्वीकृति प्रदान गर्ने र्णिय गर्यो । यो निर्णयसँगै विभिन्न मिडिया एवं सामाजिक सञ्जालमा नेपालले आफ्नो सिक्कामा रहेको चुच्चे नक्सा हटाउन लागेको भन्ने चर्चा हुँदै आएको छ । यो चर्चाले सरकार र नेपाल राष्ट्र बैंकको आलोचना समेत भइरहेको छ ।

नेपाल राष्ट्र बैंकले स्वीकृत डिजाइन, साइज र तौल अनुसारको सिक्का वा नोट आवश्यकता अनुसार आफैंले छपाई वा टकमारी गर्न सक्छ । यस्तो नोट वा सिक्काको डिजाइन, साइज वा तौलमा कुनै परिवर्तन गरिएको छ भने चाहिँ यसलाई सरकारबाट स्वीकृत गराउनुपर्ने प्रावधान छ । बाँकी ७ पेजमा

# ‘रगतले इतिहास लेख्नेहरु’ पुस्तक विमोचन एवं विमर्श कार्यक्रम सम्पन्न

❑ प्रेम प्रसाद कडेल




चितवन । सहिद शारदा श्रेष्ठको स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रममा सहिदप्रति एक मिनेट मौनधारण गरि कार्यक्रमको सुरू भएको थियो। कार्यक्रममा सहभागी वक्ता सतीसालले चितवनमा जनयुद्धको क्रममा बलिदान दिने शारदा श्रेष्ठ लगायतका सहिद परिवारलाई बोलाइएको कार्यक्रमको विषयमा उच्च प्रशंसा गर्दै किताब प्रकाशन महत्वपूर्ण योगदान रहेको चर्चा गरे । नेकपा बहुमतका होम बहादुर खड्का धूर्वले जनयुद्धको हरेक सँघारमा आफू पनि सहभागी भएर बलिदानको कसम खाँदै अघि बढ्न प्रेरणा दिने क्रान्तिकारी कम्युनिष्ट बाँकी ७ पृष्ठमा

## ‘सरकार एक चीन नीतिविरूद्ध गइरहेको छ’

राष्ट्रिय क्रान्तिकारी मोर्चा, नेपाल
National Revolutionary Front, Nepal

काठमाण्डौ । राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपालले वर्तमान वालेन सरकार एक चीन नीति विरुद्ध गइरहेको बताएको छ । मोर्चाका संयोजक सन्त बहादुर नेपालीले २०८३ असार २९ गते एक प्रेसविज्ञप्ति जारी गर्दै सो कुरा बताउनु भएको हो । ‘ तिब्बतलाई टुक्र्याउन दशकौंदेखि लाग्दै आएका तिब्बती धर्मगुरु १४ औं दलाई लामाको ९१ औं जन्म दिवस काठमाडौंमा सरकारको सुरक्षामा मनाइएको र त्यसमा अमेरिकी, फ्रान्सीसी, अष्ट्रेलियन तथा यूरोपियन युनियनका कूटनीतिक नियोगका प्रतिनिधिहरू समेत उपस्थित रहेको कुराप्रति मोर्चाको गम्भीर ध्यानाकर्षण भएको छ । नेपाल राज्य र नेपाली जनताको सुमधुर मैत्री सम्बन्ध रहेको घनिष्ठ छिमेकी मित्रराष्ट्र चीनको आन्तरिक मामलामा दख्खल पुराएर उसलाई चिढ्याउने यस प्रकारको संवेदनशील र भयानक गतिविधिप्रति पनि मोर्चाको बैठकले गम्भीर चिन्ता ब्यक्त गरेको छ । दलाई लामाको नेतृत्वमा फ्री तिब्बत मुभमेन्ट गर्ने र नेपालको घोषित एक चीन नीति विपरीतका असल छिमेकी मित्रराष्ट्र चीनविरोधी गतिविधि गर्ने संघसंस्था र संगठनहरूलाई चीनको राष्ट्रिय अखण्डतामाथी आंच आउने यस्ता कार्यक्रम गर्न दिनुले सरकार एक चीन नीति विपरीत गइरहेको प्रष्ट छ ’ विज्ञप्तिमा भनिएको छ । बाँकी ७ पृष्ठमा

## बालेन सरकारको निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णय सर्वोच्चद्वारा बदर



काठमाडौं । बालेन सरकारको निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णय सर्वोच्च अदालतले बदर गरेको छ । मंगलबार सर्वोच्च अदालतका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले उक्त फैसला सुनाएको हो ।

२०८२ चैत १८ गते सरकारले सरकारी विज्ञापन तथा सूचनाहरू सरकारी स्वामित्वका सञ्चारमाध्यमलाई मात्र दिने र निजी सञ्चारमाध्यमलाई निषेध गर्ने निर्णय गरेको थियो। नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिकारप्राप्त निवेदक एवं अधिवक्ता अनन्तराज लुईंटेलले सरकारको निर्णयविरुद्ध गत चैत २४ गते रिट दायर गरेका थिए।

उक्त रिटमाथि असार २२ र २३ गते बाँकी ७ पृष्ठमा

## संसदीय व्यवस्था र यसको विकल्प



● रामसिंह श्रीस ●

संसदीय व्यवस्था पुँजीवादी व्यवस्थाको एउटा मोडेल हो । जब सामन्ती समाजको गर्भबाट पुँजीवादी व्यवस्था अस्तित्वमा आयो, त्यसै क्रममा संसदीय व्यवस्थाको पनि विकास हुँदै आयो । यो व्यवस्था कुनै एउटा खास समयमा एकै पटक अस्तित्वमा आएको होइन । यो व्यवस्था कसरी अस्तित्वमा आयो भनेर नियाल्ने हो भने तेह्रौं शताब्दीमा बेलायतबाट शुरु भएर १८ र १९ औं शताब्दीमा करिब ६/७ सय वर्षमा पूर्ण विकास भएको पाइन्छ । सामन्ती समाजलाई ध्वस्त पारेर पुँजीवादी समाज आएको हो । सामन्तवादको विरुद्धमा स्वतन्त्रता, समानता र भातृत्वको नारा दिएर पुँजीवादी व्यवस्थाको उदय भएको थियो । तर व्यवहारमा यो नारा पुँजीपति वर्गको लागि थियो । यो व्यवस्था मजदुर र किसानहरूको लागि सामन्तवादी अधिनायकत्वको ठाउँमा पुँजीपति वर्गको अधिनायकत्व हो । पुँजीवादी व्यवस्था भनेको पुँजीपति वर्गको हित गर्ने व्यवस्था हो । संसदीय व्यवस्था पनि पुँजीवादी व्यवस्थाको एउटा मोडेल भएको हुनाले यो व्यवस्था पुँजीपति वर्गको हित गर्ने व्यवस्था हो ।

सामन्तवादी व्यवस्थाको तुलनामा संसदीय व्यवस्था तुलनात्मक रूपमा प्रगतिशील व्यवस्था थियो । तर वर्गीय समाजमा त्यस व्यवस्थाले मानव समाजमा समानता, स्वतन्त्रता र भातृत्वको जुन कुरा उठाएको थियो, त्यो सबैको लागि लागू हुन सक्दैनथ्यो र भएन पनि । औद्योगिक क्रान्तिले समाजमा धनी र गरिब बीचको खाडल निकै बढायो । समाजमा असमानता, भोकमरी बेरोजगारीले व्यापक रूप लियो । यस प्रकारको अवस्थाको अन्त्यको लागि संसदीय व्यवस्थाको विकल्प खोज्न थालियो । १९ औं शताब्दीको प्रारम्भमा बाँकी ८ पृष्ठमा

## सम्पादकीय

# विस्थापित सुकुम्बासीहरुको तत्काल स्थायी बसोबासको ग्यारेन्टी गर !

२०८३ असार २९ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बीच भएको पत्राचारका आधारमा काठमाडौं उपत्यकाका नदी किनारबाट जबरजस्ती निष्कासन गरी होल्डिङ सेन्टरमा राखिएका १४ जना भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीहरूको सहमति बिना "व्यवस्थापन" को नाममा सम्बन्धित जिल्लामा फर्काउने तयारी भइरहेको छ। सरकारको यो कदम भूमिहीन सुकुम्बासीको समस्या समाधान गर्ने होइन, बरु राज्यको संवैधानिक तथा कानुनी दायित्वबाट पन्छिने अर्को प्रयास हा।

१५ दिनभित्र स्थायी बसोबासको प्रबन्ध गर्ने भन्दै राज्यशक्तिको चरम दुरूपयोग गर्दै राज्यले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई जबरजस्ती निष्कासन गर्यो, सुकुम्बासीहरूको आवास, जीविकोपार्जन, सामाजिक सम्बन्ध र बालबालिकाको शिक्षा खोस्यो। त्यसपछि संरक्षणको नाममा होल्डिङ सेन्टरमा राख्यो। अहिले भने कुनै स्पष्ट पुनर्स्थापना योजना, दिगो आवास, जीविकोपार्जनको व्यवस्था वा कानुनी प्रक्रिया बिना "आफ्नो जिल्ला फर्क" भन्ने आदेश दिन सुरु गरेको छ। यो व्यवस्थापन होइन; राज्यले आफ्नो जिम्मेवारीबाट पन्छिन खोजेको स्पष्ट प्रमाण हो। र, यसले यो समस्यालाई अझ विकराल बनाउने निश्चित छ।

अझ गम्भीर कुरा, भूमि समस्या समाधान समितिले आफ्नै कार्यविधि अनुसार लगत संकलन, प्रमाणीकरण, वर्गीकरण तथा व्यवस्थापनको प्रक्रिया पूरा नगर्दै अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले अनधिकृत रूपमा संकलन गरेको विवरणलाई "स्क्रिनिङ" को आधार बनाएर पुनः निष्कासन गर्न खोजिएको छ। कानुनले तोकेको प्रक्रिया मिचेर गरिएको यस्तो निर्णय कानूनको शासन, प्राकृतिक न्याय तथा विधिको शासनको प्रतिकूल छ। र, यसलाई सुकुम्बासीका विरुद्धको गम्भिर षड्यन्त्रको रूपमा लिन सकिन्छ।

भूमिहीन सुकुम्बासीलाई केवल "जिल्ला फर्काइदिने" कार्यले समस्या समाधान हुँदैन। धेरै परिवार दशकौं देखि काठमाडौंमा बसोबास गर्दै आएका छन्। सुकुम्बासीहरूको रोजगारी, बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा, सामाजिक सम्बन्ध र जीविकोपार्जन यहीँसँग जोडिएको छ। यस्तो अवस्थामा कुनै स्पष्ट योजना, वैकल्पिक आवास र जीविकोपार्जनको सुनिश्चितता बिना जिल्ला फर्काउनु पुनः विस्थापन मात्र हो। यसले सुकुम्बासीहरूलाई फेरि असुरक्षा, गरिबी र आवासविहिनताको अँध्यारो सुरुङतर्फ धकेल्ने निश्चित छ।

सरकारले अझैसम्म व्यवस्थापनको आधार, उपलब्ध गराइने जग्गाको स्थान, क्षेत्रफल, स्वामित्वको स्वरूप, प्रक्रिया वा समयसीमा कुनै पनि कुरा स्पष्ट गरेको छैन। यस्तो अन्योलबीच जबरजस्ती स्थानान्तरण गर्नु मानव अधिकारको गम्भीर उल्लङ्घन हो।

नेपालको संविधानले सम्मानपूर्वक बाँच्न पाउने, सुरक्षित आवासको व्यवस्था र सामाजिक न्यायको प्रबन्ध गरेको छ। आवासको अधिकार सम्बन्धी ऐन, २०७५ ले कुनै पनि नागरिकलाई उचित वैकल्पिक व्यवस्था नगरी आवासबाट वञ्चित गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले भूमिहीन सुकुम्बासीको पहिचान, अभिलेखीकरण, जीविकोपार्जन र बसोबास व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ। त्यसैगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (क्ष्क्ष्भ्क्ष्च) को धारा ११(१) ले पर्याप्त आवाससहितको सम्मानजनक जीवनस्तरलाई प्रत्येक व्यक्तिको मौलिक मानव अधिकारका रूपमा स्वीकार गरेको छ।

यसैगरी नेपाल सरकार मन्त्रिपरिषद्को २०८२ चैत १३ गते स्वीकृत १०० कार्यसूची अन्तर्गत बुँदा नं. ९१ मा देशभरका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गरी भूमि उपलब्ध गराउने स्पष्ट प्रतिबद्धता व्यक्त गरिएको छ। सरकार आफैंले सार्वजनिक रूपमा गरेको यही प्रतिबद्धताविपरीत अहिले अपनाइएको कार्यशैली सरकारको वचन र व्यवहारबीचको गम्भीर विरोधाभास पनि हो।

तसर्थ, होल्डिङ सेन्टरमा रहेका भूमिहीन सुकुम्बासीहरूको सहमति बिना जिल्ला फर्काउने सम्पूर्ण प्रक्रिया तत्काल रोक्नुपर्छ र भूमिहीन सुकुम्बासी सम्बन्धी कुनै पनि निर्णय समुदायहरूको अर्थपूर्ण सहभागिता र सहमतिमा मात्र गरिनुपर्दछ। र, विस्थापितहरूको भूमि र आवसको स्थायी विकल्पका लागि सरकारले ठोस कदम चाल्नु पर्दछ। राज्यले सुकुम्बासीहरूको संगठित दबावबिना उनीहरूको माग कुनै सुनुवाइ गर्दैन। तसर्थ, संगठित सशक्त दबाबका लागि सबै विस्थापितहरू लगायत देशैभरका भूमिहीन सुकुम्बासीहरू एकताबद्ध भएर सशक्त आन्दोलन उठान गर्ने दिशामा अग्रसर हुन जरुरी छ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।

www.moolbato.com


# ०७२ को संविधान संशोधनमा सिक्किमीकरणको गन्ध



● डा. केशव देवकोटा ●

वर्तमान सरकारले शुरुगरेको संविधानको संशोधनमा सिक्किमकरणको संकेत देखिएको यतिबेला नेपालको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। जसमा मुख्यत भारतीय एजेण्डा जनमत संग्रहलाई घुसाईएपछि त्यसरी नकारात्मक टिकाटिप्पणीहरू शुरुभएका हुन्। संविधान संशोधनका लागि बहसपत्र तयारगर्न गठित कार्यदलले गत असार ३२ गते वर्तमान सरकार समक्ष आफ्नो प्रतिवेदन बुझाएको थियो। बहसका लागि तयार गरिएको भनिएको उक्त प्रतिवेदन पूर्णरूपमा सार्बजनिक गरिएको छैन। तर जे जति कुराहरू बाहिर आएका छन्, त्यसले संसयको अवस्था सिर्जना गरेको छ। उक्त कार्यदलबाट अन्तिम समयमा अधिकांश विपक्षी दलका प्रतिनिधिहरू बाहिरिएका थिए भने संसद बाहिर रहेका र खासगरी जनगणतन्त्रको नारादिँदै आएका क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाललगायतका दलहरूलाई पूरै बेवास्ता गरिएको थियो। प्रधानमन्त्री र उहाँद्वारा गठित कार्य दलले हालसम्म संसद बाहिर रहेका तर चर्चित दलहरूसँग सुझावसम्म पनि लिएको छैन। त्यसैले भबिश्यमा फेरी संविधानको निर्माण वा संशोधन जे भएपनि त्यसको बहिष्कार हुने संभावना प्रबल रहेको छ। अन्तिम समयमा सो संविधानको बहससम्बन्धी कार्यदलमा सत्ताधारी रास्वपा र प्रतिपक्षी राप्रपामात्र बाँकी रहेका थिए। रास्वपा हालसम्म पनि गणतन्त्रकि राजतन्त्र र संघीयता मान्नेकि नमान्नेभन्ने लगायतका कुरामा अनिर्णित रहेको देखिन्छ। सो पार्टीको चितवन महाधिवेशनमा प्रदेशसभा खारेजगर्ने प्रस्ताव पारित हुनासाथ केही दलले बिरोध गरेका थिए।

त्यसलगत्तै रास्वपा आफ्नै महाधिवेशनबाट पारित एजेण्डाको खण्डनगर्न बाध्य भएको देखिएको थियो। राप्रपा ०७२ को संविधानका मुख्य विशेषता भनिएका गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताको विपक्षमा रहेको पार्टी हो। सो पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले कार्यदलले प्रतिवेदन बुझाएकै दिन गतसाता बिहीवार प्रधानमन्त्री वालेन्द्रलाई भेटेर जेजस्तो छलफल गर्नुभएको थियो, त्यसले पनि खासगरी गणतन्त्रवादीहरूलाई झस्काएको छ। अन्य विपक्षी दलहरूले पनि बर्तमान सरकारले संविधानका आधारभूत विशेषताहरू उल्टाउन खोजेको आशंका व्यक्तगर्दै आएका छन्। जसमा प्रत्यक्ष निर्वाचित कार्यकारीको विषयमा जनमत संग्रहको विषय जोडिएकाले त्यसले छिमेकी सिक्किम भारतमा बिलयहुँदाको बाटो समात्न सक्ने आशंका गरिएको छ।

गत भदौ २३ र २४ को बिध्वंश लगत्तैदेखि ०७२ को संविधानको मर्म बाहिरबाट गतिबिधिहरू हुँदैआएका छन्। त्यतिबेलैबाट बिभिन्न कोणबाट जनमत संग्रहको प्रशंग उठाइँदैआएको थियो। बर्तमान सरकारमा नेपालले भारतको जमिन मिचेको भन्नेसम्मका ब्यक्तिहरू रहेकाले उनीहरूको पहलमा संविधान संशोधन हुन्छभने भारतीय चाहनाअनुसारका काम हुनसक्ने आशंका हुनु कुनै आश्चर्यको बिषय होइन। खासमा संविधान भनेको देश सञ्चालनगर्ने मूल वा सर्वोच्च कानून हो। जसले सरकारको शक्ति, नागरिकका मौलिक अधिकार र कर्तव्य तथा राज्यका बिभिन्न अंगहरू (कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका) बीचको शक्ति सन्तुलनको स्पष्ट व्यवस्था गर्दछ। देशको मूल कानून मानिने संविधानसँग बाझिने अन्य कुनैपनि कानून बाझिएको हदसम्म बदर हुन्छन्भन्ने बिश्वब्यापि मान्यता रहेको छ। यद्यपि नेपालमा संविधानअनुसारका गतिबिधिहरू भैरहेका छैनन्। राष्ट्रपतिबाट समेत संविधानको उल्लंघन भएका अनेक उदाहारणहरू रहेका छन्। संविधानले राज्यले नागरिकलाई दिने अधिकार र जनताले राज्यप्रति निर्वाहगर्ने दायित्वको सीमांकन गरेको हुन्छ। त्यसैगरी संविधानले सरकारका तीनवटै अंगहरूको गठन, काम, कर्तव्य र अधिकार स्पष्टरूपमा तोकेको हुन्छ। त्यसैले कुनैपनि सरकार एक्लैले संविधान निर्माण गर्न/गराउन वा संशोधनगर्न खोज्छभने त्यसलाई सही कदम मान्न सकिँदैन।

०७२ को संविधानले नै नेपाली जनतालाई सार्बभौमसत्ता सम्पन्न भनेका कारण संविधान संशोधन गर्नेकि नगर्ने र गरेको खण्डमा कसरीगर्ने भन्ने कुरा जनताको चासोको बिषय हो। यस्तो अवस्थामा सरकार केवल त्यसको ब्यवस्थापन गरिदिने माध्यममात्र हो। यस्तो अवस्थामा सरकारमा रहेकाहरूले आफूहरू संविधानको संरक्षक र जनता वा विभिन्न पार्टीहरू बिरोधी भन्न मिल्दैन। ०७२ को संविधान निर्माणगर्दा तत्कालीन सत्ता र शक्तिमा रहेका कतिपयले संविधानसभालाई स्वतन्त्र र निष्पक्षरूपमा बिधि र पद्धतिको प्रयोग गरेर कामगर्न नदिएका कारण संविधान शुरुबाटै बिवादित भएको हो। त्यसरी जोरजुलम गर्नेहरूले संविधानसभाले बनाएको भनिएको संविधानलाई पूर्बशर्तको भारी बोकाउने काम गरेका थिए। आज तिनै शर्तअनुसार संविधानमा समाबेश गरिएका बिभिन्न कुराका कारण संविधान बिवादित भएको छ। झण्डै साँढे आठबर्षको समयावधी र ३० अर्बभन्दा बढी खर्च गरेर बनाइएको संविधान यसरी बिवादित हुनुहुने थिएन।

आम नेपाली जनताले सर्बसम्मतरूपमा मानेको हुनुपर्ने थियो। त्यसैले नेपालमा संविधान संशोधनको कुरागर्दा ०६३ भन्दा पहिलेको अवस्थामा पुग्नुपर्ने हुन्छ। उपरोक्त सबै परिघटनालेगर्दा बुझ्नुपर्ने कुरा के छभने भारतमा विलय हुनुअघि सिक्किम नेपालको छिमेकी देश थियो। त्यो हेर्दाहेर्दै भारतमा बिलय गरियो। सिक्किमले भोगेको त्यो वियोग एउटा विशेष परिस्थितिमा नेपालले पनि भोग्नुपर्ने हुनसक्छभन्ने धेरैको चिन्ता र चासो रहँदैआएको छ। जसलाई नेपालको बर्तमान सरकारले ध्यान दिनसक्नु पर्दछ। तत्कालीन इतिहासलाई पढ्दा के स्पष्ट हुन्छभने भारतले खासगरी उत्तरतिरका तीनवटा देशहरू नेपाल, भुटान र सिक्किमबारे एकैथरी योजना बनाएको देखिन्छ। यी तीनवटै देशको सांस्कृतिक अस्तित्व कायम राखी राजनीतिक अस्तित्वभने समाप्तपार्ने जवाहरलाल नेहरूको शोचले त्यत्तिबेला उचाइ हाशिल गरेको थियो भने हुन्छ। आज पनि नेहरूको त्यो चिन्तन भारतीय शासक वर्गबाट बिभिन्नरूपमा अभिव्यक्ति हुनेगरेको छ। सन् १९४० को दशक दक्षिण एशियाली अधिकांश देशको निम्ति ज्यादै महत्वपूर्ण र निर्णायक दशक थियो भन्नेकुरा त्यतिबेलाका घटनाक्रमहरूले स्पष्ट गरेका छन्। जतिबेला बेलायतीहरू भारत छोड्ने योजना बनाइरहेका थिए। चीनमा कम्युनिष्ट पार्टीले जापानलाई पराजित गरेपछि कोमिनताङसँगको लडाइँ जित्दै थियो। लामो समयसम्म बेलायती हैकम चलेको भारतमा बेलायती शासनको अन्त्यपछि राजनीतिक शक्ति सन्तुलन कुन दिशामा अघिबढ्ला ? भन्नेमा सबैतिर अन्यौल र अस्पष्टता रहेको थियो। सन् १८९० मा बेलायत र चीनबीच एउटा सम्झौता भएको थियो। त्यसलगत्तै सन् १८९३ मा सिक्किम र तिब्बतको विषयमा अर्को सम्झौता भएको थियो। ती सम्झौतामा बेलायतले सिक्किमलाई आफ्नो संरक्षणमा राख्ने र तिब्बतलाई चीनको भूभाग स्वीकार्ने उल्लेख थियो। भारतमा बेलायती शासनछँदा बेलायतीहरूसँग नेपालका राणा र सिक्किमी राजदरबारको खासै ठूलो अन्तरविरोध थिएन। बेलायतले सिक्किमको अलग अस्तित्वलाई मानेको देखिन्थ्यो। सिक्किमले पनि बेलायतको अघोषित उपनिवेश स्वीकारेको थियो।

सन् १९४७ मा भारतबाट ब्रिटिशहरू फर्किएपछि भारतीयहरूले नेपाललगायतका छिमेकी देशहरूसँग ब्रिटिशकै नीति अनुसारको ब्यवहार गरेका थिए। ब्रिटिशको अन्त्यपछि भारतमा प्रधानमन्त्री जवाहरलाल नेहरूको शासन शुरु भएको थियो। त्यतिबेला नेपाल, भुटान र सिक्किमबारे भारतीय नेताहरूबीचमा पनि मतान्तरहरू देखिएका थिए। नेहरू तीनवटै देशलाई चीन र भारतबीचको बफर जोनका रूपमा राख्ने पक्षमा रहेको र बल्लवभाइ पटेलहरू भारतका अन्य रजौटा शासनलाई जस्तै यी तीनवटा देशलाई भारतमै गाभ्ने पक्षमा रहेको बताइन्छ। नेपालका अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेरसँग आन्दोलनको आँधी आउने त्रास देखाएर जसरी सन् १९५० को सन्धिमा हस्ताक्षर गराइएको थियो, त्यसैले अर्धऔपनिवेशिकता लाद्ने काम गरेको हो। सन् १९७५ मा भारतले सिक्किम खाएको बेला नेपालको तराई अलग हुनेगरी भारतमा गाभ्ने योजना बनाएको भारतीय गुप्तचर विभाग 'रअ' का पूर्वप्रमुख आरके यादवले आफ्नो पुस्तक 'मिसन रअ' मा उल्लेख गरेको पाइन्छ।

त्यसैले नेपालको सार्वभौमिकता र स्वाधीनताको प्रतिकूल हुने कुनैपनि कुरामा नेपाली जनताले चासो राख्ने गरेका छन्। ०७२ को संविधान संशोधनका लागि गठन गरिएको कार्य दलले आफ्नो प्रतिवेदनमा जनमत संग्रहलगायतका कुराहरू उल्लेख गरेर प्रतिवेदन बुझाउनासाथ भारतको विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावर नेपाल आएर भेटघाटमा सक्रिय रहनुभएको देखिएको थियो। उहाँले परराष्ट्रमन्त्री शिशिर खनाल लगायतसँग भेट गर्नुभएका समाचार बाहिर आए पनि बिषयबस्तुलाई खासै प्रचारमा ल्याइएन। तर भारतीय विदेश मन्त्रालयका सचिव स्वदेश फर्कनासाथ नेपालको सत्ता राजनीतिमा दृश्यहरू परिवर्तन भएका छन्। छिट्टै नेपालबाट भारतमा उच्चस्तरीय भ्रमण हुने कुराहरू बाहिर आएका छन्। जसले गंभिर कुराहरूको संकेत पनि गरेका छन्। त्यसैले आम देशभक्त र जनपक्षीय शक्तिहरू सजग र सतर्क हुनुपर्ने अवस्था सिर्जना भएको छ।

# ४८ औँ पुष्पलाल स्मृति दिवसका सन्दर्भमा राष्ट्रिय स्वाधीनताबारे गोष्ठी गरिने

काठमाडौं। राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपालले नेकपाका संस्थापक पुष्पलाल.को ४८ औं स्मृति दिवसका सन्दर्भमा राष्ट्रिय स्वाधीनताबारे गोष्ठी गर्ने भएको छ। २०८३ असार २९ गते राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपालका संयोजक सन्तबहादुर नेपालीको अध्यक्षतामा बसेको भर्चुअल बैठकले सो कार्यक्रमबारे निर्णय गरेको हो। श्रावण ७ गते काठमाडौंमा गर्न थालिएको उक्त गोष्ठीमा पुष्पलालका राष्ट्रिय स्वाधीनता सम्बन्धी नीति र कृतिहरूको स्मरण गरिने आयोजकहरूले बताएका छन्। उक्त गोष्ठीमा देशभक्त,जनतान्त्रिक,वामपन्थी तथा बौद्धिक व्यक्तित्वहरू को जमघट रहनेछ।



असार २५ गते १ पठाउ चलाक गणेश नेपालीले गरेको आत्मा दाहलाई बालेन सरकारको जनतालाई बाँच्न नदिने नीतिका कारणले भएको घटना बताउँदै त्यस्ता घटनाहरू दोहोरिन नदिने स्थिति सिर्जना गर्नका लागि मोर्चाले माग गरेको छ। दलाई लामाको ९१औं जन्मदिवसलाई नेपालमा मनाउन छुट दिनुलाई वर्तमान बालेन सरकार एक चीन नीतिका विरुद्ध गएको ठहर गर्दै वक्तव्यमा त्यसलाई राष्ट्रघात भएको बताइएको छ। विगत देखि नेपालले मान्दै आएको असंलग्न परराष्ट्र नीतिलाई कार्यान्वयन गर्नका लागि अन्य शक्ति राष्ट्रहरूसँग अनाक्रमण सन्धि गर्नको निम्ति सरकारसँग मोर्चाले माग गरेको छ वक्तव्यमा बालेन सरकारले सुकुम्बासीहरूलाई वर्षायामको बेला सडकमा पुऱ्याउनुलाई अमानवीय, क्रुर र दमनकारी व्यवहार भनिएको छ। वक्तव्यमा सुकुम्बासीहरू विस्थापित परिवारहरूसित मानवोचित व्यवहार गर्न पनि सरकारसँग मोर्चाले माग गरेको छ।

# नरिश्वर पाण्डेद्वारा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल मै प्रतिबद्ध रहने जानकारी

अर्घाखाँची। नरिश्वर पाण्डेले आफु क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल मै प्रतिबद्ध रहेको जानकारी गराउनु भएको छ। २०८३ साउन २ गते एक क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका सेक्रेटरीलाई एक निवेदन दिँदै उहाँले सो कुरा बताउनु भएको हो। पाण्डेले दिएको निवेदनको पूर्ण पाठ यसप्रकार छ -



"पार्टी सेक्रेटरी क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल जिल्ला समति अर्घाखाँची उपरोक्त सम्बन्धमा लामो समयदेखि कम्युनिष्ट आन्दोनमा सक्रिय रहँदै आउने क्रममा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल भित्र केही अवसरवादीहरूले पार्टीको क्रान्तिकारी छविलाई बिगार्ने गरी लागेको अवस्थामा म नरीश्वर पाण्डे पनि भूलवस अवसरवादी व्यक्तिहरूको समर्थन गरकोले आत्मालोचित हुँदै क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालमात्र एक मार्क्सवादी लेनिनवाद र माओवाद विचारधारामा आधारीत रही पथप्रदर्शक सिद्धान्त मान्दै आएको ठहर गर्दै पुनः पार्टीको नीति सिद्धान्त निर्देशन पालना गर्दै सक्रिय रूपमा काम गर्ने प्रत्रिबद्धता गर्दछु।" पाण्डेलाई सचिव राजेन्द्र नेपालीले साउन २ गते अविर लगाइ पार्टीमा स्वागत गर्नु भएको छ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# पीडा, आक्रोशलाई संगठित शक्तिको रुपमा बदल्नु पर्दछ

**नारायण अधिकारी, वैकल्पिक पि.वि.एम. तथा ६ नं. व्यूरो इन्चार्ज-क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल**



***असार २५ गते काठमाडौंमा मुगुका राइड शेयररिङका मजदुर गणेश नेपालीले आत्मदाह गरे । त्यस घटनालाई एकाथरीले फ्रस्टेशनको उपज र अर्काथरीले सरकारको दमनले निम्ताएको घटना भनेका छन् । यसबारे तपाई के भन्नु हुन्छ ?***

यो घटनालाई मैले सरकारले निम्ताएको घटनाको रूपमा बुझ्केको छु। सरकारले सुरुदेखि नै गरिखाने वर्गमाथि दमनको नीति अपनाएको छ। सुकुम्बासीहरूको बस्ती भत्काएर लखेट्यो। वस्ती भत्केपछि होल्डिङ सेन्टरमा राखिएका सुकुम्बासी, अव्यवस्थित बसोबासीहरूलाई विना विकल्प त्यहाँबाट लखेट्दैछ। सिमानामा तथाकथित कडाईका नाममा २/४ किलो चिनी, आधारभूत खानपिनका बस्तु खरिद गरेर ल्याउने निम्न वर्गका मानिसहरूलाई दमन गऱ्यो। राइड शेअरिङमा काम गर्ने सर्वसाधारण स्वरोजगार मजदुरहरूमाथि दमन बढाएको छ। सरकारको गरिब विरोधी नीतिका कारणले नै गणेश नेपालीको दुःखद मृत्यु भयो ।

***तर सरकारले त नियम लागु गर्न खोजेको थियो दमन गर्न खोजेको हैन भन्छ त ?***

अहिलेको नियम कानुन नै गरिब विरोधी छ । त्यसमा अझ बालेन सरकार गरिब विरोधी कार्यमा लागिरहेको छ । नियम लागु गर्छु भन्दैमा मान्छेको ज्यान लिने र मान्छेको यो धर्तीमा बाँच्ने अधिकार खोस्ने अधिकार सरकारलाई छैन ।

***विगतमा संविधानसभा भवन अगाडि नै उद्यमी प्रेम आचार्यले आत्मदाह गरे । अहिले गणेश नेपालीले आत्मदाह गरे । भविष्यमा यस्तो घटना दोहोरिदैं जान सक्छ । यस्तोघटना दोहोरिन नदिने उपाय के हुन सक्छ ?***

पहिलो कुरा जनताको सुरक्षा र सुविधा, रोजगारीको जिम्मेवारी लिने राज्य हुनुपर्दछ । राज्य अहिले जनताबाट कर लिने तर जनताको सुरक्षा र सुविधाप्रति जवाफदेही नहुने प्रवृत्ति छ । त्यसलेगर्दा जनताप्रति उत्तरदायी राज्य चाहिन्छ। अहिले सरकार जनताको सरकार नभएर शोषक वर्गको सरकार हो। यो साम्राज्यवादका एजेन्टहरूको सरकार हो ।

यो सरकार र यो राज्यबाट जनताले सुरक्षा र सुविधा पाउने सम्भावना छैन। दोस्रो कुरा, तसर्थ आत्मदाहको बाटो हैन, शोषित पीडित वर्ग संगठित भई आफ्नै वर्गको सत्ता स्थापना गर्ने संघर्षको बाटोमा जानु पर्दछ। यो नै समस्या समधानको उपाय हो ।

***गत असार २३ गते काठमाडौंमा एक विद्यालयमा सरकारकै अनुमति लिएर तिब्बतका पृथकतावादी धार्मिक नेता दलाई लामाको ९१ औं जन्म जयन्ती मनाएको समाचार आएको छ । इतिहासमा सरकारले यस्तो अनुमति दिएको थाहा थिएन । यसबारे तपाई के भन्नुहुन्छ ?***

सरकारले दलाई लामाको जन्म दिवस मनाउन छुट वा अनुमति दिनु परम्परागत रूपमा नेपालको परराष्ट्र नीतिमा जुन "एक चीन नीीति " थियो, त्यसको उल्लंघन हो । चिनियाँ परराष्ट्र मन्त्रीले नेपालका परराष्ट्रमन्त्री शिशिर खनाललाई चीन भ्रमणका बेला "टाढाका आफन्त भन्दा नजिकका मित्र काम लाग्छन्" भनेका थिए। चीनले नेपाललाई लगातार तिब्बत मामलामा एक चीन नीति अपनाउन विशेष जोड दिंदै आएको छ। यति हुँदा हुँदै पनि चीन विरोधी गतिविधि हुने गरी नेपाल सरकारले दलाई लामाको जन्म जयन्ती मनाउन दिनु एक, नेपालको स्थापित परराष्ट्र नीति उल्लंघन हो, दुई प्रकारान्तरले यो नेपालको लागि राष्ट्रघात हो किनभने यो सरकारले नेपालको भू राजनीतिक संवेदनशीलतालाई बुझ्न सकेन। सरकारको यस्तै नीतिले नेपाल विदेशी शक्ति केन्द्रहरूको क्रिडास्थल बन्न सक्छ। नेपालले युक्रेनले भोगिरहेको नियति भोग्नु पर्ने स्थिति आउन सक्छ। त्यसकारण त्यस्तो आउन नदिन आम नेपाली देशभक्त जनताहरू सचेत भई सरकारको गलत परराष्ट्रनीतिको विरोध गर्नु पर्दछ।

***तपाईहरूको पार्टीले बालेन सरकारलाई अमेरिकी साम्राज्यवादको एजेन्टको सरकार भनिरहेको छ । नेपाली जनताले नै निर्वाचित गरेको सरकारलाई साम्राज्यवादको एजेन्टको सरकार भन्नु पूर्वाग्रही सोंचाई भएन र ?***

हाम्रो धारणा पूर्वाग्रही छैन। तथ्य संगत नै छ। गत जेनजी आन्दोलनमा टि.ओ.वि.(टिवेटियन अरिजिनल व्लड) का ड्रेस लगाएका र त्यस आन्दोलनमा हिंडेको व्यक्तिहरूको प्रतिनिधित्व यो सरकारले गरिरहेको छ। बारबरा फाउण्डेशन, जो अमेरिकन लगानीमा संचालन भइरहेको एनजिओ हो। त्यस एनजिओसँग सम्बन्धित व्यक्तिहरू अहिले सरकारमा छन्। अमेरिकन युथ काउन्सिलले नेपालमा युवाहरूलाई भड्काउने काम गरिरहेको छ। त्यस्ता युवा अभियानकर्मीहरूलाई सरकारले संरक्षण गर्ने काम गरिरहेको छ। अहिलेको सरकार पनि राष्ट्रघाती एमसीसीको मतियार हो। प्रशस्त प्रमाणहरू छन्, जो सरकार साम्राज्यवादको एजेण्ट हो भन्नका लागि।

***सुकुम्बासी आन्दोलनलाई सरकारले दमन गरिरहेको छ । यसबारे के भन्नुहुन्छ ?***

हुकुम्बासीलाई बस्तीबाट हटाउने नाममा वास्तविक सुकुम्बासीलाई विना विकल्प यो वर्षायामका बेला बालेन सरकारले विचल्ली बनाएको छ। संविधान अनुसार मौलिक अधिकार अन्तर्गत नै जनताको आवासको व्यवस्था उसको नैसर्गिक हक हो। यो सरकारले जनताको आवासको अधिकार खोसेको छ। सुकुम्बासी बस्तीबाट लखेटेर होल्डिङ सेन्टरमा राखेका सुकुम्बासीहरू नारकीय जीवन बिताउन बाध्य छन्। होल्डिङ सेन्टरबाट पनि लखेटेर विचल्ली बनाउदै छ। सरकारले सुकुम्बासीको व्यवस्थापन गर्छौं भन्यो तर व्यवस्थापन गर्न सकेन। यो सरकारले सुकुम्बासीको व्यवस्थापन गर्न सक्दा पनि सक्दैन। जनताको नयाँ जनवादी व्यवस्था नआउँदासम्म सुकुम्बासी समस्या समाधान हुनेवाला छैन। अब सुकुम्बासी, किसान, मजदुर सबैले आफ्ना पीडा, आक्रोशलाई संगठित शक्तिको रूपमा बदल्नु पर्दछ।

***तपाई राजनीतिक आन्दोलनमा कसरी जोडिनु भयो ?***

मैले कक्षा ५/६ मा ज्ञान ज्योति मावि लप्सीबोट गोर्खामा अध्ययन गर्ने बेला सँगै पढ्ने विद्यार्थी साथीहरूले म लगायतलाई यिनीहरू उग्रवादीका सन्तान हुन् भनेर जिस्काउँथे। हामीलाई के भनेको होला भनेर अचम्म लाग्थ्यो। पछि कुरा बुझ्दा हाम्रो बुबा श्रीनाथ अधिकारी कम्युनिस्ट पार्टीमा लागेकाले हामीलाई उग्रवादी भनेका रहेछन्। कक्षा ७ मा पढ्दा २०४६ सालको आन्दोलन भयो। त्यो आन्दोलनमा हामी जानी नजानी हिंडियो। बहुदल आएपछि ज्ञान ज्योति माविमा नेविसंघ र अखिल छुट्टियो। मैले अखिलको सदस्यता लिने र वितरण गर्ने काम गरे। त्यो अखिल नेकपा (मशाल) निकटको अखिल रहेछ। कक्षा १० मा पुग्दा मूल इकाई समितिको सचिव भएँ २०५० सालमा। २०५१ सालमा वाई.सि.एल.को कमिटीमा पनि आबद्ध भएँ। २०५२ मंसिरमा मैले तत्कालीन नेकपा (माओवादी) को सदस्यता लिएको थिएँ। राजनीतिक आन्दोलनमा हिंड्नका लागि परिवार नै राजनीतिक परिवार भएकाले पारिवारिक व्यवधान खेप्नु परेन। बुबा तत्कालीन नेकपा (एकताकेन्द्र) को गोर्खा जिल्लाको पहिलो सेक्रेटरी हुनुहुन्थ्यो। २०४८ को संसदीय निर्वाचन गोर्खा क्षेत्र नं. १ बाट संयुक्त जनमोर्चा नेपालको तर्फबाट उम्मेदवार बन्नु भएको थियो। झण्डै १२ हजार भन्दा बढी मत लिए पनि नेकाको चिरञ्जीवी वाग्लेसित करिव २५ सय मतले पराजित हुनुभयो।

***जनयुद्धकालमा तपाईको भूमिका के रह्यो ?***

२०५२ साल फागुन १गते म व्यक्तिगत कामले गोर्खाको आरुघाट बजार पुगेको थिएँ। त्यस दिन नेकपा (माओवादी) ले आरुघाट बजारमा मशाल जुलुश निकालेको थियो। संयोगवस म त्यो जुलुशमा सहभागी भएँ। मशाल जुलुशलाई प्रहरी चौकीको अगाडि समापन गरिएको थियो। समापन कार्यमक्रममा भक्ति लामिछानेले सम्बोधन गर्दै भन्नु भएको थियो, "आजबाट नेकपा (माओवादी) ले जनयुद्धको सुरुआत गऱ्यो। प्रहरी साथीहरू तपाईहरू हामीमाथि दमनमा नउत्रनु होला। हाम्रो लडाई तपाईहरूका विरुद्ध हैन। राज्यसत्ताको विरुद्ध हो। यो लडाई तपाईहरूको हितको लागि पनि हो। मजदुर किसानको सत्ता स्थापना नगरी हाम्रो मुक्ति हुँदैन।" ६ दिनपछि भक्ति लामिछाने आरुघाट घरबाटै गिरफ्तार हुनुभयो। म गोर्खा क्याम्पस इकाईमा ०५३ सम्म काम गरे। ०५३ देखि ०५५ सम्म गोर्खाको लप्सीबोट गाउँमै बसेर घरको काम र पार्टीको काम गरें। ०५४ सालको असारमा जाली फटाहा विरोधी आन्दोलन अन्तर्गत नेकपा (माओवादी) ले एक जना फटाहालाई कार्वाही गरेका रहेछन्। (कुटपिट गरेका रहेछन्)। तर म त्यस घटनामा थिएन। मलाई झुठा मुद्दा लगाइयो। बुबा त पहिले नै भूमिगत हुनुहुन्थ्यो। परिवारकै सल्लाह अनुसार मुद्दा नखेप्ने भूमिगत हुने कुरा भयो र म २०५५ असोजबाट भूमिगत र होलटाइमर भई काम गरें। ०५५ देखि ०५९ सम्म गोर्खा-लमजुङ संयुक्त जिल्ला कमिटी अन्तर्गतका कमिटीमा संगठनको क्षेत्रमा काम गरें। मैले संगठनको क्षेत्रमा काम गरें तर जनमुक्ति सेनातर्फ जानु परेको थिएन। ०५९ श्रावणदेखि ०६३ श्रावणसम्म ४ वर्ष कास्की जिल्ला पार्टीमा रहेर काम गरें।

***शान्ति प्रक्रिया पछि तपाईको पार्टीगत भूमिका के रह्यो ?***

शान्ति प्रक्रिया पछि सुरुमा गोर्खा जिल्ला पार्टी सदस्य र केही समय तमुवान राज्य समितिको सदस्य रहेर पार्टीको काम गरें।

***एकीकृत नेकपा (माओवादी) को विभाजन र पार्टी पुनर्गठनबारे तपाईको के स्मरण छ ?***

२०६५ सालको मंसिरमा भक्तपुरको खरिपाटीमा नेकपा (माओवादी) को राष्ट्रिय भेला भएको थियो। त्यस भेलामा प्रचण्डको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरेर जाने र मोहन वैद्यको संघीय जनगणतन्त्रको तयारी गर्ने दुई बेग्लाबेग्लै प्रस्ताव आएका थिए। २०६७ को मंसिरमा एनेकपा (माओवादी) को छैठौं विस्तारित बैठक गोर्खाको पालुङटारमा भयो। प्रचण्डको "अनुकूल भए संविधान, प्रतिकूल भए जनविद्रोह," बाबुरामको "शान्ति र संविधान" र मोहन वैद्यको "जनयुद्धको जगमा जनविद्रोह प्रस्ताव" आए। विस्तारित बैठकले निर्णय गर्न नसकेपछि त्यो प्रस्तावलाई केन्द्रमा फर्काइयो। त्यो विस्तारित बैठकमा म मोहन बैद्यको प्रस्तावको पक्षमा थिएँ। दुई लाइन संघर्ष बढ्दै गएर २०६९ साल असार मा पार्टी विभाजित भएर बैद्यको नेतृत्वमा नेकपा - माओवादी गठन भयो। नेकपा - माओवादी गठन भएपछि गोर्खा जिल्ला सेक्रेटरी, २०७२ कार्तिक २२ गते नेकपा-माओवादी र नेकपा (एकीकृत) बीच एकता भई नेकपा (क्रान्तिकारी माओवादी) बन्यो। म नेकपा (क्रान्तिकारी माओवादी) को केन्द्रीय सदस्य र गोर्खा जिल्ला इन्चार्ज भएँ। २०७७ सम्म गोर्खा जिल्ला इन्चार्ज भएँ। २०७८ मा एक वर्ष स्याङ्जाको इन्चार्ज भएँ। ०७९-८० मा ४ नं. प्रदेश कमिटीको कार्यालय इन्चार्ज भएँ। २०८० मा नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा (बहुमत) का बीचमा पार्टी एकता भएर क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल बन्यो। म त्यस पार्टीको केन्द्रीय सदस्य भएर ४ नं. प्रदेश कार्यालय सदस्य रहेर काम गरें। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल र नेकपा (मशाल) का बीचमा २०८१ वैशाखमा एकता भई बनेको क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालको एकता महाधिवेशन आयोजक समितिका सदस्य, २०८१ मंसिरमा सम्पन्न एकता महाधिवेशनबाट केन्द्रीय सदस्य र २०८१ फागुनबाट ७ नं. व्यूरोको सेक्रेटरी तथा बैकल्पिक पोलिटव्यूरो सदस्य र अहिले २०८३ वैशाखबाट ६ नं. व्यूरो इन्चार्ज रही काम गर्दैछु।

***पार्टीको एकता महाधिवेशनबाट पारित कार्यदिशा कार्यान्वयनबारे के भइरहेको छ ?***

हाम्रो पार्टीको राजनीतिक कार्यदिशा नयाँ जनवादी क्रान्तिको खुड्किलो पार गर्दै वैज्ञानिक समाजवादमा जानेछ। यसको संघर्षको रूप जनसंघर्ष ,प्रतिरोध संघर्ष र सशस्त्र जनविद्रोह हुनेछ। अहिलेको चरण भनेको जनसंघर्षको विकास गर्ने चरण हो। अहिले हामी त्यही चरणमा छौं। समाजमा बढिरहेको अन्तर्विरोधको पहिचान गर्ने र सही ढंगले अन्तर्विरोध संचालनगर्ने कार्यमा लागेका छौं। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूलाई उठाउँदै सचेत वर्गसंघर्षमा ध्यान दिएका छौं।

***तपाईको परिवार प्रगतिशील संस्कृति अपनाउँदै आएको परिवार हो । समाजमा अहिले कम्युनिस्टहरूले नै प्रगतिशील संस्कृति त्याग्दै गइरहेका छन् । के भन्नु हुन्छ ?***

मेरो बुबाले पनि आफ्नो बुबाको काजक्रिया गर्नु भएको थिएन। हामी ३ दाजुभाइ २ दिदीबहिनी सबैको जनवादी विवाह भएको हो। मेरो २०५७ साल फागुन ३० गते भूमिगत जीवनमै शुशिला थापा सित जनवादी विवाह भएको थियो। कम्युनिस्ट आन्दोलनलाई ठीक ढंगले अगाडि बढाउन जन्म, विवाह, मृत्यु संस्कारलाई प्रगतिशील बनाउँदै जानुपर्छ। प्रगतिशील र जनवादी संस्कृतिको विकास गर्नु पर्दछ।

***अन्त्यमा केही छ कि ?***

विचार सम्प्रेशणको अवसरका लागि धन्यवाद दिन चाहान्छु। तपाईको साप्ताहिक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

*साभार हाँक टुडे अनलाइनबाट*

# नवउपनिवेशहरूमा फासीवाद र साम्राज्यवादलाई उखेल्न जनयुद्ध गरौं

## एनडीएफले आयोजना गरेको छैठौं सैद्धान्तिक सम्मेलनमा फिलिपिन्सको कम्युनिस्ट पार्टीद्वारा प्रस्तुत दस्तावेज

### नवउपनिवेशहरुमा २१ औं शताब्दीमा साम्राज्यवाद र फासीवाद सम्बन्धी छैठौं ल्मँए अन्तर्राष्ट्रिय सैद्धान्तिक सम्मेलनको लागि मुख्य लेख

यसको अघिल्लो सैद्धान्तिक सम्मेलनमा, हामीले साम्राज्यवादी केन्द्रहरूमा फासीवादको परीक्षण गऱ्यौं। एकाधिकार पुँजीवादको गहिरो संकटले उदार लोकतन्त्रको क्षय र उन्नत पुँजीवादी अर्थतन्त्रहरूमा अति-दक्षिणपन्थी, खुलारूपमा प्रतिक्रियावादी शक्तिहरूको उदय कसरी निम्त्याएको छ भनेर हामीले विश्लेषण गऱ्यौं। हामीले लेनिन, स्टालिन र दिमित्रोभको योगदानबाट फासीवादका सैद्धान्तिक आधारहरू पुनः समीक्षा गऱ्यौं र आजको विश्वको वर्तमान अवस्थामा तिनीहरूलाई मिलाएर हेऱ्यौं।

त्यो छलफलले हामीलाई साम्राज्यवादी क्षय र सर्वहारा क्रान्तिको वर्तमान युगभित्र फासीवादको उदयलाई बुझ्न अनुमति दियो। हामीले पुँजीवादको द्रूत पतन, साम्राज्यवादी युद्धहरू र श्रमिक-वर्ग संघर्षको पुनरुत्थानको अवधिभित्र यसको उदय भएको देख्यौं। यस सम्मेलनमा, हामीले हाम्रो ध्यान नवउपनिवेशहरूको फासीवादमा केन्द्रित गरेका छौ, जहाँ साम्राज्यवादले आफ्नो सबैभन्दा स्थापित, नाङ्गो र क्रूर रूप धारण गर्दछ।

हामी एउटा प्रमुख भिन्नतालाई जोडदिएर सुरु गर्छौं। साम्राज्यवादी केन्द्रहरूमा, फासीवाद चरम प्रतिक्रियावादी विचारहरू अन्ध-राष्ट्रवाद र साम्यवादको विरोधमा आधारित राजनीतिक आन्दोलनको रूपमा देखा पऱ्यो। राज्यशक्ति कब्जा गर्न, बुर्जुवा लोकतान्त्रिक प्रणालीलाई उल्टाउन र श्रमिक वर्गको विरुद्धमा प्रयोग गर्न पुँजीवादी आर्थिक उथल-पुथलका बीचबाट यसले फाइदा उठायो। तर नवउपनिवेशहरूमा, फासीवादको उदय साम्राज्यवादद्वारा लगाइएको बलजफ्तिपूर्ण रूपमा गरिएको राज्यको गठनसँग जोडिएको छ। यसले निर्बाधरूपमा अर्धसामन्ती शोषण गर्न र राष्ट्रिय प्रतिरोधलाई दबाउन स्थानीय ठुला बुर्जुवा दलाल स्वार्थहरूसँग मिलेर काम गर्दछ।

फिलिपिन्सले यस घटनाको स्पष्ट ऐतिहासिक उदाहरण प्रदान गर्दछ। यहाँ, फासीवादले गत शताब्दीको पूर्वार्धमा अमेरिकी औपनिवेशिक र नवऔपनिवेशिक आधिपत्यको रूप लिएको थियो। अमेरिकी साम्राज्यवादीहरूले फासीवादलाई प्रयोग गरे र पछि यसलाई राज्यमै संगठित गरे, उदार लोकतन्त्रका सबै गहना र रूपलाई ढाकछोप गरे।

१९४६ मा नवऔपनिवेशिक राज्यको स्थापना भएदेखि विगतका आठ दशक अमेरिकी कठपुतली शासनको क्रमबद्ध इतिहास हो। तिनीहरूले लोकतन्त्रको बहानामा राजनीतिक दमनका प्रणालीलाई परिष्कृत गर्दैआएका छन्। तैपनि, १९६९ देखि संगठित क्रान्तिकारी प्रतिरोधको उदयसँगै, यो नवऔपनिवेशिक राज्यको फासीवादी गुदीलाई ढाक्ने बाहिरी बोक्राहरू खस्दैजाने क्रम बढ्दो छ।

***फिलिपिन्समा फासीवादी कठपुतली राज्यको उत्पत्ति***

फिलिपिनी औपनिवेशिक विजय र साम्राज्यवादी शासनको सम्पूर्ण ऐतिहासिक प्रक्रियाबाट जन्मिएको एउटा अर्धऔपनिवेशिक र अर्धसामन्ती समाज हो। शताब्दीको सुरुवातमा, देश अमेरिकी वित्तीय पुँजीको "सबैभन्दा प्रतिक्रियावादी, सबैभन्दा अहङ्कारवादी र अति साम्राज्यवादी तत्वहरू" को नाङ्गो आतंकवादको अधीनस्थ र खुला औपनिवेशिक शासन अन्तर्गत रहेको थियो। फासीवाद फिलिपिन्सको सामाजिक-आर्थिक विकासको एक विशिष्ट मोडमा देखा परेको होइन। बरु, यसलाई नवऔपनिवेशिक राज्यको रूपमा अमेरिकी साम्राज्यवादद्वारा संगठित गरिएको र लादिएको थियो। यसको उद्देश्य उत्पीडित र शोषित जनताको वर्ग विरोधलाई दबाउनु र देशलाई निर्ममतापूर्वक लुट्नु थियो।

एकाधिकार पुँजीवादको संकटसँगै अमेरिकी साम्राज्यवादले फिलिपिन्समा फासीवाद निर्यात गऱ्यो। २० औं शताब्दीको अन्त्यमा यसले आफ्नो देशमा भएको आर्थिक उथलपुथल र श्रमिक-वर्गको बढ्दो अशान्तिसँग जुध्नु पऱ्यो। तैपनि, अमेरिकी साम्राज्यवादीहरूले फिलिपिन्स र अन्य विदेशी भूमिहरूमाथि क्रूर फासीवाद प्रयोग गरी ती देशमाथि विजय हासिल गरेर घरेलु बुर्जुवा लोकतान्त्रिक प्रणाली कायम राख्न सफल भए। कच्चा पदार्थहरू कब्जा गर्ने, सस्तो श्रमको शोषण गर्ने र देशलाई अमेरिकामा बचेका मालको डम्पिङ ग्राउन्ड बनाउँने काममा जनताले गरेको प्रतिरोधलाई निर्ममतापूर्वक दबाए। यो साम्राज्यवादीहरूका बीच विश्व विभाजन पूरा हुनुभन्दा पहिले र साम्राज्यवादी केन्द्रहरूमा फासीवादको उदय हुनुभन्दा अघि भएको थियो।

१८९९ देखि १९०२ सम्म, अमेरिकाले विजयको क्रूर युद्ध सुरु गऱ्यो। यसले तीन शताब्दीको स्पेनी औपनिवेशिक शासनलाई सफलतापूर्वक समाप्त पार्ने १८९६ को फिलिपिनी क्रान्तिलाई उल्टाउन फासीवादी हिंसाका सबैभन्दा क्रूर रूपहरू प्रयोग गऱ्यो। यस क्रममा करिब २००,००० भन्दा बढी फिलिपिनी नागरिकहरू मारिएको अनुमान छ, जबकि अनिकाल तथा रोगका कारण त्यो सङ्ख्या ६ लाखदेखि १० लाखसम्म पुग्न सक्छ। अमेरिकी सेनाहरूले पृथ्वीमा भएका सम्पूर्ण चीज डढाउने (Scorched-Earth) कार्यनीति प्रयोग गर्दा अधिकांश क्षेत्रहरू जनसंख्या विहीन भए।

सबैभन्दा कुख्यात उदाहरणहरू मध्ये एक सेप्टेम्बर २८, १९०१ मा भएको बालाङ्गिगा नरसंहार थियो। समरमा अमेरिकी सेना विरुद्ध भएको जनविद्रोह पछि, अमेरिकी सेना विनाशको असमान अभियानका साथ प्रतिकारमा *बाँकी ४ पृष्ठमा*

# नवउपनिवेशहरूमा...

उत्रिए । ब्रिगेडियर जनरल ज्याकब स्मिथले आफ्ना सेनाहरूलाई टापुलाई "रुवावासीगर्ने उजाड भूमि" (ज्यधष्लिन धिष्मभचलभकक) मा परिणत गर्ने र दस वर्ष भन्दा माथिका सबै पुरुषहरूलाई मार्ने आदेश दिए । सुलुमा, अमेरिकी सैनिकहरूले १९०६ मा बड दाजो पहाडमा १,००० भन्दा बढी मोरो मानिसहरूको नरसंहार गरे; र १९१३ मा बड बागसाकमा ५०० भन्दा बढी मानिसहरूको हत्या गरे । फिलिपिनोहरूलाई "जंगली", "विदेशी आदिम", "साना खैरे बाँदर", वा "अमानवीय" भनेर चित्रण गरी "पाशविक घृणा" र जातीय तथा अमानवीय गालीको प्रयोगबाट प्रतिबिम्बित गरिन्थ्यो, तिनलाई "महान गोरा मानिसहरू" को "मार्गदर्शन" आवश्यक थियो भनी अमेरिकी साम्राज्यवादीहरूले भन्ने गर्दथे ।

अमेरिकी औपनिवेशिक विजयले फिलिपिनी जनताको लोकतान्त्रिक आकांक्षालाई खोसेको थियो । यसले स्पेनी औपनिवेशिक शासनको निरंकुश सामन्ती प्रणालीलाई कायम राख्दै र एकाधिकार पुँजीवादको सेवा गर्न उत्पादनको मोडलाई पुनर्निर्देशित गर्दै अथक हिंसा निम्त्यायो । ठुला सम्पत्तिहरू अक्षुण्ण रहे, र किसानहरू अत्यधिक भाडा र ऋण बन्धनमा फस्दै गए ।

व्यापक विधायीकि र कार्यकारी अधिकार प्रयोग गर्दै युद्ध पूर्ण रूपमा शान्त हुनुभन्दा अघि नै अमेरिकाले १८९९ मा फिलिपिन्स आयोग मार्फत् आफ्नो शासनलाई सुदृढ गर्न थाल्यो । अमेरिकाले १९०१ मा आन्तरिक शान्ति कायमगर्ने तथा दमनकारी उपकरणको रूपमा काम गर्ने फिलिपिनी स्काउट्स र फिलिपिनीनी न्स्टेबुलरी पनि स्थापना गऱ्यो ।

फिलिपिनो प्रतिरोध कायम रह्यो, जसमा मिगुएल मालवार, सिमोन ओला, मकारियो साकेको नेतृत्वमा छापामार लडाकुहरू र मोरो विद्रोहहरू समावेश थिए । अमेरिकी औपनिवेशिक शासनले ब्रिगेन्डेज ऐन अन्तर्गत प्रतिरोधगर्ने लडाकुहरूलाई "डाकु" को रूपमा अपराधीकरण गरेर प्रतिक्रिया दियो । १९०१ को राजद्रोह विरोधी कानूनले स्वाधीनताको वकालत गर्ने सबै प्रयासहरूलाई गैरकानूनी बनायो । यी कानूनहरूले व्यवस्थित दमनको लागि आधार तयार पारे ।

अर्धऔपनिवेशिक व्यवस्थालाई सुदृढ गर्नका लागि लोकतान्त्रिक देखिने तर अमेरिकी हितको अधीनमा रहने राजनीतिक संरचनाहरू खडागर्नु यसको केन्द्रीय प्रश्न थियो । १९१६ को जोन्स ऐनले अन्ततः "स्वतन्त्रता" को प्रतिज्ञा त गऱ्यो तर यसले स्थानीय शासक वर्गहरूलाई भर्तिगर्ने संयन्त्रको रूपमा काम गऱ्यो । यो वाचालाई टाइडिंग्स-म्याकडफी ऐन मार्फत औपचारिक रूप दिइयो, जसमा अमेरिका-अनुमोदित संविधानका आधारमा निर्मित राष्ट्रमण्डल सरकार स्थापना गरी "पवित्र बुर्जुवा लोकप्रियतावादी अभिव्यक्ति र स्व-शासनको मिथकको छलावरण अन्तर्गत अमेरिकी साम्राज्यवाद र स्थानीय शासक वर्गहरूको हितलाई संश्लेषण र मिलान गर्न डिजाइन गरिएको थियो ।"

यी विकासहरूको बीचमा, प्रतिरोधको एक नयाँ रूप देखा पऱ्यो । १९३० मा, क्रिसेन्टो इभान्जेलिस्टाको नेतृत्वमा पार्टीडो कम्युनिस्टा पिलिपिनास (पीकेपी) स्थापना भयो । रूसी अक्टोबर क्रान्तिबाट प्रेरित भएको पीकेपीले श्रमिक-वर्गको नेतृत्वमा क्रान्तिकारी आन्दोलनतर्फ निर्णायक फडका माऱ्यो । १९३२ मा अमेरिकी औपनिवेशिक सरकारले पीकेपीलाई तुरुन्तै गैरकानूनी घोषित गऱ्यो ।

१९४२ मा, जापानी साम्राज्यले फासीवादी दमनलाई चौतर्फी प्रयोग गऱ्यो र फिलिपिन्समाथि अक्रमण गरी कब्जा गऱ्यो, यसबाट अथाह पीडा भयो र अनुमानित ५ लाखदेखि १० लाखभन्दा बढी फिलिपिनी जनता मारिए ।

१९४२ मा, पीकेपीको नेतृत्वमा, हुक्बालाहाप स्थापना भयो, जसले दशौं हजार किसान र कामदारलाई छापामार सेनामा संगठित गऱ्यो । जनतामा जरा गाडेर, हुक्बालाहापले निरन्तर छापामार युद्ध चलायो र जापानी कब्जालाई कमजोर पार्न निर्णायक भूमिका खेल्यो ।

१९४५ मा जापानीहरूको पराजयसँगै, अमेरिकी साम्राज्यवाद पुनः नियन्त्रण गर्न फर्कियो । पुनर्निर्माणको बहानामा, अमेरिकाले जुलाई ४, १९४६ मा नाममात्रको स्वतन्त्रता प्रदान गरेपनि आफ्नो प्रभुत्वलाई सुदृढ बनायो ।

बेल व्यापार ऐन, फिलिपिनी पुनर्वास ऐन, र लरेल-ल्याङ्गली सम्झौताले अमेरिकीहरूलाई "समानताको अधिकार" प्रदान गरेर, फिलिपिनी मुद्रालाई अमेरिकी डलरसँग बाँधेर, र व्यापार प्राथमिकताहरू प्रदान गरेर अमेरिकी आर्थिक प्रभुत्वलाई संस्थागत गरायो । सैन्य अखडाको सम्झौता र पारस्परिक रक्षा सन्धिले अमेरिकाको स्थायी सैन्य उपस्थितिलाई सुनिश्चित गऱ्यो, फिलिपिन्सको प्रतिक्रियावादी सशस्त्र सेनालाई अमेरिकी रणनीतिक हितमा एकीकृत गऱ्यो ।

फिलिपिनी नवऔपनिवेशिक राज्य अमेरिकी साम्राज्यवादी हितहरू लागू गर्ने, जमिन्दारहरू तथा दलाल पुँजीपतिहरूको सम्पत्तिको रक्षा गर्ने र क्रान्तिकारी आन्दोलन दमन गर्ने स्थायी साधन बन्यो । यसरी, नव-औपनिवेशिक राज्य अन्तर्गत अर्ध-औपनिवेशिक र अर्ध-सामन्ती व्यवस्थालाई सुदृढ गरियो ।

***फिलिपिन्समा नवऔपनिवेशिक फासीवादी राज्यको विकास***

विशेष गरी किसान तथा कम्युनिस्ट आन्दोलनको प्रतिक्रिया स्वरूप नवऔपनिवेशिक राज्यको फासीवादी चरित्र सुरुदेखि नै स्पष्ट थियो । सुरुदेखि नै अमेरिकी साम्राज्यवादीहरूले लोकतन्त्रको मुकुण्डो निर्माण गर्दै कम्युनिस्ट विरोधी दमनका आधारमा आफ्नो ग्राहक-राज्यलाई सुदृढ गरे । अमेरिकी निर्देशिकाहरूले फिलिपिन्नी राज्यको दिशा निर्धारण गरेपछि "प्रति-विद्रोह" को ढाँचा अगाडि बढाए ।

१९४५ मा, अमेरिकी सेनाहरूले मालोलोसमा हुकको स्क्वाड्रन ७७ को नरसंहार गरे । १९४० को दशकको अन्त्य र १९५० को दशकको सुरुमा, फिलिपिनी सरकारले हुकहरू विरुद्ध सैन्य अभियान सुरु गऱ्यो । १९५० मा, मालीवालु नरसंहारमा पाम्पाङ्गाको बाकोलरमा २० भन्दा बढी किसानहरू मारिए ।

अमेरिकी सल्लाहमा म्यागसेसेलाई शुद्ध सैन्य दमनबाट "मुटु र मन जित्ने" अभियान तर्फ मोड्यो ।। विकसित सैन्य गुप्तचरले एएफपीलाई १९५० मा पीकेपी र हुक नेतृत्वको सम्पूर्ण सचिवालयलाई पत्तालगाउन र पक्राउ गर्न अनुमति दियो । गम्भीर विचारधारात्मक त्रुटिहरूका कारण क्रान्तिकारी आन्दोलन प्रतिक्रान्तिलाई प्रभावकारी रूपमा सामना गर्न असफल भयो ।

हुकहरूको दमन पछि, सरकार आफ्नो विजय सुदृढ पार्न अघि बढ्यो । १९५७ को विध्वंस-विरोधी ऐनले साम्यवादको विरोधलाई राज्यनीतिको रूपमा संस्थागत गऱ्यो । डिओसडाडो म्याकापागल अन्तर्गत, १९६१ मा म्याकार्थीवादको शैलीमा कम्युनिस्टहरूलाई बोक्सीलाई झैं लखेट्न थालियो ।

विद्यार्थीहरूका तर्फबाट गरिएको तीव्र विरोधका कारण १९६१ को सुनुवाइ रोकियो । यसपछि १९६४ मा काबाताङ मकाबायन (ृः) र १९६८ मा क्म्पू को स्थापना भयो । सामाजिक अशान्ति तीव्र भयो, १९७० को पहिलो चौथाइमा यो उत्कर्षमा पुग्यो । यसका साथै, १९६८ मा पुनर्स्थापित फिलिपिनी कम्युनिष्ट पार्टीको नेतृत्वमा १९६९ मा नयाँ जनसेनाको स्थापनासँगै पुनः सशस्त्र क्रान्ति सुरु भयो ।

देशभक्त शक्तिहरूको पुनरुत्थानसँगै, अमेरिकी निर्देशनमा प्रतिक्रियावादी राज्य "फासीवादीकरण" को प्रक्रियामा अगाडि बढ्यो । उदार लोकतन्त्रका गहनाहरू खिइँदै गए, जसले सेनाको बढ्दो भूमिकालाई बाटो खोलिदियो । व्कःब्न् को सल्लाहमा फिलिपिनी सशस्त्र बल (बँए) ले नागरिक तथा राज्य मामिलामा ठुलो भूमिका खेल्यो ।

**मार्शल ल र खुला फासीवादी शासन**

फर्डिनान्ड मार्कोस सिनियरले फासीवादी तानाशाही स्थापना गरी १९७२ मा मार्शल ल घोषणा गरे । अमेरिकाको पूर्ण समर्थनमा, मार्कोसले कांग्रेस खारेज गरे, नागरिक स्वतन्त्रता निलम्बन गरे र हुकुमी शासन चलाए । उनले प्रमुख उद्यमहरूलाई एकाधिकारी बनाएर र देशलाई गम्भीर ऋणमा डुबाएर नोकरशाही पुँजीवादको विस्तार गरे ।

सेना र प्रहरी संरचनाहरूको व्यापक विस्तार भयो । श्रमिक, विद्यार्थी तथा पत्रकारहरू सहित दशौं हजारलाई पक्राउ गरियो । यातना, जबरजस्ती बेपत्ता पार्ने कार्य र गैरन्यायिक हत्या संस्थागत साधन बने ।

मार्शल लले प्रतिविद्रोही बाटो खोल्ने प्रारम्भिक भूमिका खेल्यो । एएफपी र फिलिपिनी कन्स्टेबुलरीले प्राथमिक स्तम्भको रूपमा काम गरे । मार्कोसले "कोपिलामै निमोठ" अभियान र अमेरिकाद्वारा निर्देशित ओप्लान काटाटागन चलाए । सम्पूर्ण समुदायहरू सैन्य कब्जा, खाद्य नाकाबन्दी र नरसंहारको शिकार भए ।

१९८० को दशकको मध्यतिर, व्यापक विरोध प्रदर्शन, आर्थिक पतन र शासक वर्ग भित्रको झगडाले १९८६ मा मार्कोसको पतन भयो ।

**मार्शल ल पछि**

मार्कोसको बर्खास्तीले रूपमा परिवर्तन ल्यायो, तर सारमा होइन । नवऔपनिवेशिक फासीवादी शासनको आधारभूत संरचनाहरू यथावत रहे ।

"लोकतन्त्र पुनर्स्थापना" को जामाका बावजुद, जनवरी १९८७ को मेन्डियोला नरसंहारमा फासीवादी चरित्रको पर्दाफास भयो, जहाँ राज्यको सेनाले भूमि सुधारको लागि प्रदर्शन गरिरहेका किसानहरूमाथि गोली चलाएको थियो । यो मार्कोस पछिको शासनले कुनै पनि माध्यमबाट जग्गाधनी र दलालको हितको रक्षा गर्नेछ भन्ने स्पष्ट घोषणा थियो ।

एक्विनो सरकारले ओप्लान मामामायन र ओप्लान लाम्बाट बिटाग मार्फत् प्रति-विद्रोहलाई चर्कायो । १९९२ मा फिडेल रामोसलाई अगाडि सारिएपछि सैन्य नियन्त्रण बढाउने काममा एउटा महत्वपूर्ण मोड आयो । उनले अमेरिकी निर्देशनमा दमनका तीन अभियानहरू सुरु गरे ।

जोसेफ एस्ट्राडाको शासनले सैन्यवादी दमनसँग लोकप्रियतावादलाई जोड्यो । १९९९ मा, उनले ओप्लान मकाबायन सुरु गरे, जुन सीपीपी र एनपीएलाई नष्ट गर्ने उद्देश्यले गरिएको एक समग्र युद्ध रणनीति थियो ।

ग्लोरिया मकापागल एरोयोको नेतृत्वमा अमेरिकाको नेतृत्वमा रहेको "आतंकवाद विरुद्धको युद्ध" बाट लिइएको फासीवादी मेसिनरी विस्तार गरियो । उनले प्रतिक्रान्तिकारी युद्धलाई "आतंकवाद" विरुद्धको अन्तर्राष्ट्रिय लडाइँको एक अंशका रूपमा अर्थ्यायिन । एरोयो शासनले कार्यकर्ता, पत्रकार र ट्रेड युनियनवादीहरूलाई लक्षित गर्दै ओप्लान बान्टे लाया क्ष र क्षक्ष सञ्चालन गऱ्यो । यस अवधिमा गैरन्यायिक हत्यामा तीव्र वृद्धि भयो । २००७ को मानव सुरक्षा ऐनले "आतंकवाद विरुद्ध युद्ध" को सिद्धान्तलाई कनूनी रूपदियो ।

बेनिग्नो एक्विनो क्षक्षक्ष अन्तर्गतको फासीवादी शासनलाई "सुशासन" को रूपमा अर्थ्याइयो । उनको प्रशासनले अमेरिकी प्रतिविद्रोहकोनिर्देशिकालाईप्रतिबिम्बित गर्दै ओप्लान बयानिहान मार्फत प्रतिविद्रोह ढाँचालाई कायम राख्यो । एक्विनोले एएफपीलाई यस क्षेत्रमा अमेरिकी साम्राज्यवादको रणनीतिक कार्यमा चीनसँग बढ्दो प्रतिद्वन्द्विताको सामना गर्न्न अझ एकीकृत हुँदै २०१४ मा सम्बृद्ध रक्षा सहयोग सम्झौता (भ्मऋब) मा हस्ताक्षर गरे ।

रोड्रिगो डुटेर्टेको नेतृत्वमा फासीवादले खुला हिंस्रक चरित्र ग्रहण गऱ्यो । उनको "लागुऔषध विरुद्धको युद्ध" आम जनहत्याको फासीवादी अभियान थियो, जुन ग्रामीण इलाकामा निरन्तर प्रतिक्रान्तिकारी अभियानसँग समानान्तर रूपमा चल्दथ्यो । उनले ऋएए, ल्एब् र ल्मँए लाई "आतंकवादी संगठन" बताएर २०१७ मा शान्तिवार्ताको अन्त्य गरे । उनले ओप्लान कपानाटागनलाई जारीगरे र मिन्डानाओमा मार्शल ल लागू गरे ।

अमेरिकी निर्देशनमा डुटेर्टेले मारावीलाई घेराबन्दी गरे, अमेरिकी सहयोगमा बम विष्फोट गराई शहर धुलोपिठो बनाए ।

**कार्यकारी आदेश ३७० र २०२० को आतंक–विरोधी कानून**

तीव्र फासीवादी अभियानको एक केन्द्रीय उपकरणका रूपमा "सम्पूर्ण राष्ट्रिय दृष्टिकोण" लाई संस्थागत गर्ने कार्यकारी आदेश नम्बर ७० (२०१८) थियो । यसले नागरिक एजेन्सी र संस्थाहरूलाई एकीकृत प्रतिविद्रोह कमाण्ड अन्तर्गत राखेर ल्तँ-भ्जिबअ सिर्जना गऱ्यो । यसले राज्यको मामिला र नागरिक जीवनका सबै पक्षहरूमा सेनाको पहुँच विस्तार गऱ्यो ।

NTF–lEcac ले कार्यकर्ता र पत्रकारहरूलाई लक्षित गर्दै कम्युनिस्टको शिकारगर्ने अभियान ब्युँतायो । २०२० को आतंकवाद विरोधी ऐनले राज्यलाई जो केहीलाई पनि "आतंकवादी" बिल्ला भिराउन सक्ने व्यापक शक्ति दियो ।

यो प्रक्षेपण फर्डिनान्ड मार्कोस जूनियर भ्इ ७० अन्तर्गत जारी छ र ल्तँ-भ्जिबअ क्रियाशील छ । मार्कोस जूनियरले राष्ट्रिय एकता, शान्ति र विकास कार्ययोजना (ल्वए-एम) मार्फत् राता मान्छेहरू छान्ने र तिनलाई सैन्य कार्बाहीसँग जोड्ने गरी यसको निर्माण गरे । उनले असहमतिलाई अपराधीकरण गर्न र सम्पत्ति फ्रिज गर्न आतंकवाद विरोधी ऐनको प्रयोगलाई विस्तार गरे ।

मार्कोस जूनियरले भ्मऋब् अन्तर्गतका सुविधाहरूलाई विस्तार गरी र चीनलाई कमजोर पार्ने अमेरिकी प्रयासहरूसँग फिलिपिन्सलाई पङ्क्तिबद्ध गरी अमेरिकासँग सैन्य सम्बन्धलाई गहिरो बनाएका छन् । यसले अमेरिकी साम्राज्यवादमाथिको निर्भरतालाई बलियो बनाएको छ ।

सबैलाई एकसाथ मिलाउँदा, यी शासनहरूले फासीवाद नवऔपनिवेशिक राज्यको प्रमुख विशेषता हो भन्ने देखाउँछन् । प्रगतिशील शक्तिहरूका विरुद्ध स्थायी युद्ध गर्न फासीवादी उपकरणलाई निरन्तर परिष्कृत गरिन्छ ।

***प्रतिविद्रोह र फासीवादी प्रतिक्रान्तिका संयन्त्रहरू***

फिलिपिन्समा देखिइझैं, नवउपनिवेशहरूमा हुने फासीवादी प्रतिक्रान्ति अमेरिकी साम्राज्यवादद्वारा संचालित एउटा जानीबुझी गरिने राजनीतिक परियोजना हो । प्रो. सिसनले टिप्पणी गरेझैं, "अमेरिकी एकाधिकार पुँजीवादले ग्राहक राज्यहरूमा फासीवादी शासन स्थापना गर्न उक्साउँदै आइरहेको छ ... जब यो क्रान्तिकारी जनआन्दोलनबाट अत्यन्त भयभित हुन्छ ।"

यी प्रतिविद्रोह (COIN) का अभियानहरूले राजनीतिक विरोधीहरूलाई हटाउन र परिश्रमी जनतालाई दमन गर्न साम्यवाद विरोधी विचारधारा प्रयोग गर्छन् । ऋइक्ष्ल् को उत्पत्ति फिलिपिन्स-अमेरिकी युद्धमा भएको हो, जहाँ अमेरिकाले जनसंख्या नियन्त्रण, बस्ती विस्तार र आतंक जस्ता कार्यनीतिहरूको विकास गऱ्यो । यो सिद्धान्त नवऔपनिवेशिक संसारभरि ग्राहक राज्यहरूमा निर्यात गरियो ।

आधुनिक ऋइक्ष्ल् कार्बाहीहरूलाई जनसंख्या नियन्त्रण, कानुनी संहिताकरण, वैचारिक हेरफेर र उन्नत सैन्य प्रविधिहरूद्वारा परिभाषित गरिएको छ ।

**१. वास्तविक मार्शल ल**

COIN कार्यनीतिको केन्द्रमा सम्पूर्ण जनसंख्यालाई सैन्य नियन्त्रणमा राख्ने व्यवस्थित उपायहरू रहेका छन् । चेकपोइन्ट, कर्फ्यू र गस्तीहरू मार्फत् समुदायको सैन्यीकरण गरिएको देखिन्छ । "द्वन्द्व क्षेत्रहरू" नाम दिइएका ग्रामीण इलाकाहरूमा चर्का अपरेशनहरू चलाइन्छ, जहाँ जनसंख्यालाई खतराको रूपमा व्यवहार गरिन्छ ।

भारतमा, सम्पूर्ण इलाकालाई "द्वन्द्व क्षेत्र" घोषित गरिएको छ । २००९ मा, राज्यले अपरेशन ग्रीन हन्टको क्रममा ८०,००० अर्धसैनिक सेना तैनाथ गरेको थियो । यसपछि २०२४ मा कागार नामको अपरेशन चलाइयो, जसमा १००,००० सुरक्षाकर्मीहरू सम्मिलित थिए, तिनले गाउँलेहरूलाई सरकार-नियन्त्रित बस्तीहरूमा स्थानान्तरण गर्न बाध्य पारेका थिए ।

फिलिपिन्समा "समग्र राष्ट्रिय दृष्टिकोण" अन्तर्गत यस्तै रणनीति क्रियाशील छ । ग्रामीण क्षेत्रहरूमा सैन्य एकाइहरू तैनाथ गरिएका छन् । सैनिकहरूले चेकपोइन्टहरू स्थापना गर्छन् र व्यापार नियन्त्रण गर्छन् । कोषमा पहुँच स्थापित गर्नका लागि स्थानीय अधिकारीहरू तिनलाई "विद्रोहमुक्त" क्षेत्र घोषणा गर्न बाध्य हुन्छन् ।

जबरजस्ती विस्थापन एक प्रमुख कार्यनीति रहेको छ । सुरक्षा वा विकासको बहानामा र कहिलेकाही खानीका लागि क्षेत्रहरू खाली गर्न भनी समुदायहरूलाई हटाइन्छ । मिलेमतोमा सहायताको पहुँच स्थापित गरिन्छ । फिलिपिन्समा, जमिनको मुद्दाबाट ध्यान अन्यत्र मोड्न "सर्तबद्ध नगद स्थानान्तरण" (ऋयलमष्तष्यलर्बा अबकज तचबलकाभच) प्रयोग गरिएको छ ।

कब्जा गरिएको प्यालेस्टाइनमा, जबरजस्ती विस्थापन प्रमुख प्रश्न हो । बसोबास गर्नेहरूको नेतृत्वमा गरिने निष्कासनमा सम्पूर्ण समुदाय पर्दछन् । कोलम्बियामा, राज्य र अर्धसैनिक समूहहरूले ँब्चक्ष लाई समर्थन गर्ने भनी शंका गरिएका समुदायहरूको घरहरू जलाउने र कृषि भूमि कब्जा गर्ने काम गरेर समुदायहरूलाई उच्छेद गरे ।

**१. फासीवादी शासनलाई वैध बनाउने कानूनहरु**

अमेरिकी सल्लाहकारहरूले फासीवादी दमनलाई संस्थागत गर्दै ऋइक्ष्ल् सिद्धान्तलाई विधायीकी ढाँचामा सम्मिलित गर्न जोड दिए । यसमा विद्रोह विरोधी र आतंकवाद विरोधी कानूनहरूको मस्यौदा तयार गर्ने काम पर्दथे ।

फिलिपिन्समा, १९५७ को विद्रोह विरोधी ऐन मार्कोसद्वारा विस्तार गरिएको थियो । यसलाई २००७ को मानव सुरक्षा ऐन र पछि २०२० को आतंकवाद विरोधी ऐनले प्रतिस्थापन गरेको थियो । यी कानूनले प्रमाण बिना व्यक्तिहरूलाई "आतंकवादी" करार गर्न पर्याप्त अधिकार प्रदान गरेका छन् ।

भारतमा, गैरकानूनी गतिविधिहरू (रोकथाम) ऐन (UAPA) ले कुनैपनि व्यक्तिलाई मुद्दा नचलाइकन "आतंकवादी" को बिल्ला भिराउन सक्ने अनुमति दिएको छ । सशस्त्र बल (विशेष शक्ति) ऐन (ब्ँक्एब) ले कश्मीर जस्ता "अशान्त क्षेत्रहरू" मा सेनालाई सुरक्षाको अधिकार दिएको छ ।

प्यालेस्टाइनमा, दोहोरो कानुनी प्रणालीले शासन गर्दछ : बसोबास गरेकाहरूलाई नागरिक कानून र प्यालेस्टिनीहरूलाई सैन्य कानून । कुनै आरोप बिना नै सैन्य आदेशले प्रशासनिक नजरबन्दको अनुमति दिन्छ । आतंकवाद विरोधी कानूनले राजनीतिक अभिव्यक्तिलाई अपराधीकरण गर्दछ ।

**१. सञ्चार माध्यममा वैचारिक हेरफेर र नियन्त्रण**

फासीवादी शासनमा प्रधानरूपमा जबरजस्ती दवाव र सहायकरूपमा विचारधारात्मक प्रभुत्व रहन्छ । प्रो. सिसनले टिप्पणी गरेझैं, "छलछामको नीति जनतामाथि फासीवादी दमनगर्ने एउटै सिक्काको अर्को पाटो हो ।"

वास्तविक मार्शल ल रहेको अवस्थामा पनि फासीवादी राज्यलाई ढाकछोप गर्न र लोकतन्त्रको भ्रम सिर्जना गर्न, प्रतिक्रियावादीहरूले नियमित रूपमा चुनावहरू गर्ने गर्छन् । प्रतिक्रियावादी शासकहरूले आफ्नो शासनको वर्ग चरित्रलाई ढाकछोप गर्न लोकप्रिय नाराहरूको प्रयोग गर्छन् । फिलिपिन्समा, प्रत्येक शासनले यस्ता नाराहरू प्रयोग गरेको छ : "फिलिपिन्स २०००" देखि "बागोङ पिलिपिनास" सम्म । वर्तमान मार्कोस जूनियरको शासनले विकासको लागि दमन आवश्यक ठान्दछ ।

९/११ पछि, "आतंकवादसँग लड्ने" नाराले "साम्यवादको विरोध" लाई विस्थापन गरेको छ । भारतमा, हिन्दुत्व विचारधाराले कार्यकर्ताहरूलाई "शहरी नक्सल" को नाम दिइएको छ ।

यी नाराहरू अमेरिका-नियन्त्रित मिडियासँग जोडिएका छन् । राज्य र कर्पोरेट मिडियाले क्रान्तिकारी आन्दोलनहरूलाई खतराको रूपमा चित्रण गर्छन् । सीआईए-निर्देशित एसिया फाउन्डेसन र नेशनल एन्डोमेन्ट फर डेमोक्रेसीले दक्षिणपूर्वी एसियामा काम गरेका छन्, अमेरिकी हितसँग मिल्दोजुल्दो कथा बनाएर अभिजात वर्गलाई प्रशिक्षण दिइरहेका छन् ।

प्यालेस्टाइनमा, यहुदीवादी र अमेरिकी भनाइले प्रतिरोधलाई "सभ्यता" का लागि खतराको रूपमा प्रस्तुत गर्छन् । प्रेस स्वतन्त्रतामाथिको प्रतिबन्धले वैकल्पिक आवाजहरूलाई दबाउँछ ।

**१. उन्नत सैन्य प्रविधिहरुको एकीकरण**

फासीवादी नियन्त्रणको सुदृढीकरण बढ्दो रूपमा उन्नत निगरानी र डिजिटल दमनमा निर्भर गर्दछ ।

फिलिपिन्समा, डिजिटल निगरानी एउटा प्रमुख साधन हो । एएफपीले जीपीएस ट्र्याकिङ, मोबाइल मेटाडेटा ट्रलिङ र हवाई निगरानी प्रयोग गर्दछ । सामाजिक सञ्जाललाई "विध्वंसक" गतिविधि भनी निगरानी गरिन्छ । अमेरिका र इजरायल-निर्मित ड्रोनहरू कार्बाहीका अभिन्न अंग बन्न गएका छन् ।

प्यालेस्टाइनमा, अमेरिका-समर्थित शासनले सामाजिक सञ्जाल र बायोमेट्रिक डेटालाई "भविष्यवाणी गर्ने पुलिसिङ" (एचभमष्अतष्खभ एयष्अिष्लन) प्रणालीमा एकीकृत गर्दै पलान्टिरको प्रविधि प्रयोग गऱ्यो । गाजा यी नियन्त्रणहरूको लागि परीक्षण स्थल बनेको छ ।

भारतमा, मोदी सरकारले गतिविधि पत्तालगाउन एआई-संचालित ड्रोन प्रणाली र थ्रु-वाल रडारहरू प्रयोग गर्दछ ।

यी संयन्त्रहरूको केन्द्रमा अमेरिकी साम्राज्यवाद छ, जसले उन्नत प्रविधिहरू आपूर्ति गर्दै आएको छ । निरन्तर दमन गर्नुपर्ने आवश्यकताले अर्ध-औपनिवेशिक समाजको गहिरो संकटलाई प्रतिबिम्बित गर्दछ । तीव्र हुँदै गइरहेको फासीवादी नियन्त्रण र उत्पीडितहरूको स्थायी संघर्षका बीचको अन्तर्विरोधबाट नै क्रान्तिकारी संघर्षको आवश्यकता पैदा हुन्छ ।

**फासीवाद तथा साम्राज्यवादको अन्त्यका लागि जनयुद्ध गरौं**

नवउपनिवेशहरूमा फासीवादलाई केवल एक तदनुरूप संगठित क्रान्तिकारी शक्तिले मात्र पराजित गर्न सक्दछ । प्रो. सिसनले व्याख्या गरेझैं, "नयाँ विश्व अव्यवस्थाले फासीवाद र युद्ध उत्पन्न गर्दछ ... जनतालाई क्रान्तिकारी संघर्ष गर्न प्रेरित गर्दछ ।"

फासीवादलाई जन्म दिने यीनै शर्तहरूले क्रान्तिका लागि वस्तुगत आधार सिर्जना गर्दछन् । फासीवादी दमनले जनतालाई प्रतिरोध गर्न उत्प्रेरित गर्छ । कम्युनिस्ट पार्टीको काम यो अवस्थालाई सचेत र संगठित शक्तिमा रूपान्तरण गर्नु हो । यसमा पार्टी निर्माण, मजदुर-किसान गठबन्धन निर्माण, सशस्त्र संघर्षलाई अगाडि बढाउने र सबै प्रगतिशील शक्तिहरूलाई एकताबद्ध गर्ने कामहरू पर्दछन् ।

फासीवाद र साम्राज्यवादलाई परास्त गर्न, क्रान्तिकारी आन्दोलनहरूले जनताको जनवादी क्रान्ति चलाउनु पर्दछ । यो क्रान्ति चरित्रमा राष्ट्रिय छ, विदेशी प्रभुत्व विरुद्ध निर्देशित छ, र अन्तर्वस्तुमा लोकतान्त्रिक छ, घरेलु सामन्ती र दलाल वर्गहरूमाथि लक्षित छ । रणनीति भनेको ग्रामीण इलाकाबाट शहरहरूलाई घेर्ने दीर्घकालीन जनयुद्ध हो । ग्रामीण इलाकाले सशस्त्र संघर्षको लागि मुख्य भूमिको रूपमा काम गर्दछ, जबकि शहरहरूले कानुनी राजनीतिक संघर्षको भूमिको रूपमा काम गर्दछन् ।

फिलिपिन्समा सीपीपीको नेतृत्वमा चलेको क्रान्तिकारी आन्दोलनले छापामार इलाकाहरूमा राजनीतिक सत्ताका अंगहरू स्थापना गरेको छ । यी जनताको जनवादी सरकारका भ्रूण हुन्, जहाँ क्रान्तिकारी भूमि सुधार, स्वास्थ्य सेवा र शिक्षा प्रदान गरिन्छ । एनपीएले प्रतिक्रियावादी राज्यको सशस्त्र शक्तिलाई ध्वस्त पार्न प्रमुख हतियारको रूपमा काम गर्दछ ।

ग्रामीण इलाकाले सशस्त्र संघर्षको प्राथमिक कार्य गर्दछ भने, कानुनी लोकतान्त्रिक जनआन्दोलनले महत्वपूर्ण पूरकको भूमिका खेल्दछ । यसले समाजको अर्धऔपनिवेशिक चरित्रलाई उजागर गर्दछ र प्रगतिशील शक्तिहरूको एकता निर्माण गर्दछ । प्रो. सिसनले व्याख्या गरेझैं, कानुनी संघर्षहरू क्रान्तिकारी संघर्षको हतियारको रूपमा प्रयोग गरिन्छ, यसको विकल्पको रूपमा होइन ।

जनताको जनवादी क्रान्तिले दुई चरणको क्रान्तिकारी प्रक्रिया मध्ये पहिलो ऐतिहासिक चरणको प्रतिनिधित्व गर्दछ । विजय पछि, क्रान्ति समाजवादी कार्यहरू तर्फ अगाडि बढ्छ । यसले पुराना शोषक वर्गहरूलाई दबाउने छ, भूमि वितरण पूर्ण गर्नेछ र समाजवादी रूपान्तरणको आधार तयार गर्नेछ ।

स्वतन्त्र अर्थतन्त्र निर्माण गर्न राष्ट्रिय औद्योगिकीकरण सुरु गर्नुपर्छ । अर्थतन्त्रको कमान्डिङ उचाइ जनताको जनवादी राज्यद्वारा नियन्त्रित हुनेछ । यसले उत्पादनका साधनलाई सामाजिकीकरण गर्नेछ ।

प्रो. सिसनले हामीलाई सम्झाउनुहुन्छ, "अविकसित देशहरूमा हुने क्रान्तिकारी संघर्षहरूले एकअर्कालाई सहयोग गर्नुपर्छ ।"

फिलिपिन्समा जनयुद्धको सञ्चालन उत्पीडित जनताको संघर्षमा सीपीपीको योगदान हो । फासीवाद र साम्राज्यवादको पराजय राष्ट्रिय मुक्ति र समाजवादका लागि संघर्षबाट अविभाज्य छ । दीर्घकालीन जनयुद्ध भनेको त्यो बाटो हो जसबाट जनताले साम्राज्यवादी प्रभुत्वलाई भत्काउन, स्थानीय शोषक वर्गहरूलाई उखेल्न र वास्तविक लोकतन्त्र र सामाजिक न्यायमा आधारित नयाँ समाज निर्माण गर्न सक्छन् ।

# मध्यपूर्बमा फेरि भयानक युद्ध : बिश्वनै गम्भीर संकटको चपेटामा



● लोकनारायण सुवेदी ●

गएको २८ फेब्रुअरीका दिन अमेरिका र इजरायलले संयुक्तरूपमा ईरानमाथि आक्रमण गरेपछि शुरु भएको युद्ध अस्वीकार्य र अबाञ्छित जनधनको ठूलो क्षति पछि केही दिन थामिदा बिश्वलाई ठूलो राहत मिलेको अनुभव हुँदै थियो ।तर पश्चिम एशियामा साम्राज्यबादले आफ्नो चरित्र र स्वाभाव हनुसार युद्ध बिराम तोडेर अर्को चरणको भिषण युद्ध शुरु गरेको छ। ६० दिनको भनिएको युद्ध बिराम भंग भएको छ। अमेरिका र ईरानका पछिल्ला बयानबाजीहरूलाई ध्यान दिने हो भने कुन बेला फेरि युद्ध भड्किने हो भन्ने सन्त्रास सर्बत्र छाएको थियो। गएको शनिबार राती ईरानका १४० स्थानमा हमला गरियो। त्यसको तत्कालीन निहुँ थियो ईरानले साईप्रसको झण्डाभएको जहाजमाथि हमला गरेर युद्ध बिरामा तोडेपछि यो आक्रमण गरेको हो। अमेरिकाको यो बिशाल हमला पछि ईरानले पनि युद्धको प्रतिरोधस्वरूप कुबेत, बहराईन समेत अमेरिकी सैन्य अखडाहरूलाई तारो बनाएर प्रतिहमला गर्न थाल्यो। त्यसपछि ईरानको ‘इस्लामिक रिभोल्यूशनरी गार्ड कर्प्स’(आईआरजीसी)ले चेतावनी पनि दिइसकेको छ कि यदि अमेरिकाले थप अरु हमला गरेको खण्डमा ईरानले त्यसको कडाभन्दा प्रतिरोध गर्नेछ। ईरानले के पनि दाबी गरेको छ भने उसको नौसेनाले एउटा यस्तो मालबहक जहाजलाई चेतावनी दिएको थियो कि जुन ईरानको तर्फबाट निर्धारित सुरक्षित मार्ग थियो त्यसको बिपरीत अर्को मार्गबाट हिडेको हुनाले उसमाथि गोली चलाइएको थियो। अमेरिकाको तर्फबाट भएको हमलाको बिरुद्ध प्रतिरोध गर्नुकासाथै एक पटक फेरि ईरानले हर्मुज जलडमरुमध्य मार्गलाई बन्द गरिदिएको छ।

मोहम्मद बागर गालिबाफ जो ईरानी संसदका सभमुख हुन्, ले एक्समा पठाएको पोष्टमा भनेका छन् -‘एकतर्फी सम्झौताको काल अब समाप्त भइसकेको छ। हामीले तपाईलाई भनेका थियौ कि आफ्नो कुरामा अडिग रहनु होला अन्यथा परिणाम भोग्न तयार हुनु होला। त्यो सत्य कुरा अब सामुमा आएको छ’ ।उनले अमेरिकासँग भएको सम्झौताको पाँचौ बूँदाको स्क्रिनशटको शेयर पनि त्यसमा गरेका छन्। जसमा लेखिएको छ कि सम्झौतमा हस्ताक्षर गरिसके पछि ईरानले ६० दिनसम्म कुनै असुली या कर नलिइकन ब्यापारिक जाहाजहरूलाई फारसको खाडीबाट ओमनको खाडीसम्म सुरक्षित निस्कन दिनेछ। तर अब ईरानले प्रष्ट भनिसकेको छ कि ‘अर्को आदेश नभएसम्म हर्मुज जलडमरुमध्य बन्द रहनेछ’ ।ईरानका बिदेशमन्त्री अब्बस अरागाचीले त अमेरिकामाथि युद्ध बिराम सम्झौता उल्लंघन गरेको आरोप लगाएका छन्। उनले भनेका छन् कि अमेरिकाले ईरानलाई डलरमा कच्चा तेल बेच्ने जुन छुट दिएको थियो, त्यसलाई अचानक समाप्त गरिदियो। अरागाचीले सोशियल मिडियामा लेखेका छन् कि ‘सम्झौता त्यतिबेला मात्र लागु हुन्छ जतिबेला दुबै पक्षले त्यसको पालना गर्दछन्’ ।

उता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फेरि दाबी गर्दै भनेका छन् कि ईरानले उनको हत्याको षडयन्त्र रचिरहेको छ। उनल सामाजिक सञ्चार माध्यममा लेखेका छन कि ‘यदि ईरानले उनका बिरुद्ध कुनै कारबाही गर्यो भने अमेरिकाले तुरुन्तै त्यसको जबाफ दिनेछ। उनले थप भनेका छन् ‘ईरानको लागि १००० मिसाईलहरू तयार छन् र आवश्यक परे हजारौ अरु मिसाइलहरू दागिनेछ’। उनले के पनि फेरि दोहोर्याए भने अमेरिका युद्ध बिराम समाप्त भएको मान्दछ तर बार्ताको बाटो पूर्णरूपले बन्द भने गरिएको छैन। यस प्रकारका अर्थहीन बयानबाजी ट्रम्पले शुरुको दिनदेखि नै गर्दै आएका हुन्। जब अमेरिका र इजरायलले ईरानमाथि हमला शुरु गरेका थिए, त्यतिबेला पनि अमेरिकाले ईरानको तर्फबाट खतरा रहेको कुरा उठाएका थिए। ईरानमाथि परमाणु बम बनाएको षडयन्त्रमूलक आरोप त अमेरिकाले बारम्बार लगाउने नै गरेको छ। जस्तो किमिसलले ईरानमाथि हमलाका नयाँ नयाँ बहानाको खोजी अमेरिकाले गर्ने गर्दछ त्यसबाटै स्पष्ट हुन्छ कि उसको चासो र चिन्ता बिश्व शान्तिप्रति कत्ति पनि छैन। बरु उसको हात हतियारको कारोबारी बजार भने फल्ने फुल्ने गर्दै आएको छ ।युद्धको कारण शेयर बजारमा उथलपुथल जारी रहन्छ र तेलको मूल्यको मुनाफाखोरीको मौका ट्रम्पलाई मिलिरहन्छ। उनको यथार्थ दिलचस्पी र चासो यति नै मात्र हो।

गएको हप्ता जतिबेला अमेरिकाद्वारा हत्या गरिएका ईरानी सर्बोच्च नेता खामेनाईको सम्मानमा शोक सभाहरू भइरहेका थिए र उनको अन्तिम संस्कार गर्ने कार्यक्रम चलिरहेको थियो त्यतिबेला डोनाल्ड ट्रम्पले एकदमै अबाञ्छित बयान दिएका थिए कि उनले चाहे भने कयौं ईरानी अधिकारीहरूलाई एकै चिहान हुने गरी मार्न सक्छन्। गत २८ फेब्रुअरीका दिन अमेरिका र इजरायलको संयुक्त हमलामा नै ईरानी सर्बोच्च नेता खामेनाई सहीत उनका कतिपय परिजनहरूसँगै हत्या गरेको थियो। अमेरिका र इजरायलालाई भ्रम थियो कि खोमेनाईलाई खत्तम गरेपछि उनीहरूले ईरानलाई आफ्नो कब्जामा लिनेछन्। तर ईरानले पूरै सक्षमता र सबलताकासथ अमेरिका बिरुद्ध लड्दै रह्यो। त्यसपछि मात्रै बाध्य भएर ट्रम्पले सम्झौता गर्न राजी हुनु परेको थियो।

यद्यपि त्यतिबेला इजरायलका प्रधानमन्त्री नेतन्याहू यसका लागि तयार देखिदैनथे। गाजाको साथै लेबनान र ईरान दुबै ठाउमा इजरायलको कुदृष्टि पर्दै आएको छ। आफ्नो हमलालाई जायज ठहराउनका निम्ति नेतन्याहूले आत्मरक्षको मनोमानी सिद्धान्त प्रतिपादन गर्दै आएका छन्। तर अन्तर्राष्ट्रिय न्यायालयले जब उनलाई युद्ध अपराधी ठहरायो त्यस्तो बेलामा उनले गर्ने कुनै पनि तर्कमाथि बिश्वास गर्न कठिन भएको स्थिति छ। डोनाल्ड ट्रम्पको लागि घरेलु स्थिति पनि निकै कठिनाईपूर्ण रहेको देखिन्थ्यो। ईरान युद्धका बिरुद्ध जोडदाररूपमा खडा भए पछि उनी सम्झौता गर्न तयार भएका हुन् ।तर यति चाँडै ट्रम्प त्यस बाटोबाट बिचलित भइसकेका छन् भने त्यसको पछाडि कुनै ठूलो दबाब या कुनै दुरभि-सन्धिले काम गरिरहेको हुनसक्छ भन्ने मान्न पनि सकिन्छ। ईरानलाई यस युद्धमा दोषी देख्ने प्रबृत्तिवालाहरूले कुन कुरालाई देख्दैनन् भने पहिलो हमला ईरानको तर्फबाट भएकै थिएन त्यसो गर्ने मनसुवा पनि प्रकट गरेको थिएन। तर उसमाथि युद्ध थोपरिन्छ भने त निश्चय नै त्यसको प्रतिरोध गर्नु उसको कर्त्तब्य नै बन्दछ। यस पटक पनि उसले त्यसै गरेको छ। तर ईरानको छिमेकी तर अमेरिकाको सहयोगीकोरूपमा चिनिदै आएको साऊदी अरबको तर्फबाट जारी गरिएको बयानमा के भनिएको छ भने ईरानको तर्फबाट अन्तर्राष्ट्रिय कानुन, संयुक्त राष्ट्र संघको बडापत्र, अर्गनईजेशन अफ इस्लामिक कोपरेशनको चार्टर र छिमेक सम्वन्धका नियमहरू उल्लंघन गरिरहेको छ। यसको सबूत प्रमाण ब्यापारिक जहाजहरूमाथि ईरानको पटक पटकको हमलाहरू हुन् जसले जहाज आउने जाने ‘नेभिगेशन’को सुरक्षा र तिनको स्वतन्त्रतामाथि खतरा पैदा हुने गर्दछ। ईरानमाथि यसरी औंला उठाउने साऊदी अरबलाई यो कुरा देखापरिरहेको छैन कि अमेरिका र इजरायले कत्ति धेरै अन्तर्राष्ट्रिय नियमह, कानुनहरू र अभिसन्धिहरूको ठाडै उल्लंघन गर्ने गर्दै आएका छन् र गरिरहेकाछन्। तिनलाई कसैले किन औंला ठड्याउँदैन र कानुको दायरामा ल्याउँदैन।

अर्को एउटा उल्लेखनीय पक्ष के छ भने पाकिस्तानले पुनः ईरानसँग कुराकानी गरेको छ र शान्तिको पहल गर्न जोड दिएे छ देखिदैछ। यस अघिको युद्ध बिराम पनि पाकिस्तानकै मध्यस्थताको कारणले सम्भव भएको थियो। त्यसले बिश्व पटलमै पाकिस्ताको प्रतिष्ठा पनि बढेको बताइन्छ। यता भारतीय सत्ता पक्ष भने त्यो सम्भाबित शान्ति बार्ताको पहला आफ्नो हातबाट फुत्केको र ईरानसँगको हजारौं साल पुरानो सम्वन्धलाई उच्चाई दिन नसकेको चर्चा भइरहेको छ।

यसरी अहिले दोश्रो पटक युद्धका कारणले हर्मुज जलडमरुमध्य बन्द हुनु र अमेरिकाको ईरानमाथिको नयाँ हमलाले कुन कुराको संकेत दिइरहेको छ भने ईरान र अमेरिकाका बीच चाँडै कुनै कूटनीतिक समाधान निस्कने छाँट छैन। युद्ध अझ बढ्दै जाँदा यसको असर केवल पश्चिम एशियामा मात्र पर्नजाने होइन र त्यत्तिमै सीमित हुने होइन, यसले त सारा बिश्व तेल बजार, सामुद्रिक ब्यापार र बिश्व अर्थब्यवस्थामा नै गम्भीर र ढाड भाच्ने असर पुग्न सक्छ।

# भौतिकवाद के हो ? भौतिकवादी किन हुने ?–२



● प्रमोद धिताल ●

“वैज्ञानिक भौतिकवादी विश्वदृष्टिकोण त्यो अवैज्ञानिक विश्वदृष्टिकोणको विरोधी हुन्छ, जो या त विश्वको स्वतःस्फूर्त बुझाई(तथाकथित सामान्य विश्वदृष्टिकोण) माथि या मिथ्या संकल्पनाहरू(विभिन्न अध्यात्मवादी धारणाहरू)माथि अथवा वास्तविकताको धार्मीक या पौराणिक बुझाई(धार्मिक विश्वदृष्टिकोण)माथि टिकेको हुन्छ।”४

मानव सभ्यताको विकास, वर्गीय समाजको उद्‌भवसँगै दर्शनको विकासमात्र भएन निषेधको निषेध नियम दर्शनको क्षेत्रमा पनि लागू भयो। त्यसैगरि भौतिकवादका पनि विभिन्न रूपहरू छन्। प्रारम्भिक या प्राचीन भौतिकवाद, यान्त्रिक या अधिभूतवादी भौतिवाद र वैज्ञानिक भौतिकवाद। भौतिकवादी दर्शनको इतिहासमा वैज्ञानिक या द्वन्द्वात्मक भौतिकवाद नै आजसम्मको सबैभन्दा सही दर्शन हो।

***भौतिकवादका विशेषताहरू***

भौतिकवादका केही महत्वपूर्ण विशेषताहरू छन् जसले यसलाई अध्यात्मवादी दर्शनभन्दा भिन्न कित्तामा राख्छ।

**क) संसार परिवर्तनशील छ**

संसार र यसमा भएक जति पनि कुराहरू छन् ती सबै परिवर्तनशील छन्। दुनियाँमा स्थिर भन्ने कुरा केही छैन। कुनै पनि कुरा उस्तै र उही रूपमा कहिल्यै रहँदैन। हरेक कुराको जन्मसँगै विकास र विनाश हुन्छ। यसको अर्थ यो पनि हो कि प्रकृति र समाजका नियमहरूको अधीनमा रहेर मानिसले सचेतन प्रयत्नद्वारा परिस्थितिलाई बदल्न सक्छ। ढुङ्गा र लठ्ठीको सहाराले शिकार गरेर बाँच्ने मानिस आज विज्ञान-प्रविधिको युगमा आइपुगेको छ। यो उसले निरन्तर गर्दै आएको सचेतन प्रयत्नकै उपज हो। यदि आफूलाई भाग्य र परम चेतनाको भरमा छोडिदिएको भए मानिस प्रारम्भमा जुन अवस्थामा थियो, सधैं त्यही अवस्थामा रहन्थ्यो। जसरी संसार परिवर्तनशील छ यसभित्र भइरहेका अनेकौं परिवर्तनहरूका लागि मानिस एउटा महत्वपूर्ण कारक हो। जसरी आफू वरिपरिको वातावरण अनुरूप मानिस परिवर्तन भइरहेको हुन्छ भने वातावरण पनि मानिसको अनुकूलता र सचेतन प्रयत्न अन्तर्गत परिवर्तन भइरहेको हुन्छ। किनभने मानिस स्वयं पनि वातावरणकै एउटा हिस्सा हो।

**ख) जीवन र जगतलाई बुझ्न सकिन्छः** भौतिकवादको मान्यता हो, यस संसारमा भएका जति पनि कुराहरू छन् तिनलाई बुझ्न सकिन्छ। यसले कुनै पनि विषयलाई आँखा चिम्लेर समर्थन गर्ने कुरालाई समर्थन गर्दैन। प्रयोग र संघर्षहरूको बिचबाट मानिसले संसारका अनेकौं रहस्यहरूका गुत्थी सुल्झाउदै आएको छ। तर जति कुरा मानिसले बुझेको छ, तीभन्दा धेरै कुराहरू बुझ्न बाकी नै छ। त्यही भएर भौतिकवादले निरपेक्ष सत्यको कुरा गर्दैन। हिजो जुन ज्ञान र आविष्कारलाई पूर्ण ठानिएको थियो आज विकास भएका नयाँ ज्ञान र आविष्कारहले त्यसलाई अपूर्ण सावित गरेका छन्। आज पूर्ण ठानिएको ज्ञानमा नयाँ-नयाँ जानकारीका आयामहरू थपिदै जान्छन्। यसरी ज्ञानको क्षेत्र निरन्तर विस्तार हुँदै जान्छ।

**ग) जीवन र जगतलाई बदल्न सकिन्छ**

संसार परिवर्तनशील छ भने मानिसले आफ्नो बुद्धि-विवेक र सचेतन संघर्षबाट परिवर्तनका नियमहरूलाई प्रयोग गररे यसलाई बदल्न सक्छ। उसले आफू वरिपरिको परिवेश र आफू स्वयंलाई पनि निरन्तर बदल्दै आएको छ। कुनै समयको दास समाजलाई बदलेर सामन्ती समाज बन्यो, त्यसैगरि सामन्ती समाजको अन्त्य भएर पूँजीवादी समाज बन्यो। पूँजीवादी समाज पनि बदलिएर यो भन्दा उन्नत समाज बन्न सक्छ भन्ने इतिहासले पनि साबित गरेको छ। यी सबै घटनाहरूमा मानिसको सचेतन प्रयत्नले काम गरेको छ। सचेतन प्रयत्न र परिवर्तनको कुरा गर्दा मानिस स्वयंले पनि आफूलाई निरन्तर बदलिरहेको छ। उत्पादन, वैज्ञानिक प्रयोग र वर्ग संघर्षमा सहभगिताले नै समाज रूपान्तरणका लागि महत्वपूर्ण भूमिका खेल्छ। यी गतिविधिहरूबाट अलग रहेर मानिसले जीवन र जगतलाई बदल्न सक्दैन।

**घ) विकास र विनासको मूल कारण आन्तरिक हुन्छः** कुनै बस्तु या घटनाको विकास या बिनासको मुख्य कारण आन्तरिक हुन्छ। त्यसका अनेकौं सहायक कारणहरू पनि हुन्छन्। पहाडमा पहिरो जान्छ, एउटा बुझाईले भन्छ-वर्षातले गर्दा पहिरो गयो। तर अर्को बुझाईले भन्छ-वर्षात सहायक कारण त हो तर आन्तरिक कारण पहिरो गएको माटोको कम्जोर आन्तरिक अवस्था हो।

**ङ) सही विचारको कसी व्यवहार होः**

कुनै पनि सिद्धान्त त्यतिखेर औचित्यहीन हुन्छ, जब त्यो पुस्तकदेखि पुस्तक, ब्याख्यानदेखि ब्याख्यान र दिमागदेखि दिमागसम्म सीमित हुन्छ। सिद्धान्त सही छ या गलत भन्ने कुराको मापन अभ्यासले गर्छ। त्यसरी नै शब्द र कर्मबिचको एकता नै त्यो कसी हो जसले कुन व्यक्ति के हो भन्ने कुराको फैसला गर्छ। जस्तो कि भौतिकवादी पुस्तक पढ्नु, प्रशिक्षण लिनु, त्यसलाई ब्याख्या गर्न सक्ने हुनु भौतिकवादी चिन्तन-कर्महरूमध्यको एउटा पक्ष हो। तर यसैले कोही भौतिकवादी हो या होइन भन्ने कुराको फैसला गर्दैन। व्यक्ति भौतिकवादका बारेमा जानकार हुँदाहुँदै पनि विश्वदृष्टिकोणदेखि लिएर जीवनका सबै पक्षहरूमा भौतिकवादी व्यवहार देखाउछ कि देखाउँदैन भन्ने कुराले समग्रमा त्यो व्यक्ति को हो भन्ने कुराको निर्धारण गर्छ। तर हामीकहाँ भौतिकवादी तर्क गर्न सक्ने भएमा भौतिकवादी भइहालिन्छ भन्ने भ्रम छ। हाम्रो समाजमा यस्ता भौतिकवादीहरूको नै बाहुल्यता छ, जो मुखले भौतिकवादी तर चिन्तन अभ्यासका हिसाबले अध्यात्मवादी छन्।

भौतिकवाद भन्छ सही विचारको कसी व्यवहार नै हो। व्यवहार भनेको उत्पादनका लागि संघर्ष, वर्गसंघर्ष र वैज्ञानिक प्रयोग हो। तर यसको विरोधी दर्शन भन्छ-सही विचारका लागि व्यवहारको जरुरत छैन, त्यो दिमागभित्रै पैदा हुन्छ।

“वस्तुहरू हाम्रो बाहिर विद्यमान छन्। हाम्रो अवबोधन र विचार तिनका बिंब हुन्। यी बिम्बहरूको सत्यापन, वास्तविक र मिथ्या बिम्बहरूको बिचमा विभेदीकरण व्यवहारबाट हुन्छ।” र अगाडिः “संज्ञानको सिद्धान्तको पहिलो र आधारभूत दृष्टिकोण जीवनको, व्यवहारको दृष्टिकोण हो।”५

***भौतिवादबारे फिंजाइएका केही भ्रमहरू***

भौतिकवादी दर्शनबारे फैलाइएको एउटा भ्रम हो-यो दर्शन खन्चुवाहरूको दर्शन हो। अर्थात् भौतिक सुखसुविधा र वस्तुलाई केन्द्रमा राख्छ। यसबाहेक भौतिवादी दर्शनसँग कुनै संस्कृति, आचरण र नैतिकता भन्ने हुँदैन। यसले केवल भौतिक पक्षलाई मात्र महत्व दिन्छ भन्ने खालको भ्रम छ। यसो भन्दै गर्दा भौतिवादलाई उपभोक्तावादको पर्यायको रूपमा परिभाषित गरिन्छ। तर यो इतिहासले सिद्ध गरेको र वर्तमान वास्तविकतासँग मेल नखाने कुरा हो। त्यसैगरी भौतिकवादमाथि लागेको अर्को आक्षेप हो-योसँग कुनैउच्च आदर्श, मूल्य-मान्यता, नैतिकता र आचरण हुँदैन।

जब कि आज पूँजीवादी व्यवस्था र अध्यात्मवादी दर्शन (अर्थात् प्रतिक्रियावादी दर्शन) को बीचमा गहिरो साइनो छ। जति पनि धार्मिक र ईश्वरीय चिन्तनहरू छन् तिनले जुन तरिकाले भएपनि यही शोषणकारी व्यवस्थालाई नै सघाउ पुर्‍याउछन्। अहिलेको व्यवस्थाको टिक्ने सबैभन्दा ठूलो आर्थिक-सांस्कृतिक आधार उपभोक्तावाद हो।

एउटा भनाई हामीले सुन्दै आएका छौं-‘आवश्यकता नै आविष्कारको जननी हो।’ तर आजको व्यवस्था(पूँजीवाद) र यसको अघोषित नारा भएको छ-‘आविष्कार नै आवश्यकताको जननी हो।’ अर्थात् पूँजीवादले जे आविष्कार गर्छ, त्यो मानिसको आवश्यकता बन्छ। ‘खाऊ, पिऊ र मस्ती गर’, ‘मानिस जन्मजात स्वार्थी र लोभी प्राणी हो।’, ‘पैसाभन्दा ठूलो केही छैन।’, ‘मानिसका आवश्यकताहरू असीमित हुन्छन्।’ जस्ता भाष्यहरू यसकै आधारमा निर्मित भएका हुन्। आज भौतिकवादविरोधी या भाववादका अनुयायीहरू नै सबैभन्दा बेसी उपभोक्तावादी देखिन्छन्। “ब्रम्ह सत्य र जगत मिथ्या”का अनुयायीहरू नै उपलब्ध भएसम्म सबैखाले भौतिक सुखभोग गर्न चाहन्छन्, तर समाजका विकृतिहरूको दोष भौतिकवादलाई दिने गर्छन्। भौतिकवाद अघाएको पेटको दर्शन होइन। न यो बन्द कोठामा ध्यान गरेर ज्ञान पाइन्छ या गूरुभक्ति नै ज्ञानको स्रोत हो भन्ने हावादारी कुराको बिचबाट विकास भएको हो। बरु यो प्रयोग, प्रश्न, परीक्षण, विद्रोहका आँधीबेहरी र संघर्षको बिचबाट पैदा भएको दर्शन हो। व्यवहारभन्दा बाहिर कुनै ज्ञान हुँदैन-यो नै भौतिकवादी दर्शनको मूल कुरा हो।

भौतिकवादले वर्गसमाजमा त्यस्तो कुनै आचरण र नैतिकताको समर्थन गर्न सक्दैन, जुन वर्गस्वार्थभन्दा माथि होस्। दाशयुग र दाश समाजमा दाशहरूको कुनै मानवीय मूल्य थिएन। उनीहरू मालिकहरूद्वारा खसी कुखुराझैं किनबेच र उपहार दिइने बोल्ने माल थिए। दाशहरूमाथि गरिने अमानवीय व्यवहार नै त्यतिखेरको दाश मालिकमा आधारित समाजको आचरण र नैतिकता थियो। त्यसैगरि सामन्तवादी युग र समाजमा स्त्री, दलित र जनजातीहरूमाथि उत्पीडन गर्नु र उनीहरूको श्रमको शोषण गर्नु सदाचारभित्र पर्थ्यो। खातापिता वर्गका निम्ति यो सदाकालदेखि नैतिकता र सदाचारभित्र पर्ने कुरा हो। आज आएर महिलारुको बस्तुकरणदेखि मानिसलाई उपभोक्ता प्राणीमा बदल्नु र श्रमको शोषणमार्फत मुनाफा कमाउनु पूँजीवादी आचरण र नैतिकताभित्र पर्छन्।

यसको विपरित भौतिकवादी आचरण र नैतिकता बहुसंख्यक जनता या समाजको हितसँग जोडिन्छ। समाजको हितसँग बाझिने सदाचार र नैतिकता दुराचारी र अनैतिक हुन्छ। यसले आचरण र नैतिकतालाई ईश्वरीय सत्ता या धर्मसँग जोड्ने कुराको विरोध गर्छ। नैतिकता, आचरण, संस्कार, मानवीय संवेदना, परोपकार जस्ता कुराहरूलाई धर्म र ईश्वरीय सत्ताबाट मुक्त गरेर मात्र सार्थक बनाउन सकिन्छ। आज कुनै दुनियामा आचरण, नैतिकता र मानवीय कल्याणको आवरणभित्र मानवतालाई खोक्रो बनाउने काम भएको छ भने त्यो धार्मिक दुनिया हो। धर्मका नाममा जेजति द्वन्द्व, लडाइँ झगडा, मारकाट र विध्वंशहरू भएका छन् त्यति सायदै अरु कुनै खाले द्वन्द्व या युद्धबाट भएका होलान्। ईश्वरीय सत्ताबाहेक पनि आचरण र नैतिकताको विकास हुन्छ भन्ने कुरा बौद्ध र जैन धर्महरूलाई हेरे पुग्छ। कर्मकाण्ड र मूर्ति पूजाको बिरुद्ध विकास भएको बौद्ध धर्म आचरण र नैतिकतासम्बन्धि अनेकौं शिक्षाहरूले भरिएको छ।

त्यसैगरी आजभोलि विज्ञानद्वारा भौतिकवादको खण्डनको भ्रम फैलाइदैछ। भौतिकवादले कुनै पनि कुरालाई स्थिर र अपरिवर्तनीय मान्दैन। मानिसको ज्ञानको सीमा छ र सत्य सापेक्ष हुन्छ। त्यसैगरि विज्ञानका आविष्कारहरू पनि सापेक्षित रूपमा सत्य हुन्। विज्ञानले पत्ता लगाउन बाकि धेरै कुराहरू छन्। अन्तिम सत्य भन्ने कुरा केहि हुँदैन। सबै कुराको जवाफ आदर्शवादीहरूसँग मात्र हुन्छ। किनभने उनीहरूका लागि यो संसार अपरीवर्तनीय, जड र स्थिर हो। उनीहरूको ज्ञान संदेह, तथ्य, तर्क, परीक्षण र निरीक्षणमा होइन आस्था, विश्वास र भक्तिमा आधारित हुन्छ। ज्ञानको क्षेत्रमा प्राप्त भएको नयाँ उपलब्धीले पुरानो ज्ञानका उपलब्धीहरूलाई पनि आफूसँगै समेटेको हुन्छ भने त्यसका कम्जोरीहरूलाई निषेध गरेको हुन्छ। यस कुरालाई विज्ञानले कहींनेर खण्डन गर्दैन, बरु समर्थन नै गर्छ। भौतिकवाद आफ्नो स्वभावले नै एउटा रचनात्मक दर्शन हो। निरन्तर परिवर्तनशील विश्वका बारेमा स्पष्ट हुँदै बद्लिदा ऐतिहासिक अवस्थाहरूमा यो स्वयं पनि विकसित र परिष्कृत हुँदै जान्छ। नयाँ-नयाँ वैज्ञानिक आविष्कार र व्यवहारिक क्रान्तिकारी अनुभवले समृद्ध हुँदै जान्छ।

अर्को अर्थमा यो यसकारण विकसित हुँदै जान्छ कि भौतिकवादी दर्शन श्रमजीवी वर्गीय मुक्ति आनेलनको सैद्धान्तिक हतियार हो। क्रान्तिकारी व्यवहारसँग अद्यावधिक नभएर या समाजका ज्वलन्त प्रश्नहरूको उत्तर नदिएर यसको विकास असंभव हुन्छ। त्यसैगरि यो आलोचनात्मक र स्व-आलोचनात्मक हुन्छ। यसले केबल ती निष्कर्षहरूलाई मात्र स्वीकार गर्छ, जुन वास्तविकताको अनुरूप छन्। सामाजिक प्रगतिको सेवा नगर्ने निष्कर्ष र विचारहरूलाई छोड्नु यसको विशेषता हो। भौतिकवाद रुढ मतहरूको होइन सक्रियताको पक्षपाती हुन्छ। यसकारण पनि भौतिकवादलाई विज्ञानको विरुद्धमा उभ्याउने प्रयास गलत छ।

*क्रमशः....*

# खाण्डव दाहन



● जगदीश चन्द्र ●

ईश्वरी ओझा नेपाली काव्यपरम्परामा प्रभावशाली एवम् उत्कृष्ट प्रगतिवादी काव्यकारका रूपमा परिचित रहेका छन् । यिनको सृजनफलक फुटकर कवितादेखि मझौला आयामका रचनासँगै बृहत् रचनासम्म सृजनवृत्ति विस्तारित भएको छ । काव्यकार ओझाको कविताकर्म समाजसापेक्ष, संज्ञानपूर्ण र कलापूर्ण रहेको छ । ओझाको काव्यजगत नेपाली समाजको सक्रिय, द्वन्द्वशील तथा विद्रोहशील यथार्थकै प्रतिबिम्बनमा सङ्केन्द्रित रहेको छ । विशेषतः प्रगतिवादी काव्यधाराका एउटा विशिष्ट सर्जकका रूपमा ओझा चिनिएका छन् ।

ईश्वरी ओझाको काव्ययात्राको पछिल्लो चरणको रचना 'खाण्डव- दहन' मझौला आयाममा प्रबन्धन गरिएको कलात्मक काव्यकृति हो । यसमा महाभारतीय आख्यानलाई मूल विषयवस्तु बनाइएको छ। भनूँ, 'महाभारत' कृतिमा वर्णित आख्यानको उपजीव्यवस्तु नै 'खाण्डव-दहन' काव्यको अन्तर्य हो। यसमा 'खाण्डव वनको प्रस्तुति', 'भिल्लपुत्री जरिता र मन्दपालको भेटवार्ता', 'खाण्डव वनमा अग्निकाण्डको विद्रुपता', 'जरितारीबाट खाण्डव वनको पुनः अवलोकन', 'अग्निकाण्डपश्चात् जरिता र जरितारी वार्ता', 'जरितारी र एकलव्य वार्ता', 'खाण्डव दहन उपरान्त पीडित पक्षको प्रतिशोध' र अन्त्यमा 'उपसंहार' खण्ड गरी आठ शीर्षकमा संरचित छ। विषय वस्तु संकेत गर्ने यी आठ शीर्षकका रूपमा सर्गबन्धन आएका छन् । संवादात्मक कथन पद्धति/ढाँचालाई आधार बनाई काव्यमा मूलत आदिवासी, जनजाति र शासक जातिको सङ्घर्षलाई मुल कथ्य बनाई प्रस्तुत गरिएको छ । शास्त्रीय छन्दका विविध लय ढाँचालाई उपयोग गरी काव्यलाई सुमधुर र संगेय बनाइएको छ। महाभारतको प्राचीन गाथालाई नवीन दृष्टि र शिल्पकासाथ प्रस्तुत गरिएको 'खाण्डव-दहन' नेपाली खण्डकाव्य परम्पराकै नौलो र पृथक् खालको खण्डकाव्य हो ।

यस खण्डकाव्यमा आदिवासी/जनजातिको संस्कृति, जीवन र समाजको सघनतासँगै प्राकृतिक सौन्दर्यको अगाधता, वन्यजीवजन्तुको प्रचूरता र वानस्पत समृद्धताको अनुपम मेलमा निर्मित परिवेश रहेको 'पत्थरहरूको प्रस्थ' अर्थात् खाण्डव वन र त्यसलाई इन्द्रप्रस्थका रूपमा रूपान्तरित गरी राजधानी बनाउने ध्येयका साथ कुरुवंशी पाण्डवहरूको आगमन र आदिवासी/जनजातिलाई त्यहाँबाट हटाई आर्यहरूको सुन्दर नगरीमा विकास गर्ने सन्दर्भ र तज्जन्य आदिवासी/जनजातिको निर्मूलन/बहिष्करणको कथ्यविषय नै 'खाण्डव-दहन'को आधारभूमि हो। खण्ड-खण्ड वा पंक्ति-पंक्तिमा बद्धभूमि अर्थात् खाण्डव वनको प्राकृतिक जीवन तथा आदिवासी/जनजातिको मूल बासस्थान/मूलभूमिका रूपमा परिचित भूमिमा घटित महत्त्वपूर्ण पुराकथात्मक आख्यानलाई 'खाण्डव-दहन'ले अन्तर्वस्तु बनाउनु खण्डकाव्यको वैशिस्टय हो । भिल्ला,भाट, माली, कुर्मी, माझी, कुसुन्डा, तेली, बरही, निषाद, बोद्धार, कुस्मा, मुण्डा र राउटे लगायतका आदिवासी/जनजातिहरूको मूल स्थानलाई तत्कालीन शासक जाति कुरुवंशीय शासक धृतराष्ट्रले छोराहरूलाई अंशबन्डा गर्ने सन्दर्भमा पाण्डवहरूलाई जनजातिको मूलवासस्थान खाण्डव वनलाई राजधानी इन्द्रप्रस्थका रूपमा विकसित गर्न दिएको प्रसँगकै पृष्ठभूमिमा आदिवासी/जनजातिकी सुन्दर युवती भिल्लपुत्री जितारीसंग पितृऋण तिर्न पुत्ररत्न प्राप्तिको आकाङ्क्षाका साथ तपस्यारत आर्य जातिको मन्दपाल नामक तपस्वी आकार्षित हुन्छ र युवतीलाई फकाई फुल्याई उसको सौन्दर्य पान गर्दछ । संसर्गपछि आदिवासी युवती गर्भवती हुन पुग्छे तर आदिवासी युवतीलाई मोहपाशमा बाँधी भोग्न पुगेको मन्दपाल सामाजिक द्वेष-गालको भयले भित्र-भित्रै उद्विग्न हुनपुग्छ र भिक्षा माग्ने निहुँ बनाई कुलेलम ठोकी आदिवासी युवतीलाई बिचल्लीमा पार्दछ ता पनि युवतीले छोरा जन्माउँछिन् र पालन पोषण गर्दछिन् । यससँगै पाण्डवहरूले खाण्डव वनमा आगो लगाई इन्द्रप्रस्थ नगर निर्माण गर्ने क्रम चलेको देखिन्छ । राजधानी नगर निर्माण गर्ने क्रममा त्यहाँ बसोबास गर्ने जातिहरूको बासस्थान, चराचुरुङ्गी तथा वनस्पतिमा आगो लगाइँ डढाइन्छ । आदिवासी/जनजातिको अवस्था ज्यादै दुःखपूर्ण




भई भागाभाग हुने क्रममा आमा जितारी र उसको छोरा जरितारी एकअर्कासँग छुट्टिन्छन् । आदिवासी/जनजातिको अगुवा वर्वरिकको नेतृत्वमा गुरिल्लाहरूले शासक जातिका विरुद्ध ठुलो युद्ध गर्दछन् । उक्त आदिवासीको सघर्षलाई वर्गसंघर्ष र विद्रोहको रूपमा यसरी देखाइएको छ :

*यहाँ म जस्ता कसरी डटे हुनन्*
*यहाँ गुरिल्ला कसरी लडे हुनन्*
*यहाँ कुनै दलदलमा गडे हुनन्*
*यहाँ कुनै जीवहरू सडे हुनन् (पृ. २१)*

आदिवासी/जनजातिको सङ्गठित विद्रोहीहरूले विरोध र सङ्घर्ष गरे तापनि कृष्ण र अर्जुनले रचेको अग्निकाण्डमा वन्यजीव, आदिबासीको बस्ती, त्यहाँको जीवन र सौन्दर्य, तिनका आकाङ्क्षा सबै जलाई आनन्द मनाएको दृश्य चित्रित छ । तक्षक पुत्र नाग र दानव पुत्र मथले जंगलका जीवातदेखि वनस्पतिसम्म बचाउने क्रममा जितारीको छोरा जरितारी पनि बाँच्न सफल भएको सन्दर्भ उल्लेख गरिएको छ । काव्यमा खाण्डव वन दहन गर्ने क्रममा सम्पूर्ण जीवजन्तु, पशुपंक्षी, र वनस्पति जलेर नष्ट भएको कुरा यस रूपमा देखाइएको छ :

*अति दुर्लभ औषधि नष्ट भए*
*अति दुर्लभ बीज विनष्ट भए*
*अति दुर्लभ जीव सिनित्त जले*
*अति दुर्धर खाण्डव दाहनले (पृ. २८)*

'खाण्डव-दहन'मा बाच्न सफल भएको तर शोक सन्तप्त जरितारीसँग एकलव्य पाण्डवहरू र कौरवहरूका गुरु द्रोणाचार्यले कसरी आफुलाई बाचा बन्धनमा पारी झूक्याई बुढी औंला काटिदिई अशक्त बनाएको सन्दर्भसँगै शासक/शोषक वर्गले आफ्नो साम्राज्य कायम राख्न र ऐस-आरामको महल खडा गर्न उत्पीडित वर्गको शोषण गर्दछन् भन्ने कुरा गरिएको छ। एकलव्यले जरितारीलाई धनुविद्यसिकाई आदिवासी/जनजातिप्रति गरिएको घात र विनासका विरुद्ध तथा शासक/शोषित वर्गको उत्पीडनका विरुद्ध प्रतिशोधको भावना व्युँझाई विद्रोह गर्न उत्साहित पारेको छ । काव्यमा प्रतिशोधको सङ्कल्पसंगै विद्रोहको सवल प्रयोग गरेको देखाई शासक जातिका विरुद्ध वर्गसङ्घर्षको आरम्भ र विकासप्रति सङ्केत यसमा गरिएको छ हेरैं;

*अग्नि काण्ड भए पश्चात् दिनरात पलापला*
*हेपाहा हेपिने बीच चर्कन्थे द्वन्द्व-श्रृङ्खला (पृ. ३५)*

काव्यमा जरितारीको नेतृत्यमा भएको सङ्गठित विद्रोहले यदुवंशी तथा कुरुवंशी शासकहरू हताहत भई पराजित भएको कुरा प्रतिबिम्बित छ :


*खाण्डव वन पोलेर तिम्रो शक्ति भयो क्षति*
*जान्यौ ? हुँदैन है भन्ने एकैनास समुन्नति (पृ. ३७)*
*बदलाको बल्यो आगो के बन्थे र सुरक्षित*
*चक्रव्यूह बन्यो लामो प्राणाहित परिक्षित (पृ. २९)*

काव्यमा भिल्ल शासक कृष्णको छलछाममा परेर मरे पनि विद्रोही नायक जरितारीको नेतृत्वमा सङ्गठित शक्ति रहेको देखिन्छ भने शासक र शासित तथा उत्पीडक र उत्पीडित बिचको सङ्घर्ष निरन्तर चलिरहने कुराको अभिव्यञ्जना भएको छ । शासक वर्गका पतन निश्चितै हुने र उत्पीडित/शोषित वर्गको जित हुने वास्ताविकता र आशावादिताको स्वर व्यञ्जित भएको छ ।

आदिवासी/जनजातिको सुन्दरप्राकृतिक पर्यावरणयुक्त समाजलाई निर्दयता र कुरतापूर्ण भष्म गराई इन्द्रप्रस्थ निर्माण गरिएको कुरा देखाई शासक/शोषक जातिप्रतिको तीव्र घृणाभावसंगै तिनका विरुद्ध विद्रोह चेतना प्रकट गरिएको छ। मानवद्वेषी/प्रकृतिद्वेषी तथा पर्यावरणविरोधी शासक जातिका विरुद्धको सङ्घर्षलाई केन्द्रमा राखी आर्य मन्दपाल र आदिवासी भिल्लकन्या जितारीको प्रेम सम्बन्ध र आर्यमदका कारण निस्वार्थ प्रेम सम्बन्ध भन्दा पनि यौनलिप्सा र भोगलिप्सामा रत मन्दपालको भोगयुक्त प्रेममा स्वार्थपरकता र कृतघ्नता प्रकट भएको छ। शासक वर्गको अर्थात् कुरुवंशी तथा आर्यजातिमा मनुष्यता, करुणता, नैतिक मूल्य र न्यायिक भावनाजस्ता गुण शून्य रहेको समेत व्यक्त भएको छ । प्रकृतिव्यापी जीवनप्रतिको आकर्षण र प्रकृतिद्वेषी जीवनप्रतिको विकर्षणको भाव प्रवाह भएको पाइन्छ ।

विशेषतः अनेकन् शास्त्रीय लयमा गुम्फन गरी प्रचिन महाभारतीय आख्यानलाई नवीकरण गरी प्रस्तुत गरिएको छ । एवम् ध्वन्यात्मक प्रस्तुति भएको वर्गयुद्ध र प्रेम कथाको प्रबन्धमा आधारित 'खाण्डव-दहन' अद्भुत एवम् रोमाञ्चक काव्य हो । स्वतन्त्र सत्ता र त्यसप्रतिको हस्तक्षेप-आक्रमणका विरुद्ध बोलिएको विद्रोह एवम् निरन्तर सङ्घर्षको कथालाई काव्यात्मक लयमा गाँसी कथन गरिएको 'खाण्डव-दहन'ले काव्यकार ओझालाई प्रगतिवादी खण्डकाव्यकार हुनुका सम्बन्धले सर्वहारा मानवतावादी तथा पर्यावरण चेतयुक्त इतिहासप्रति सचेत एवम् भविष्य प्रति आस्थाशील विशिष्ट स्रष्टाका स्वरूपमा अनावृत गरेको छ। कविनिबद्ध वक्तृ प्रौढोक्ति ढाँचामा आधारित 'खाण्डव-दहन' कान्यको उत्कृष्टता भनेकै तीव्र लयात्मकता, आख्यानको नवीकरण, वर्ग सङ्घर्षको प्रस्तुति, प्राकृतिकता, पर्यावरणीय सचेतनता, क्रान्तिकारी विद्रोहको उद्घोष, उत्पीडित वर्गप्रतिको सहानुभूति र सम्वेदनशीलता, शोषक वर्गप्रति घृणा र तिरष्कारको भावना, प्रभावपूर्ण भाषाको प्रयोग, बिम्ब-प्रतीक र अलङ्कारको सहज उपयोग प्रभृतिजस्ता यिनै विशिष्ट प्रवृतिले ओझालाई सशक्त प्रगतिवादी काव्यकारका रूपमा स्थापित गरेका छन् ।

# विचारधारात्मक संघर्षबारे : एक निबन्ध



● के. मुरली (अजित) ●

जतिबेला कुनै क्रान्तिकारी आन्दोलनका अगाडि सङ्कट आउँछ, त्यतिबेला विचारधारात्मक स्पष्टताका लागि गरिने सङ्घर्ष अझ बढी महत्वपूर्ण हुन्छ । हामीसँग कमरेड चारु मजुमदार (सीएम) द्वारा स्थापित उच्च मापदण्डका अनुकरणीय मोडेलहरू रहेका छन् । नक्सलबारी सशस्त्र किसान विद्रोहको अवधि, पार्टी गठन गर्ने सङ्घर्ष र त्यस पछिका वर्षहरू - सबै तीव्र विचारधारात्मक सङ्घर्षले भरिएका थिए । उनको नेतृत्वमा रहेको पार्टीको कार्यदिशा र त्यसको अभ्यासको प्रक्रियामा गरिएका केही आक्रमणहरू सम्भवतः राज्य एजेन्टहरूबाट प्रभावित थिए । कानु सन्याल र केन्द्रीय समितिका केही अन्य पूर्व सदस्यहरूले जेल भित्रबाट खुला आक्रमण सुरु गरे । यसलाई राज्यको दबाबमा गरिएको कुराको रूपमा ब्रान्ड गर्न सकिन्थ्यो । तर यी आक्रमणहरूलाई त्यसरी ह्यान्डल गरिएन । सीएमले वैचारिक, राजनीतिक मुद्दाहरूमा ध्यान केन्द्रित गरे । उनी यसमा अडिग रहे । लाइनमा भएका आक्रमणहरू व्यक्तिगत आरोपहरूले रङ्गिएका भए पनि त्यो दृष्टिकोण सीएमको कुनै व्यक्तिगत विशेषताबाट उत्पन्न भएको थिएन । आलोचना र वैचारिक सङ्घर्षलाई ह्यान्डल गर्ने माओ त्सेतुङको शिक्षाद्वारा त्यो निर्देशित थियो ।

सङ्कटको समयमा, विचारधारात्मक र राजनीतिक भ्रमले धेरै मानिसहरूलाई सङ्क्रमित गर्ने गर्छ । यो सङ्गठनात्मक अनुशासनमा केही हदसम्म खुकुलो रूपमा प्रतिबिम्बित हुन्छ । प्रायः कामरेडहरू उचित सङ्गठनात्मक माध्यमहरू पालना गर्नुको सट्टा 'आफैंले' जवाफ खोज्न थाल्छन् । तिनीहरूले क्रान्तिकारी मार्गको विरोध गर्नेहरूसँग पनि भेट्न सक्छन् । यी सबैले 'वाम' र दक्षिणपन्थी अवसरवादीहरू र राज्य एजेन्टहरूलाई समस्या निम्त्याउनका लागि ठाउँ सिर्जना गर्दछन् भन्ने कुरामा कुनै शङ्का छैन । तर यस्ता कमरेडहरूलाई हतारमा दुश्मनका सहयोगीको रूपमा चिन्हित गरिहाल्नु सिद्धान्ततः गलत र प्रतिउत्पादक हुनेछ । वैचारिक शिक्षा मार्फत् उनीहरूले छरेको भ्रमलाई हटाउनुपर्छ । हामी जससँग असहमत छौं उनीहरूको सुरक्षामा सम्झौता गरेर शत्रुको हातमा खेल्नबाट बच्न पनि सावधानी अपनाउनु पर्छ । को एजेन्ट हो वा को होइन, कोसँग भेट भयो र किन भयो आदि आरोप र प्रति-आरोपहरूबाट विचलित हुनुको सट्टा, ध्यान वैचारिक, राजनीतिक मुद्दाहरूमा केन्द्रित हुनुपर्छ । असफलता निम्त्याउने कारकहरूको विश्लेषणमा केन्द्रित हुनुपर्छ र यसलाई पार गर्न धैर्यवान रही वैचारिक, राजनीतिक तथा सङ्गठनात्मक कार्य गर्नुपर्छ । माओले हामीलाई "थोरैलाई हराउन धेरैलाई एकताबद्ध गर्न" सिकाउनु भएको छ ।

हाम्रो देशको माओवादी आन्दोलनमा आलोचनालाई राज्य एजेन्टको काम हो भन्ने अर्थलगाउने नकारात्मक प्रवृत्ति रहेको छ । सीएमको शहादत पछि यस्तो भएको थियो । महादेव मुखर्जीले आफूलाई सीएमको एक मात्र सच्चा अनुयायी भएको घोषणा गरे । यसको विरोध गर्ने जो कोहीलाई पनि एजेन्ट घोषित गरियो । अचम्म मान्नु पर्दैन कि उनी लिन पियाओका कट्टर समर्थक थिए । माओत्सेतुङको नेतृत्वमा रहेको चिनियाँ कम्युनिष्ट पार्टीले लिन पियाओलाई "वामपन्थी" रूपको दक्षिणपन्थी विचलनको समर्थकको रूपमा आलोचना गरेपछि पनि उनी त्यस्तै रहे । लिन पियाओ र उनका सहयोगीहरूले माओको हत्या गर्ने र विद्रोह गर्ने प्रयास गरे । देश छोडेर भाग्ने प्रयास गर्दा उनको मृत्यु भयो । तर "लिन पियाओ र कन्फ्युसियसको आलोचना गर्ने" अभियान यी आपराधिक कार्यहरूसँग जोडिएको थिएन । ती अभियान उनको वैचारिक, राजनीतिक विचारहरू, कन्फ्युसियसको प्रतिक्रियावादी विचारहरूसँगको तिनको सम्बन्ध र सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत वर्ग सङ्घर्ष जारी राख्नमा उनीहरूको नकारात्मक प्रभावहरूमा केन्द्रित थिए । प्रारम्भिक वर्षहरूमा सांस्कृतिक क्रान्तिको नेतृत्व गर्ने काममा लिन पियाओ र उनका समर्थकहरूको प्रमुख भूमिका थियो । त्यस समयमा पुँजीवादपन्थीहरूलाई कुओमिन्ताङको एजेन्ट आदिको रूपमा लेबल लगाउने कुरामा बढी जोड दिइन्थ्यो । तर उनलाई पदच्युत गरिएपछि, पूँजीवादी मार्गका विरुद्धको सम्पूर्ण सङ्घर्ष वैचारिक हिसाबले अझ गहिरो भयो । यस मार्फत् पहिलेका क्रान्तिकारीहरूलाई पूँजीवादपन्थीहरूमा रूपान्तरण गर्ने वैचारिक, राजनीतिक र भौतिक कारकहरू के थिए भन्ने बारेमा नयाँ बुझाइ विकास भयो । आरोप लगाउने र मानिसहरूलाई ब्रान्ड गर्ने वा वैचारिक सङ्घर्षलाई गहिरो बनाउने ? यो प्रश्नको जवाफ खोज्दा इतिहासका पाठहरूलाई ध्यानमा राख्नु सार्थक हुनेछ ।

*अंग्रेजीबाट नेपाली अनुवाद :*
*इन्द्रमोहन सिग्देल*

❑ यो साता कविता

## उन्मादी धूर्वे

❑ डा. चतुर्भुज केवरत




*कद काँठीमा मन मस्तिष्कमा*
*फरक*
*नितान्त फरक*
*अरु भन्दा*
*यो हात्ती हो*
*नाम छ धूर्वे*
*पशु न हो कहाँ हुन्छ ?*
*बुद्धि-विवेक*
*मच्चाउँदै आएको छ*
*आतङ्क*
*विपन्न बस्तीमा*
*पस्तछ बस्तीमा*
*निस्फिक्री*
*झिसमिसेमा*
*मध्य निशामा*
*लाग्छ प्रिय उसलाई*
*रङ निशाको*
*आफ्नो रङ रुपजस्तै*
*मन पराउँछ ऊ यस्तै यस्तै*
*भत्काउँछ झुपडी गरिबका*
*आफ्नो लामो सुँडले*
*कतै कुल्चन्छ गोडाले*
*दरफन्याउँछ कतै बलिया दाह्राले*
*अविवेकी न हो*
*मन पर्छ उसलाई*
*निमुखाका रूवावासी*
*रमाउँछ ऊ*
*गरिबका चीत्कारमा ।*

*धूर्वेलाई छुट छ*
*विपन्नका झुपडी भत्काउने*
*कृशकायलाई कुल्चने*
*पाएको छ अधिकार उसले*
*जङ्गलमा निष्कण्टक राज गर्ने*
*छिर्छ ऊ बगरमा, जङ्गल छेउमा*
*र कहिलेकाहीँ सहरका छेउछाउमा*
*अकिञ्चनका बस्तीमा पनि*
*आफ्ना लावालस्करसहित*
*मुन्टो उचालेर हेर्छ महलतिर*
*पाउँछ ऊ आफूजस्तै भव्य*
*जाँदैन ऊ न त उसको लावालस्कर*
*भत्काउन उच्च महल*
*ऊ महललाई आफूजस्तै भव्य ठान्दछ*
*साँच्चै उन्मादी बनेको छ धूर्वे अचेल*
*पटक पटक मार्दै आएको छ*
*निर्धा, निमुखा भुइँमान्छेलाई*
*मच्चाएको छ आतङ्क*
*फैलाएको छ सन्त्रास सबैतिर*
*केवल उन्मादी भएर ।*

*धूर्वे पशु मात्रै होइन*
*दम्भी प्रवृत्ति पनि हो*
*उन्मादी र आतङ्कारीहरुको*
*यो त भेटिन्छ सबैतिर*
*स्वदेश तथा विदेशमा*
*रोक्न उन्माद धूर्वेको*
*आतङ्ककारी व्यवहार उसको*
*हान्नु पर्छ डार्ट गनले*
*ट्राङ्क्वालाइजर इन्जेक्सन*
*भीमकाय उसको देहमा*
*पार्न निस्तेज उसको*
*उन्मादी आतङ्ककारी व्यवहार*
*रक्षार्थ सुन्दर मानव बस्ती ।*

## सुन सरकार

❑ प्रभात भट्टराई



*हजुर !*
*सुनको सरकार होइसिन्छ रे*
*सुनको दरबारमा बसिसिन्छ*
*सुनको झ्यालबाट देश हेरिबक्सिन्छ*
*सुनकै थालमा खाना खाइसिन्छ*
*सुनकै सिरानी च्यापेर*
*सुनकै सपना देखिसिन्छ ।*
*त्यसैले होला*
*हजुरलाई अचम्म लाग्छ*
*सुकुम्बासीले नागरिकता कसरी पायो ?*
*यो चालकले मोटरसाइकल कसरी चलायो ?*
*यत्रो कर, यत्रो महँगीमा*
*ऊ अझै कसरी बाँचिरहेको छ ?*
*स्कुल कसरी पढिरहेको छ*
*उपचार कसरी गरिरहेको छ ?*
*कसरी श्वास फेरिरहेको छ ?*
*हामी*
*फोहोरी किसान, पसिना गनाउने*
*हाम्रो सम्पत्ति*
*दुई हात, एउटा साहस*
*भोलिको आशा हो ।*

*तपाईं*
*सुनको कुकुरलाई गाडीमा घुमाइसिन्छ*
*हामीलाई*
*कुकुर 'खाते' भनेर गाली गरिसिन्छ*
*हाम्रो झुपडीमा डोजर चल्छ*
*हाम्रो सपनामाथि आगो बल्छ*
*तर प्रश्न गर्ने अधिकार*
*किन जलाइन्छ ?*
*मजदुरको आवाज किन डर लाग्छ ?*
*दलितको पीडा किन अपराध बन्छ ?*
*गरिबको नागरिकता किन शङ्काको विषय बन्छ ?*
*विद्यार्थीको प्रश्न*
*श्रमिकको सङ्गठन*
*किन बारम्बार खारेज गरिन्छ ?*
*बारम्बार आत्महत्या दुरूत्साहन गरिसिन्छ ?*
*त्यही यातना, जेलको डरले आत्मदाह गर्छ*
*त्यही मुद्दाको डरले खोलाको भेलसँग बग्छ*
*कोही सीमामा गोली खान्छ*
*तर मृत्युभन्दा ठूलो पीडा*
*बाँचुन्जेल मानिस नठानिनु*
*स्वाभिमान जल्नु*
*अस्तित्व कुकुर भन्दा कम*
*हामी ?*

*सुन राज्यका शत्रु*
*प्रतिशोधको निसानि*
*माटोका सन्तान पसिना झै फोहोरी*
*न सुनको दरबार न भ्रष्टाचार*
*सिर्फ एउटा सुरक्षित बास*
*सम्मानित नागरिकता*
*पसिनाको उचित मूल्य खोई ?*

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## नवउदारवादी...

परिवारले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको रूपमा आवेदन दिएका छन् ।

तर, नवउदारवादी व्यवस्थाभित्र राजनीतिक दलहरूले सुकुम्बासी समस्यालाई 'भोट बैंक' को रूपमा मात्र उपयोग गरे । भूमिलाई पूँजीपति वर्गको नियन्त्रणबाट खोसेर सुकुम्बासीलाई वितरण गर्दा 'खुल्ला बजार' र 'निजी सम्पत्तिको अधिकार' सम्बन्धी नवउदारवादी दर्शनमा धक्का पुग्ने भएकाले शासक वर्गले यस समस्यालाई कहिल्यै नीतिगत रूपमा हल गर्न चाहेनन् ।

नेपालको संविधान (२०७२)ले भूमिहीन दलित र सुकुम्बासीहरूलाई एक पटकका लागि जमिन र आवास दिने मौलिक हकको ग्यारेन्टी गरेको छ । तर, नवउदारवादी आर्थिक नीतिको बजारमुखी संरचना कायम रहेसम्म यो संवैधानिक हक कागजमा मात्र सीमित हुने देखिन्छ ।

सुकुम्बासी समस्याको दीर्घकालीन समाधानका लागि बजारको अनियन्त्रित चलखेललाई रोकी राज्यले भूमिको लोकतान्त्रिक पुनर्वितरण गर्नुपर्छ । भूमिलाई नाफा कमाउने वस्तु होइन, नागरिकको बाँच्न पाउने मौलिक अधिकार र उत्पादनको साधनका रूपमा स्थापित नगरेसम्म सुकुम्बासी मुक्त समाजको परिकल्पना अधुरै रहनेछ ।

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) शाह नेतृत्वको स्थानीय सरकारले 'हार्ड पावर' (बल प्रयोग, डोजर आतङ्क, र सुरक्षा बलको परिचालन) मार्फत् थापाथली लगायतका बागमती र विष्णुमती नदीकिनारका सुकुम्बासी बस्तीहरू हटाउन चालेका कदमहरूले नवउदारवादी सहरीकरणको कुरूप अनुहारलाई सतहमा ल्याइदिएको छ ।

नवउदारवादी सहरी विकास मोडलको एउटा मुख्य चरित्र "सहरी सौन्दर्यीकरण" र "विश्व-स्तरीय सहर" (ध्यचमि-अबिकक ऋष्तथ) को भ्रमपूर्ण भाष्य निर्माण गर्नु हो । बालेन्द्र शाहको नेतृत्वमा काठमाडौँ महानगरले चालेका कदमहरू यही दर्शनबाट निर्देशित थिए ।

नवउदारवादले सहरलाई कर्पोरेट लगानी, पर्यटन, र उच्च-मध्यम वर्गको मनोरञ्जन स्थल (जस्तैः कोरिडोर सडक, पार्क, र खुल्ला ठाउँ) का रूपमा विकास गर्न चाहन्छ । यस प्रक्रियामा सहर निर्माण गर्ने मजदुर र सुकुम्बासीहरूलाई 'सहरका कुरूपता' वा 'अतिक्रमणकारी' का रूपमा हेरिन्छ र उनीहरूलाई बलपूर्वक हटाउन राज्यको 'हार्ड पावर' (सहरी प्रहरी र डोजर) प्रयोग गरिन्छ ।

कानुनी रूपमा नदीकिनार सार्वजनिक जग्गा हुन् भन्ने तर्क अघि सारेर महानगरले वर्षौँदेखि बसोबास गरिरहेका नागरिकको 'आवासको अधिकार' र 'बाँच्न पाउने अधिकार' जस्ता प्राकृतिक र संवैधानिक हकलाई पूर्णतः उपेक्षा गर्‍यो । विकल्प र पुनरावलोकन विनाको यो बल प्रयोग नवउदारवादी राज्यसत्ताको दमनकारी चरित्रको ताजा उदाहरण हो ।

***विस्थापनले निम्त्याएको गम्भीर मानवीय संकट***

परामर्श, विकल्प, र उचित पुनर्वास विना मध्यजाडो वा वर्षाको समयमा चलाइएका डोजरहरूले सुकुम्बासी बस्तीमा बहुआयामिक मानवीय संकट पैदा गरेका छन् ।

**क) आवासविहीनता र मानसिक आघात**

पुर्ख्यौली सम्पत्ति नभएका र दैनिक ज्याला-मजदुरी गरेर खाने परिवारका लागि आफ्नो आश्रयस्थल भत्किनु भनेको पहिचान र अस्तित्व नै गुम्नु हो । महानगरको बल प्रयोगका कारण बालबालिका, गर्भवती महिला, र वृद्धवृद्धाहरू खुल्ला आकाशमुनि रात बिताउन बाध्य भए, जसले गर्दा उनीहरूमा गम्भीर मानसिक त्रास र स्वास्थ्य समस्याहरू देखिएका छन् ।

**ख) बालबालिकाको शिक्षा र भविष्यमाथि प्रहार**

नदीकिनारका बस्तीहरू विस्थापित हुँदा त्यहाँका सयौँ बालबालिकाहरूको विद्यालय शिक्षा अवरुद्ध भएको छ । सहरको केन्द्रबाट टाढा वा विकल्पविहीन ठाउँमा लखेटिँदा उनीहरूले विद्यालय छोड्नुपर्ने (म्चयउ-यगत) स्थिति सिर्जना भएको छ, जसले गरिबीको दुश्चक्रलाई झन् बढाउँछ ।

**ग) श्रम सम्बन्ध र जीविकोपार्जनको अन्त्य**

शहरी सुकुम्बासीहरू काठमाडौँको अनौपचारिक श्रम बजारका मेरुदण्ड हुन् । उनीहरू घर निर्माण, सरसफाइ, ठेलागाडा व्यापार, र घरेलु कामदारका रूपमा कार्यरत छन् । उनीहरूलाई बस्तीबाट विस्थापित गर्दा उनीहरूको रोजगारीको क्षेत्र मात्र खोसिएन, सहरले सस्तो श्रम पाउन छोड्दा अनौपचारिक अर्थतन्त्रमा समेत धक्का पुग्यो ।

***३. नवउदारवादको संरचनात्मक हिंसा***

बालेन सरकारको यो कदम वास्तवमा जेन्ट्रिफिकेसनको प्रक्रिया हो, जसको अर्थ गरिब र निम्न वर्गलाई सहरको केन्द्रबाट धपेर त्यहाँ धनी र उच्च वर्गका लागि पूर्वाधार निर्माण गर्नु हो ।

**संरचनात्मक हिंसा (Qmructural Violence)**ः जब राज्यका नीति र स्थानीय सरकारका कदमहरूले समाजका सबैभन्दा कमजोर वर्गलाई प्राकृतिक स्रोत (जमिन) र आधारभूत आवश्यकताबाट वञ्चित गर्छन्, त्यो प्रत्यक्ष शारीरिक हिंसाभन्दा बढी खतरनाक संरचनात्मक हिंसा बन्न पुग्छ । सुकुम्बासीहरूलाई राज्यले जमिनको स्वामित्व नदिएर सधैँ 'अवैध' बनाइराख्नु र डोजर लगाएर विस्थापित गरिनु यही हिंसाको निरन्तरता हो ।

***नकारात्मक अन्तर्राष्ट्रिय अनुभव***

ब्राजिलको 'फावेला' विस्थापनः ब्राजिलले २०१४ को फिफा विश्वकप र २०१६ को ओलम्पिकका बेला 'सहरी सौन्दर्यीकरण'का नाममा रियो दि जेनेरियोका हजारौँ सुकुम्बासीहरूलाई बलपूर्वक विस्थापित गर्‍यो । परिणाम स्वरूप, विस्थापितहरू सहरभन्दा टाढाका दुर्गम क्षेत्रमा सर्न बाध्य भए, जहाँ बेरोजगारी र 'ड्रग्स माफिया'को सञ्जाल झन् बलियो बन्यो र सहरमा सुरक्षा संकट अझै गहिरियो ।

दक्षिण अफ्रिकाको 'एभिक्सन' नीतिः रंगभेदको अन्त्यपछि पनि दक्षिण अफ्रिकाले नवउदारवादी आर्थिक नीति अपनाउँदै सहरका केन्द्रहरूबाट सुकुम्बासीलाई डोजर लगाएर लखेट्ने नीति लियो। यसले गर्दा 'जोहानेसबर्ग' जस्ता सहरहरूमा चरम वर्ग-संघर्ष र हिंसात्मक आन्दोलनहरू आजसम्म पनि जारी छन् ।

***नेपालका लागि मुख्य पाठ***

अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ कि जबसम्म राज्य वा स्थानीय सरकार (जस्तै बालेन सरकार) ले भूमिलाई केवल 'बजारको वस्तु' मान्न छोडेर नागरिकको 'अधिकार'का रूपमा स्वीकार गर्दैनन्, तबसम्म बल प्रयोग गरेर सुकुम्बासी समस्या कहिल्यै हल हुँदैन । थाइल्याण्ड र कोलम्बियाले जस्तै बस्ती भत्काउने होइन, बस्तीलाई सहरसँग एकीकृत गर्ने (Integration, not Eviction) नीति नै दिगो निकास हो ।

## सिक्कामा...

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरूप्रसाद पौडेल अहिले सरकारले नयाँ डिजाइनको सिक्का छपाइका लागि स्वीकृति प्रदान गर्नुको अर्थ यसको डिजाइन परिवर्तन भएको छ भन्ने प्रष्ट हुने बताउँछन् । तर, मन्त्रिपरिषद्को निर्णयको जानकारी आइनसकेकोले यसमा के छ भन्ने आधिकारिक जानकारी राष्ट्र बैंकसँग नरहेको उनको भनाइ छ ।

स्रोतका अनुसार राष्ट्र बैंकले अहिले सिक्काको अघिल्लो भागमा रहेको नेपालको चुच्चे नक्साको सट्टा मुस्ताङमा सातौँ शताब्दीमा बनेको लो घ्याकर (घार) गुम्बाको चित्र अंकित गर्न लागिएको छ ।

मुस्ताङको मराङ गाउँमा अवस्थित यो गुम्बा नेपालकै सबैभन्दा पुरानो गुम्बा मानिन्छ । गुरु पद्मसम्भवले निर्माण गरेको अनुमान गरिएको यो गुम्बाको ऐतिहासिक महत्त्व भएकोले यसलाई सिक्कामा राख्न खोजिएको हो । यो राख्दा हाल रहेको नेपालको नक्सा स्वतः विस्थापन हुनेछ ।

संविधानमा रहेको नेपालको निशान छापमा उल्लेखित नक्सा परिवर्तन गरी लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र समेटिएको चुच्चे नक्सा उल्लेख भएसँगै २०७८ सालमा चुच्चे नक्सा भएको सिक्का सार्वजनिक गरिएको थियो । करिब पाँच वर्षपछि यो हट्ने भएको हो ।

गुम्बा ऐतिहासिक भए पनि यसको पुनर्निर्माणमा अमेरिकी सहयोग जोडिएपछि यसलाई फरक ढङ्गले हेरिएको छ । अमेरिकी दूतावासमार्फत सञ्चालित एम्बासडर्स फन्ड फर कल्चरल प्रिजर्भेसन कार्यक्रमअन्तर्गत गुम्बाको संरक्षण गरिएको थियो ।

प्रधानमन्त्री बालेन्द्र शाहले संसदमै सीमाका सम्बन्धमा विवादित अभिव्यक्ति दिएको र यसलाई सच्याउन समेत इन्कार गरिरहेको अवस्थामा चुच्चे नक्सालाई हटाएर अमेरिकी सहयोगमा सम्बर्द्धित गुम्बा अंकित गर्नुलाई भूराजनीतिसँग जोडेर विरोध भइरहेको छ ।

## रगतले...

पार्टीका केन्द्रीय सल्लाहकार किसान नेता भूमिस्वर कडेलको साथमा रहेको बताउदै महान सहिद परिवारलाई उच्च सम्मान व्यक्त गरे ।

कार्यक्रममा बोल्दै नेपाली कम्युनिष्ट पार्टी नेता कञ्चन खनालले सहिद शारदा श्रेष्ठको मुक्त कण्ठले सम्मान गर्दै क्रान्तिका बाँकी कार्यभार पूरा गर्नुपर्ने बताइन् ।

कार्यक्रममा बोल्दै प्रा डा जगदीश चन्द्र भण्डारीले मुख्य नेतृत्वले गद्दारी गरिरहेका बेला यो लक्ष्य र उद्देश्य पूरा गर्नुपर्ने माग जनताको आँगनमा उठेको तीतो सत्यलाई पूरा गर्न रगतले लेखीएको इतिहास किताब प्रकाशनले एक मार्ग निर्देशन दिने बताए ।

नेकपाका स्थायी समिति सदस्य वक्ता अनिल शर्मा विरहीले चितवनका सहिद परिवारलाई उचित व्यवस्थापन गर्नुपर्ने बताउदै जनताको पसिनाबाट नेता बनेकाबाट नै सहिदको अपमान भएको यथार्थलाई कसैले छिपाउन नसक्ने भन्दै किताब प्रकाशन ऐतिहासिक कोशेढुङ्गा हुने विश्वस्त रहेको मन्तव्य व्यक्त गरे।

कार्यक्रममा नेक्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पोलिटब्युरो सदस्य चन्द्रहरि सुवेदिले आफू ०६३ पुसमा चितवन जिल्ला सेक्रेटरी हुँदै गर्दा सहिद परिवारलाई सम्मान गरेको स्मरण गरे। सहिद परिवारलाई राज्यले उच्च सम्मान दिन नसकिरहेको अवस्था रहेको कटु यथार्थ बताउदै बदलिँदो परिस्थितिमा आफू क्रान्ति, सहिदको अधुरो सपना र परिवर्तनको संवाहक बन्न तयार रहेको स्पष्ट पारे।

प्रमुख वक्ता हिरामणि दुःखीले सहिद परिवारलाई क्रान्तिको मुक्ति शिखरको यात्रा जारी रहेको धारणा व्यक्त गर्दै सहिदले देखाएको बाटोमा अविचलित लाग्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमका अध्यक्ष बाबुराम पाण्डेले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्दै सहिद परिवारलाई सम्मान एवं किताब वितरण गरेर इतिहासको दस्तावेजीकरण गरेकोमा पचास जना लेखक एवं सम्पादक नारायण शर्मा विपिनलाई बधाई ज्ञापन गरेका थिए।

कार्यक्रममा सहिद परिवार र जिल्लाका कार्यकर्ताको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## सरकार...

२०८३ असार २९ गते मोर्चाको भर्चुअल बैठक बसी बैठकले गरेका निर्णयहरूलाई सार्वजनिक गर्न जारी गरेको प्रेस विज्ञप्ति जारी गरिएको हो । विज्ञप्तिको पूर्ण पाठ यसप्रकार छ -

राष्ट्रिय क्रान्तिकारी मोर्चामा आवद्ध घटकहरूको उपस्थिति रहेको अनलाइन बैठक मिति २०८३ आषाढ २९ गतेका दिन मोर्चाका संयोजक क. सन्तबहादुर नेपालीको अध्यक्षतामा बस्यो । बैठकले गरेका निर्णयलाई सार्वजनिक गर्न यो प्रेसविज्ञप्ति जारी गरिएको छ ।

१) गएको आषाढ २५ गते मुगुका एउटा पठाओ चालक युवक गणेश नेपाली आफ्नो मोटरबाइकलाई एक्कै छिन पार्किङ गरेको बेला काठमाडौं महानगरपालिका प्रहरीले ताला लगाई दश हजार जरिवानाको चिट थमाएकोले त्यो अन्याय सहन नसकी आत्मदाह गर्ने प्रयास गरे । उनको वीर अस्पतालमा उपचार हुन नसकी अल्पायुमै मृत्यु भयो । सरकारको जनविरोधी नीति र कानुनले गर्दा उनलाई आत्मदाह गर्न बाध्य पारिएको र उनको आश्रयमा रहेका जहान-परिवारको बिचल्ली भएको छ । मोर्चाको यस बैठकले यो अराजक, अधिनायकवादी र जनविरोधी वालेन सरकारको यस्ता असैह्य कानुन, जनविरोधी नीति र जनहत्यारा कुकर्मको घोर निन्दा र भत्सर्ना गर्दै जनतालाई जीविका चलाएर बाँच्न पनि नदिने क्रूर र आततायी चिन्तन, प्रवृत्ति र कुकृतिको कडा शब्दमा विरोध समेत गर्दछ । साथै राष्ट्रिय क्रान्तिकारी मोर्चाको यो बैठकले यस अपराधमा प्रत्यक्ष-अप्रत्यक्ष संलग्न दोषी उपर कडाभन्दा कडा कारबाही गर्न पनि जोडदार माग गर्दछ । पीडित परिवारका तर्फबाट क्षतिपूर्तिको माग राख्ने आफन्तजन र सर्वसाधारण नागरिकहरूलाई पनि बालेन सरकारले अमानवीय तरिकाले कुटपिट गर्ने र गिरफ्तार गर्ने जुन फासिष्ट हर्कत गरेको छ, त्यसको पनि मोर्चाले कडा शब्दमा तीव्र निन्दा, भर्त्सना, विरोध र भण्डाफोर गर्ने निर्णय समेत गरेको छ । मोर्चाको तर्फबाट हामी सरकारको यस जनहत्यारा कानुनलाई तत्काल खारेज गर्न र गणेश नेपालीको परिवारलाई अधिकतम क्षतिपूर्ति तत्काल प्रदान र गर्न उनमाथि आश्रित परिवारको स्थाई भरण पोषण र शिक्षादीक्षाको सुनिश्चितता गर्न जोडदार माग गर्दै यस्ता जनतामारा गतिविधिहरू दोहोरिन नदिने कुराको ग्यारेन्टी गर्न पनि माग गरेको छ ।

२) बैठकले नेपाल कम्युनिष्ट पार्टीका संस्थापक श्रद्धेय नेता क. पुष्पलालको आगामी श्रावण ७ गते ४८औं स्मृति दिवस पनि मोर्चाका तर्फबाट विशेष कार्यक्रमका साथ साम्राज्यवाद बिरोधी सम्पूर्ण देसभक्त, वामपन्थी र क्रान्तिकारी शक्ति र बौद्धिक व्यक्तित्वहरूको सहभागीतामा बृहत् विचार गोष्ठी गर्दै भव्यतापूर्वक सम्पन्न गर्ने ऐतिहासिक निर्णय समेत गरेको छ । देशमा रास्वपाको सरकार निर्माण भएपछि विश्व साम्राज्यवाद, विशेषतः अमेरिकी साम्राज्यवादद्वारा नेपालमा लगातार देस र जनविरोधी षडयन्त्रपूर्ण गतिविधि बढाउँदै गरेको र देश नवऔपनिवेशिक उत्पीडनको पाशोमा पर्दै र अझ कँसिदै गएको सन्दर्भमा क. पुष्पलालको स्मृति दिवसका सन्दर्भमा उहाँको राष्ट्रिय स्वाधीनताप्रतिका नीति र कृतिहरूलाई स्मरण, सम्मान र अवलम्बन गर्दै वर्तमान समस्याको सही समाधानको बाटो पहिल्याउने गरी एउटा वृहत अन्तकर्क्रयात्मक कार्यक्रम राख्ने र त्यसमा देशका राष्ट्रहित र जनहितमा संघर्षरत राजनीतिक शक्तिहरू, परराष्ट्रविद्हरू, सचेत नागरिक अगुवाहरू र प्रबुद्ध व्यक्तित्वहरूलाई समेत सहभागी गराउने महत्वपूर्ण निर्णय बैठकले लिएको छ ।

३) तिब्बतलाई टुक्र्याउन दशकौंदेखि लाग्दै आएका तिब्बती धर्मगुरु १४ औं दलाई लामाको ९१ औं जन्म दिवस काठमाडौंमा सरकारको सुरक्षामा मनाइएको र त्यसमा अमेरिकी, फ्रान्सीसी, अष्ट्रेलियन तथा यूरोपियन युनियनका कूटनीतिक नियोगका प्रतिनिधिहरू समेत उपस्थित रहेको कुराप्रति मोर्चाको गम्भीर ध्यानाकर्षण भएको छ । नेपाल राज्य र नेपाली जनताको सुमधुर मैत्री सम्बन्ध रहेको घनिष्ठ छिमेकी मित्रराष्ट्र चीनको आन्तरिक मामलामा दख्खल पुराएर उसलाई चिढ्याउने यस प्रकारको संवेदनशील र भयानक गतिविधिप्रति पनि मोर्चाको बैठकले गम्भीर चिन्ता ब्यक्त गरेको छ । दलाई लामाको नेतृत्वमा फ्री तिब्बत मुभमेन्ट गर्ने र नेपालको घोषित एक चीन नीति विपरीतका असल छिमेकी मित्रराष्ट्र चीनविरोधी गतिविधि गर्ने संघसंस्था र संगठनहरूलाई चीनको राष्ट्रिय अखण्डतामाथी आंच आउने यस्ता कार्यक्रम गर्न दिनुले सरकार एक चीन नीति विपरीत गइरहेको प्रष्ट छ । साथै यसले अमेरिकी साम्राज्यवादको चीनविरोधी गतिविधिलाई अब खुलमखुल्ला सहयोग गरेको पनि छर्लङ्ग देखिएकोछ । राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपाल पञ्चशील र असंलग्न परराष्ट्र नीति विपरीत गएर नेपाललाई युक्रेन बनाउने दिशामा धकेल्ने साम्राज्यवादको दलाल बालेन सरकारको यसप्रकारको सुनियोजित षडयन्त्रप्रति घोर आपत्ति प्रकट गर्दै सरकारलाई तटस्थ र स्वतन्त्र रहेर असंलग्न परराष्ट्र नीतिलाई लागू गर्न तथा विशेषतः छिमेकी देशहरू र अन्य शक्ति राष्ट्रहरूसँग अविलम्ब अनाक्रमण सन्धि गर्नका लागि समेत जोडदार माग गर्दछ ।

४) बालेन सरकारले सुकुम्बासीहरूलाई स्थायी बसोबासको व्यवस्था नगरी होल्डिङ सेन्टरबाट समेत हटाउन बल प्रयोग गरेकोप्रति पनि मोर्चाको विशेष ध्यानाकर्षण भएको छ । बैठकले उचित स्थानमा सुरक्षित र सुनिशिचत स्थायी बसोबासको व्यवस्था नगरी बलपूर्वक होल्डिङ सेन्टर खाली गराउन खोज्नुलाई सरकारको अमानवीय, क्रुर तथा दमनकारी व्यवहार ठहर गरेको छ । मोर्चाको यो बैठकले सुकुम्बासी नागरिकहरूको उचित स्थानमा स्थायी व्यवस्थापन नगरी यो वर्षायाममा सडकमा पुऱ्याउने काम कुनै हालतमा नगरियोस् र उनीहरूमाथि मानवोचित ब्यवहार गरियोस् भन्ने पुनः जोडदार माग गरेको छ । अन्यथा सम्पूर्ण परिणामको दोषी सरकार बन्नु पर्ने समेत बैठकले ठहर गरेको छ ।

## बालेन...

दुवै पक्षबिच बहस भएको थियो। मिडिया सोसाइटीका तर्फबाट वरिष्ठ अधिवक्ताहरू सतिशकृष्ण खरेल, रमेश बडाल, ललितबहादुर बस्नेत, दिनेश त्रिपाठीसहित अधिवक्ताहरू अनन्तराज लुईंटेल, विकास भट्टराई, कीर्तिनाथ शर्मा पौडेल, डा. प्रेमराज सिलवाल लगायतले बहस गरेका थिए । २०८२ चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सचिवस्तरीय निर्णय गर्दै संघीय सरकार, प्रदेश र स्थानीय तहका सबै सार्वजनिक सूचना एवं विज्ञापनहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन लगायतका सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने परिपत्र गरेको थियो ।

## शिक्षा...

उल्लेख गरिएको छ । वक्तव्य :

"राष्ट्रिय परीक्षा बोर्डले मिति २०८३ बैशाख १४-२७ गते सम्म सञ्चालन गरेको कक्षा १२ को परीक्षाको नतिजा विगतको समय भन्दा चाँडै ४० दिन भित्र मिति २०८३ असार ५ गते प्रकाशित गऱ्यो । उक्त नतिजामा विद्यार्थीले लेखेको अनुसार नम्बर प्राप्त नभएको भनि असन्तुष्टी जनाउँदै विगतको भन्दा धेरै विद्यार्थीले रिटोटलि□ गरिएको विषय सार्वजनिक भएको सर्वविदितै छ । समस्याका बाबजुत छिटो परीक्षाको नतिजा प्रकासित गरिनुलाई हाम्रो संगठनले सकारात्मक रूपमा लिएको छ । नतिजा प्रकाशनमा भएका कमी कम्जोरीहरूलाई सम्बन्धीत निकायले आत्मसात गरी सच्याउँदै आगामी दिनमा यसप्रकारको कमजोरी दोहोरिन नदिन विशेष भूमिका खेलिनु पर्दछ ।

परीक्षाको नतिजा प्रकासित भएको यति दिन बितिसक्दा पनि सम्बन्धित निकाय विचको समन्वयको अभावले हजारौं प्राविधिक क्षेत्रका विद्यार्थीको भविष्य अन्योलमा परेको छ । कक्षा १२ मा बाली विज्ञान, पशु विज्ञान, कम्प्युटर साइन्स, सिभिल इन्जिनियरिङ धारका करीब १० हजार विद्यार्थीको ओजीटी (अन द जव ट्रेनिङ) सकाउन अझै केही महिना लाग्ने भएको हुदा विद्यार्थीले ट्रान्सक्रिप्ट र प्रोभिजनल सर्टिफिकेट प्राप्त गर्न केही महिना लाग्ने भएको कारण प्राविधिक विषयमा स्नातक अध्ययन गर्न बाट बञ्चित हुनु पर्ने परिस्थिति सृजना भएको छ । त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थानले प्रवेश परीक्षा बोर्डको सूचना जारी गरी श्रावण १ गते सम्म अनलाइन फारम भर्न सकिने, श्रावण ११ गते प्रवेश परीक्षा सञ्चालन गरिने र असोज १ गते बाट कक्षा सञ्चालन हुने भनिएको परिस्थितिमा ओजीटी गरिरहेका विद्यार्थीहरूले स्नातक अध्ययन गर्न पाउने हकको ग्यारेन्टी गर्न सम्बन्धीत निकायलाई हाम्रो संगठन माग गर्दछ ।

नेपालको संविधान २०७२ को धारा ३१ शिक्षा सम्बन्धी हकको विरुद्ध 'शिक्षा समता शुल्क' का नाममा निजी विद्यालयका विद्यार्थीहरूबाट आर्थिक वर्ष २०८३/०८४ मा ३% कर लिने निर्णय गर्नुका साथै सामुदायिक विद्यालयहरूमा 'अभिभावक सहयोग' का नाममा विद्यार्थीहरूबाट चर्को शुल्क असुल गर्ने निति लिँदा गरिब, किसान, मजदुर, उत्पीडित नेपाली जनताका छोराछोरी शिक्षा लिने अवसरबाट वञ्चित हुने परिस्थिति सृजना भएको हुदा नेपाल सरकारको यस प्रकारको नीतिको हाम्रो संगठन घोर विरोध र भत्सर्ना गर्दछ । नेपाल सरकार समक्ष हाम्रो संगठन नेपालको संविधान २०७२ को धारा ३१ शिक्षा सम्बन्धी हकको कार्यान्वयन गर्न जोडदार माग गर्दछ ।

तत्काल हाम्रो माग पुरा नगरिए हाम्रो संगठन संघर्ष गर्न बाध्य हुने समेत यसै वक्तव्य मार्फत जानकारी गराउन चाहान्छौं । "

## राष्ट्रघात...

महानगरले निर्ममतापूर्वक खोसेको छ । नगर प्रहरीले सामान सडकमै फालिदिने र ठेलाहरू जफत गरेर फिर्ता नगर्ने नीतिले गर्दा कयौँ सुकुम्बासी र न्यून आय भएका परिवारको बिहान-बेलुकीको चुल्हो बलेको छैन । वैकल्पिक व्यवस्था नै नगरी बल प्रयोग गरेर लखेट्नु "जनविरोधी क्रियाकलाप" को पराकाष्ठा भएको पीडितहरूको आरोप छ ।

रैथाने साना व्यापारी र फुटपाथमा आश्रित वर्गलाई शत्रुवत् व्यवहार गर्दा काठमाडौँको रैथाने र अनौपचारिक अर्थतन्त्र धराशायी हुने पुगेको पीडितहरूको गुनासो छ ।

***२ सुकुम्बासीमाथिको फासिवादी क्रूरता***

संविधान र कानुन, अनि अदालतको आदेशको नजिरले समेत विना विकल्प सुकुम्बासीहरूलाई उठिबास लगाउन नपाइने अर्थात् नागरिकको सम्पत्ति, आवास र भूमिको अधिकार संविधानले ग्यारेन्टी गरेको छ । सोही अनुसार भूमि ऐन र कानुनहरू बनेका छन् । तर राज्यले संविधान, ऐन, कानुन कुल्चदै जंगी शैलीमा गरिब सुकुम्बासीहरूलाई राज्यशक्तिको चरम दुरूपयोग गर्दै बेघरबार बनायो । घर भत्काइदिएपछि २० औं हजार सुकुम्बासीहरूमा मानवीय संकट पैदा भयो । सुकुम्बासीहरूको रुवाबासी चल्यो । यहाँसम्म कि १५ दिनभित्र स्थायी व्यवस्थापन गर्छु भनेर घर भत्काइदिएर होल्डिङ सेन्टरमा लगेको सरकारले ३ महिनासम्म कुनै विकल्प दिन सकेन । बरु उल्टो उसले पाँच दिने अल्मिटमसहित होल्डिङ सेन्टर पनि छाड्न उर्दी गऱ्यो । यतिसम्म अमानवीय अत्याचार गरियो कि विना विकल्प होल्डिङ सेन्टर छाड्न नमानेका नागरिकहरूलाई पानी र खाना समेत दिइएन । भोकभोकै थाल ठटाएर, रोइकराइ गरेपछि, अझ कीर्तिपुर होल्डिङ सेन्टर त पुरै डुवानमा परेपछि उद्दारका लागि गएका नागरिक अभियन्ताहरूमाथि राज्यले क्रूरतापूर्वक दमन समेत गऱ्यो । पीडितहरूको चर्को विरोध र विद्रोहपछि केहीलाई अन्यत्र सारिएपनि धेरैजसोलाई ३५ हजार दिएर होल्डिङ सेन्टरबाट लेखेट्ने काम भयो ।

संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चा, क्रान्तिकारी सुकुम्बासी संघ लगायतका संगठनका नेताहरूका अनुसार बालेन्द्र सरकारले काठमाडौंका सुकुम्बासीहरूलाई वैकल्पिक व्यवस्थापन गर्ने भन्दा पनि अझ उनीहरूमाथि थप अत्याचार गर्ने षड्यन्त्र भइरहेको छ । भूमि समस्या समाधान समितिले विगतको आयोगले गरेको कामलाई आधार मानेर स्थानीय पालिकामार्फत् संकलित लगतको आधारमा र भूमि ऐनले गरेको व्यवस्था अनुसार सुकुम्बासीहरूलाई जग्गा दिने भनेको छ भने प्रधानमन्त्री कार्यालय, उपत्यका विकास प्राधिकरण, अधिकारसम्पन्न बागमती सभ्यता लगायतले भने विस्थापित सुकुम्बासीहरूको लगतलाई भूमि ऐन अन्तर्गत भूमि समस्या समाधान समितिमा जानबाट रोक्ने र विभिन्न भुठा आश्वासन दिएर उनीहरूलाई स्थायी रूपमै उपत्यकाबाट लखेट्ने षड्यन्त्र गरिरहेको छ । र, त्यसैको प्रारम्भिक कडीको रूपमा १४ जनालाई जहाँबाट नागरिकता लिएको हो, त्यहीको स्थानीय तहले उनीहरूको व्यवस्थापन गर्ने भन्दै तततत् स्थानीय तहको सम्पर्कमा जान उनीहरूलाई उर्दी जारी गरेको छ । यसबाट पनि स्पष्ट हुन्छ कि सरकार भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने पक्षमा छैन । सुकुम्बासीहरूलाई मरता तो क्या नइ करता भन्ने अवस्थातिर धकेलिरहेको छ ।

***३ श्रमजीवी वर्गको आत्मदाहको डरलाग्दो अवस्था***

असार २५ गते काठमाडौँको त्रिपुरेश्वरमा आत्मदाह गरेका मुगुका गणेश नेपाली हुन् वा असार २६ गते सर्लाहीका विवेक मण्डल, अथवा त्यसको भोलिपल्ट काठमाडौँको बुद्धनगरमा आश्विन राउत- तीनै जनाले अन्ततः ज्यान गुमाए । किनभने शरीरमा आगो बल्नुअघि उनीहरूको यो सरकार र राज्यप्रतिको आशा मनभित्र धेरै अघिदेखि निभिसकेको थियो ।

केही दिनको अन्तरालमा भएका यी आत्मदाहका त्रासदीपूर्ण प्रतिनिधि घटनाहरूलाई केवल व्यक्तिगत मनोवैज्ञानिक समस्याका कारण भएको हो भनेर पन्छाउन सकिँदैन, मिल्दैन । यदि त्यस्तो मात्र हुन्थ्यो भने उच्च शिक्षा हासिल गरेका, सामाजिक रूपमा सक्रिय, आर्थिक रूपमा मध्यम अवस्था भएका र बाहिरबाट सामान्य देखिने व्यक्तिहरू किन आत्महत्याको सिकार हुन्थे ?

सरकारी तथ्याङ्क अनुसार दैनिक औसत २० नेपालीले आत्महत्या गरिरहेका छन्, जुन हाम्रो समाजका लागि गम्भीर चिन्ताको विषय हो । अझ गम्भीर पक्ष के हो भने यसमा युवाहरूको सहभागिता उल्लेखनीय रूपमा बढी छ ।

बेरोजगारी, आकासिँदो महँगी, भ्रष्टाचार, राजनीतिक अस्थिरता र सार्वजनिक संस्थाहरूप्रति घट्दो भरोसाले धेरै युवाहरूमा भोलिप्रतिको उनीहरूको 'आशा' कमजोर बनाउँदै लगेको छ । आज धेरै युवाहरूमा 'आशाको संकट' देखिन्छ ।

जब राज्यले आफ्ना नागरिकलाई सुरक्षा, अवसर, न्याय र आशाको अनुभूति दिलाउन असफल हुन्छ, तब नागरिक र राज्यबीचको विश्वासको आधार खस्किन थाल्छ । यसको प्रभाव व्यक्तिको मानसिक स्वास्थ्य, आत्मविश्वास र जीवनप्रतिको दृष्टिकोणमा पर्न सक्छ। गणेश नेपाली, विवेक मण्डल र आश्विन राउतका घटनाहरूले पनि हाम्रो समाज, राज्य र नागरिकबीचको यही कमजोर बन्दै गएको सम्बन्धतर्फ गम्भीर प्रश्न उठाउँछन् । यो भनेको अन्ततः राज्यको असफलता हो । र, नागरिकले गर्ने आत्महत्या भनेको बालेन सरकारको असफलता र अविश्वासको पराकाष्ठा हो । यो निराशा आक्रोशमा परिणत भएको दिन बालेन शासन अन्त्य हुनेछ । र, नयाँ जनविद्रोहको जगमा नयाँ जनमुखी सरकार र व्यवस्थाको निर्माण हुनेछ ।

# आलोपालो

## नवउदारवादी आर्थिक नीति र जबर्जस्त विस्थापित नेपालका भूमिहीन सुकुम्बासी

२००७ सालको राजनीतिक परिवर्तन, २०२१ सालको भूमिसुधार, २०५२ सालमा सुरु भएको महान नेपाली जनयुद्ध र २०६२/६३ को ऐतिहासिक जनआन्दोलन–यी सबैका पछाडि 'जसको जोत, उसको पोत' (अर्थात् भूमिमा किसानको अधिकार) को नारा सबैभन्दा बलियो वैचारिक जग थियो। तर विडम्बना, नेपालमा बहुदलीय प्रजातन्त्रको पुनर्बहाली (२०४७) पछि भित्रिएको नवउदारवादी आर्थिक नीति (पुँजीवादी साम्राज्यवादी अर्थनीति) र यसले निम्त्याएको बजारमुखी पूँजीवादले भूमि र सुकुम्बासी समस्यालाई थप जटिल, अमानवीय र संकटग्रस्त बनाइदिएको छ। यो आलेख यसै विषयमा केन्द्रित छ।

*१. नवउदारवाद र नेपालमा यसको प्रवेश*

नवउदारवाद एक यस्तो आर्थिक दर्शन हो, जसले आर्थिक गतिविधिमा राज्यको हस्तक्षेप कटौती, निजीकरण, उदारीकरण, र खुल्ला बजारलाई जोड दिन्छ। यस नीतिले भूमिलाई सामाजिक न्याय वा जीविकोपार्जनको माध्यम नमानेर एक 'खरिद-बिक्री गरिने वस्तु'को रूपमा हेर्छ।

नेपालमा २०४८ सालको जननिर्वाचित सरकारले विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको संरचनात्मक समायोजन कार्यक्रम अन्तर्गत यस नीतिलाई तीव्र गतिमा अंगीकार गऱ्यो।

*२. नवउदारवादले सुकुम्बासी समस्या कसरी बल्झायो ?*

नवउदारवादी आर्थिक मोडेलले नेपालको परम्परागत भूमिसम्बन्ध र भूमिहीन वर्गमाथि निम्नलिखित गम्भीर प्रभाव पारेको छ :

**क) भूमिको 'कमोडिफिकेसन' र घरजग्गाको अनियन्त्रित मूल्यवृद्धि**

नवउदारवादले भूमिलाई पूँजी आर्जन र नाफा कमाउने सबैभन्दा सुरक्षित क्षेत्र बनाइदियो। कृषि योग्य जमिनलाई प्लटिङ गरेर घडेरीमा परिणत गरियो। नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार विगतका दशकहरूमा नेपालमा रियल इस्टेट र घरजग्गाको मूल्य अस्वाभाविक रूपमा (बुलबुले गतिमा) बढेको छ। यसले गर्दा आर्थिक रूपमा विपन्न र श्रमजीवी वर्गका लागि कानुनी रूपमा एक टुक्रा जमिन किन्नु असम्भवप्रायः बनेको छ। परिणामस्वरूप, शहरका नदीकिनार र सार्वजनिक जग्गामा आश्रय लिने 'शहरी सुकुम्बासी'को संख्या ह्वात्तै बढेको छ।

**ख) कृषि क्षेत्रको उपेक्षा र ग्रामीण विस्थापन**

नवउदारवादी नीतिले कृषिमा दिइँदै आएको सरकारी अनुदान (क्गदकष्मथ) कटौती गऱ्यो र बजारलाई खुला छोडिदियो। यसले गर्दा साना र गरिब किसानहरूले विदेशी सस्तो उत्पादनसँग प्रतिस्पर्धा गर्न सकेनन् र उनीहरू ऋणको दलदलमा फसे।

कृषि उत्पादनले लागतसमेत नउठाएपछि लाखौँ साना किसानहरूले आफ्नो थातथलो छोड्नुपऱ्यो। राष्ट्रिय भूमि आयोगको एक तथ्याङ्क अनुसार नेपालमा करिब २५ प्रतिशत जनसंख्या भूमिहीन वा सीमान्तकृत अवस्थामा छन्, जसको ठूलो हिस्सा ग्रामीण क्षेत्रबाट विस्थापित भएर सुकुम्बासी बन्न पुगेका हुन्।

**ग) राज्यको कल्याणकारी भूमिकामा संकुचन र उच्छेद (Eviction) को नीति**

नवउदारवादले राज्यलाई केवल एक 'सहजीकर्ता' को रूपमा सीमित गर्छ, जसको मुख्य काम कर्पोरेट र निजी हितको संरक्षण गर्नु हो। यसैको आडमा राज्यले सुकुम्बासीहरूलाई सामाजिक सुरक्षा र उचित पुनर्वास दिनुको सट्टा 'अतिक्रमणकारी' को बिल्ला भिराएर डोजर चलाउने नीति (जस्तैः काठमाडौँको बागमती किनाराका सुकुम्बासी बस्तीहरूमा गरिएका प्रयास) लिने गर्छ।

*३. राजनीतिक संरक्षण र सुकुम्बासी आन्दोलनको विचलन*

नेपालमा राष्ट्रिय भूमि आयोग, सुकुम्बासी समस्या समाधान आयोग जस्ता संयन्त्रहरू दर्जनौँ पटक बने। हालसम्म १.२ मिलियन (१२ लाखभन्दा बढी) *बाँकी ७ पेजमा*


## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौ

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगका जोखिम घटाऔं,

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## आत्महत्या नगर्न अखिल भारत नेपाली एकता समाजको अपील

चेन्नई। अखिल भारत नेपाली एकता समाजले आत्महत्या नगर्न सबैमा अपील गरेको छ। नौदुर्गा गाउपालिका वार्ड ४, सुवाकोट, डडेलधुरा जिल्ला निवासी शेर बहादुर भुलको ४५ वर्षीय छोरा मान बहादुर भुलले आत्महत्या गरेको सन्दर्भमा समाजका महासचिव महेन्द्र वस्यालले सो कुरा बताउनु भएको हो। आत्म हत्या गरेकोमा भुलका परिवारजमा समवेदना प्रकट गर्दै महासचिवले आत्महत्या समस्याको समाधान नभइ कायरतापूर्ण कार्य भएको पनि बताउनु भएको छ।विदेशको ठाउमा ससाना बालबच्चा छोडेर मुख्य मान्छेले आत्महत्या गर्नु भनेको अत्यन्तै अपरिपक्वता र परिवार प्रतिको धोका भएको महासचिवले जनाउनु भएको छ।

भूलले १४ जुलाई २०२६ का दिन चेन्नईको पुर्सावाक्कम नजिकै एक बिल्डिंगको छतमा आत्महत्या गर्नु भएको थियो। निज मान बहादुर भुल परिवार सहित त्यस ठाउमा करिब ६ महिना देखि चौकिदार काम गर्दै आउनु भएको रहेछ। वहाँको परिवार श्रीमती, २ छोरी र १ छोरा छन्।

## संसदीय...

संसदीय व्यवस्थाको विकल्पको रूपमा समाजवादी व्यवस्थाको अवधारणा अगाडि आयो। समाजवादी व्यवस्थाका प्रवर्तकहरू हेनरी डे सेन्ट सिमोन (सन् १७६०–१८२५), चार्ल्स फुरियर (सन् १७७२–१८३६) र रोवर्ट ओवेन (सन् १७७१–१८५८)हरू थिए। उनीहरूले पुँजीवादी संसदीय व्यवस्थाको विकल्पमा समाजवादी व्यवस्था अगाडि सारेका थिए। तर उनीहरूले अगाडि सारेको समाजवादी व्यवस्था आदर्शवादी थियो र त्यो व्यवहारिक थिएन। त्यसैले यसलाई काल्पनिक समाजवाद भनियो।

सन् १८४८ मा मार्क्स र एंगेल्सले कम्युनिस्ट लीगको तर्फबाट कम्युनिस्ट घोषणा पत्र तयार पार्नुभयो। त्यो घोषणा पत्रले काल्पनिक समाजवादको ठाउँमा वैज्ञानिक समाजवाद अगाडि साऱ्यो। यसरी आजभन्दा १७८ वर्ष पहिले नै मार्क्स र एंजेल्सले संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था अगाडि सार्नु भएको थियो। संसदीय व्यवस्थाले पुँजीपति वर्गलगायत शोषक वर्गको स्वार्थको हितमा काम गर्दछ भने वैज्ञानिक समाजवादी व्यवस्थाले सर्वहारा वर्गलगायत आम श्रमिक जनताको स्वार्थको पक्षमा काम गर्दछ।

संसदीय व्यवस्थाको चरित्रको विषयमा मार्क्सले लेख्नु भएको थियो "सत्तासीन वर्गको कुन चाहिँ सदस्यले संसदमा गएर जनताको प्रतिनिधित्व र दमन गर्ने हो भन्ने प्रश्नको निर्णय तीन अथवा ६ वर्षमा एकपल्ट लिनुको सट्टा सार्विक मताधिकारले कम्युनहरूमा संगठित जनताको सेवा त्यसै किसिमले गर्ने थियो जबकि व्यक्तिगत मताधिकारले आफ्नो कारोबारको निंति मजदुरहरू, ज्यामी नाइकेहरू या बहिदारहरूको खोजी गर्ने प्रत्येक रोजगारदाताको सेवा गर्दछ।" (लेनिन संकलित रचना नेपालीमा ८ भाग मध्ये भाग ४ राज्य र क्रान्ति पृष्ठ ५५)। यहाँ मार्क्सले संसदीय व्यवस्था भनेको सत्तासीन वर्गको कुनचाहिँ सदस्यले ३ अथवा ६ वर्षमा संसदमा गएर जनताको प्रतिनिधित्व र दमन गर्ने व्यवस्था हो भन्नु भएको छ। यस संसदीय व्यवस्थाको बारेमा एंजेल्सले भन्नु भएको थियो "प्रजातान्त्रिक गणतन्त्रमा धन सम्पतिले अप्रत्यक्ष रूपमा तर बढि भरपर्दो ढंगले आफ्नो सत्ताको प्रयोग गर्दछ" अर्थात् प्रथमतः 'पदाधिकारीहरूलाई सोझै घुस खुवाएर किन्ने' माध्यमले (अमेरिका), र द्वितीय :'सरकार तथा शेयर बजारको बीचको गठबन्धनको' माध्यमले (फ्रान्स र अमेरिका) (उही पृष्ठ २०) यहाँ एंजेल्सले जुन 'प्रजातान्त्रिक गणतन्त्र' भन्नु भएको छ, त्यो भनेको संसदीय व्यवस्थालाई हो। संसदीय व्यवस्थामा पदाधिकारीलाई सोझै घुस खुवाएर किन्ने र सरकार तथा शेयर बजार बीचको गठबन्धनबाट पुँजीपति वर्गले अप्रत्यक्ष रूपमा तर बढि भरपर्दो तरिकाले आफ्नो सत्ता चलाउने व्यवस्था हो भनेर एंजेल्सले भन्नु भएको थियो।

मार्क्स र एंजेल्सले भनेको यस विषयलाई अरु प्रष्ट पार्दै आज भन्दा ११८ वर्ष पहिले सन् १९१७ मा लेनिनले लेख्नु भएको थियो। "मात्र संसदीय संवैधानिक राजतन्त्रहरूमा होइन, अपितु सबभन्दा प्रजातान्त्रिक गणतन्त्रहरूमा समेत सत्तारुढ वर्गको कुनचाहिँ सदस्यले संसदमा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एक पल्ट निर्णय लिनु नै पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार हो।" (उही पेज १५६) यहाँ लेनिनले संसदीय व्यवस्थाको मुख्य सार भनेको सत्तारुढ वर्गको कुनचाहिँ सदस्यले संसदमा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एकपल्ट निर्णय लिने व्यवस्था हो भनेर भन्नु भएको थियो। संसदीय व्यवस्थाको बारेमा अरु प्रष्ट पार्दै लेनिनले भन्नु भएको थियो "अमेरिकादेखि स्वीजरल्याण्डसम्म, फ्रान्सदेखि इङ्गल्याण्ड, नर्वे र अन्य देशहरूसम्म संसदीय व्यवस्था भएको जुनसुकै मुलुकमा पनि नजर लगाउनुहोस – वास्तविक 'राजकीय' कार्य त पर्दा पछाडि हुन्छ र विभिन्न विभागहरू, कार्यालयहरू र अड्डाखानाहरूले त्यो कार्य पुरा गर्दछन्। संसदहरूमा चाहिँ 'सर्वसाधारण जनताको' आँखामा छारो हाल्ने विशेष उद्देश्य राखेर खाली गफ मात्र हाँकिन्छ।" (उही पृष्ठ ५७) यहाँ लेनिनले के कुरा प्रष्ट पार्नु भएको छ भने राजकीय काम गर्दा पछाडि अन्यत्रबाटै हुन्छ। संसदमा चाहिँ सर्वसाधारण जनताको आँखामा छारो हाल्ने विशेष उद्देश्य राखेर गफ मात्रै हाँकिन्छ। त्यसैले संसद खाली गफ गर्ने ठाउँ हो। माओले संसदलाई खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने ठाउँ हो भन्नु भएको थियो। आज संसारभरी र नेपालको अनुभवले पनि के पुष्टि गरिरहेको छ भने संसदीय व्यवस्थामा आम सर्वसाधारण जनताको हितको बारेमा कुरा गरिन्छ तर वास्तविक हित पुँजीपति वर्गको गर्दछ। मार्क्स, एंजेल्स र लेनिनका उपरोक्त भनाइहरूलाई व्यवहारले सही प्रमाणित गर्दै आएको छ।

नेपालमा संसदीय व्यवस्थाको अभ्यास भएको लामो इतिहास छैन। यहाँ संसदीय व्यवस्था पहिलो पटक विस २०१५ (सन् १९५९)मा लागू भएको थियो। तर २ वर्षपछि विस २०१७ सालमा राजा महेन्द्रले संसदीय व्यवस्थालाई अपदस्त गरेर निर्दलीय पंचायती व्यवस्था लागू गरे। विस ०४५/४५ को जनआन्दोलनले निर्दलीय पंचायती व्यवस्थालाई हटाएर संसदीय व्यवस्थाको पुर्नस्थापना गऱ्यो। त्यस वेलादेखि अहिलेसम्म र विस २०१५ देखि ०१७ सालसम्मको २ वर्षको अवधि जोड्दा नेपालमा संसदीय व्यवस्था लागू भएको जम्मा ३९ वर्ष भएको छ। संसदीय व्यवस्थाको लामो इतिहासको तुलनामा यो अवधि भनेको अत्यन्तै छोटो अवधि हो तर यो छोटो अवधिमा पनि संसदीय व्यवस्थाको विशेषताहरू उदाङ्गो भएको छ। संसदको हरेक चुनावमा सर्वसाधारण जनताको हितमा काम गर्दछौँ भनेर राजनीतिक पार्टीहरू र तिनका उम्मेदवारहरूले जनताका अगाडि बाचा गरे। संसदमा निकै चर्का चर्का भाषणहरू दिए। तर ती सबै कुरा जनताको आँखामा छारो हाल्न गरिएका प्रयत्नहरू मात्र थिए। आखिर व्यवहारमा के भयो ? यो संसदीय व्यवस्था लागू भएपछि नेपालमा किसान र मजदुरहरूको जीवनमा कुनै सुधार आएन। उनीहरूको जीवन स्तर झनपछि झन कष्टकर बन्दै गयो। यहाँ मुठ्ठीभर मान्छेहरू धनी बन्दै गए। केही मुठ्ठीभर व्यक्तिहरूमा धन सम्पति केन्द्रीकरण हुँदै गएको छ। आम श्रमिक जनताहरू झनपछि झन गरिब बन्दै गएका छन्। धनी र गरिब बीचको खाडल अरु बढ्दै गएको छ। भ्रष्टाचारले संस्थागत रूप लिँदै गयो। बेरोजगार बढ्दै गयो। आज रोजगारीको लागि नेपालको जनसंख्याको ठुलो हिस्सा संसारका विभिन्न मुलुकहरूमा भौतारिरहेको छ। जनताले तिर्ने करको दायरा बढ्दै गएको छ। महँगी आकासिएको छ। नेपालमा श्रमजीवी जनताको जीवन दिनप्रति दिन कष्टकर बन्दै गएको छ। विस ०४६ सालदेखि अहिलेसम्म (संसदीय व्यवस्था लागू भएको अवधि)को अनुभवले के कुरा प्रष्ट पारेको छ भने यो संसदीय व्यवस्था भनेको मजदुर किसानलगायत आम श्रमिक जनताको हित गर्ने अवस्था होइन। यो मुठ्ठीभर शोषक वर्गको हित गर्ने व्यवस्था हो। त्यसैले ०४६ सालदेखि ०८२ सालसम्म पटक पटक संसदको चुनाव भयो। तर व्यवहारमा के भयो भने मजदुर, किसानलगायत आम श्रमिक जनताको जीवनस्तर अरु कष्टकर बन्दै गयो। यसबाट के प्रष्ट हुन्छ भने यो अवधिमा केही वर्षको बीचमा एक पटक गरिने संसदको चुनाव लेनिनले भने झैं 'सत्तारुढ वर्गको कुनचाहिँ सदस्यले संसदमा गएर जनताको दमन र उत्पीडन गर्ने भन्ने प्रश्नमा निर्णय लिने' कुरा नै भयो।

विस ०८२ साल भदौ २३ र २४ मा जेनजी "विद्रोह" भयो। त्यो विद्रोहको परिणाम स्वरूप तत्कालिन संसद विघटन गरियो, संसदीय व्यवस्था विघटन गरिएन। नयाँ संसदको लागि विस ०८२ फागुण २१ गते चुनाव भयो। यो चुनावमा संसदमा भएको पुराना सत्तासीन ठुला राजनीतिक दल र प्रतिपक्ष दल नेका, एमाले र नेकपा (प्रचण्ड)हरूले मुलतः पराजय भोगे भने नयाँ राष्ट्रिय स्वतन्त्र पार्टीले करिब दुईतिहाई सिटमा विजय प्राप्त गऱ्यो। सर्वसाधारण जनतालाई अब यो नयाँ पार्टीले आम श्रमिक जनताको पक्षमा केही काम गर्छ कि भन्ने भ्रम परिरहेको छ। वास्तविकता त्यस्तो हुँदैन। संसदीय व्यवस्था नै शोषक वर्गको पक्षपोषण गर्ने व्यवस्था भएकोले कुनै पार्टी वा मान्छेको फेरबदलले आधारभूत रूपमा कुनै फरक पर्दैन। जस्तो लेनिनले भनेका थिए "प्रजातान्त्रिक गणतन्त्र पुँजीवादको निमित्त सबभन्दा उत्कृष्ट राजनीतिक खोल हो। तसर्थ पुँजीले यस सर्वश्रेष्ठ खोलमा अधिकार जमाएर यति भरपर्दो र विश्वासिलो रूपमा आफ्नो सत्ता कायम गर्दछ कि पुँजीवादी प्रजातान्त्रिक गणतन्त्रमा कुनै व्यक्ति, कुनै संख्या वा कुनै पार्टीको कुनै पनि हेरफेरले यस सत्तालाई डावाडोल गर्न सक्दैन।" (उही पृष्ठ २१) यस भनाइबाट के प्रष्ट हुन्छ भने रास्वपाको दुईतिहाई बहुमतले नेपाली श्रमिक जनताको हितमा कुनै काम गर्दैन र गर्न पनि चाहँदैन। बरु यो दुईतिहाई बहुमत जनताको अन्तरविरोधलाई हल गर्न नसकेपछि फासिवादी दिशातिर अगाडि बढ्नेछ।

रास्वपाका मन्त्रीहरूको सम्पति सार्वजनिक गरेपछि के कुरा प्रष्ट भएको छ भने संसदमा पुराना धनाध्यहरूको ठाउँमा नयाँ धनाध्यहरू आएका छन्। नयाँ धनाध्य मात्र होइन यिनीहरूले दलाल पुँजीपति वर्गको प्रतिनिधित्व गर्दछन् र साम्राज्यवादी शक्तिको पक्का दलाली गर्दैछन्। त्यसैले यो सरकार साम्राज्यवादी शक्तिहरूको कठपुतली सरकार हो। यस्तो सरकारले नेपालका मजदुर, किसानलगायत आम श्रमिक जनताको हितमा काम गर्दैन बरु साम्राज्यवादको दलाली गर्ने र दलाल तथा नोकरशाही पुँजीपति वर्गको स्वार्थको हितमा काम गर्ने कुरा निश्चित छ।

मजदुर, किसानलगायत आम श्रमिक जनताको हितमा काम गर्ने व्यवस्था कुन हो ? र त्यो कसरी प्राप्त हुन्छ ? यो प्रश्नको प्रष्ट र सिधा उत्तर हो – वैज्ञानिक समाजवाद नै त्यस्तो व्यवस्था हो, जसले तमाम सर्वहारा, मजदुर, किसानलगायत आम श्रमिक जनताको हितमा काम गर्दछ। यो व्यवस्था क्रान्तिबाट मात्र स्थापना गर्न सकिन्छ। नेपालको सामाजिक आर्थिक अवस्थाका कारणले अर्थात् उत्पादन प्रणालीको विकासको आधारमा यहाँ नयाँ जनवादी क्रान्तिको खुड्किलो पार गरेर मात्र वैज्ञानिक समाजवाद स्थापना गर्न सकिन्छ। नयाँ जनवादी क्रान्ति भनेको सर्वहारा वर्गको नेतृत्व र मजदुर तथा किसानको अधिनायकत्व भएको व्यवस्था हो। यसको सम्बन्ध वैज्ञानिक समाजवादसँग हुन्छ। अर्थात् वैज्ञानिक समाजवादको पहिलो संक्रमणकालिन अवस्था हो। त्यसैले नेपालका मजदुर, किसानलगायत आम श्रमिक जनताले यहि संसदीय व्यवस्थालाई टिकाई राख्ने होइन कि यसलाई ध्वस्त पारेर नयाँ जनवादी क्रान्तिको खुड्किलो पार गर्दै वैज्ञानिक समाजवाद स्थापनाको राजनीतिक कार्यदिशा अपनाउनु पर्छ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।